संग्रह–२८

क्रम संख्या–४२

बुद्धकालीन ब्रह्मादिदेव

[भाग–३]

आचार्य

भिक्षु अमृतानन्द

२०४२

नेरु. १४/-

लेखकका पुस्तकहरू—

(नेपाल भाषामा)

१. अग्रश्रावक
२. आर्यसत्य (द्वितीयावृत्ति)
३. कर्मविभाग
४. गृही-विनय (चतुर्थावृत्ति)
५. जातकमाला भाग–१ (तृतीयावृत्ति)
६. जातकमाला भाग–२ (द्वितीयावृत्ति)
७. त्रिरत्नवन्दना
८. धम्मपद (द्वितीयावृत्ति)
९. धर्म व विनय
१०. धम्मपदट्ठकथा (द्वितीयावृत्ति)
११. प्रजापति गौतमी (द्वितीयावृत्ति)
१२. पाठ्यसूत्र
१३. बौद्धकहानी
१४. बुद्धशासनया इतिहास
१५. बुद्धजीवनी (तृतीयावृत्ति)
१६. महास्वप्नजातक (द्वितीयावृत्ति)
१७. विश्वन्तरजातक (द्वितीयावृत्ति)
१८. सर्वज्ञधातु
१९. सूत्रसंग्रह
२०. ज्ञानमाला भजन

संग्रह–२८

क्रम संख्या–४२

बुद्धकालीन ब्रह्मादिदेव

[भाग – ३]

आचार्य

भिक्षु अमृतानन्द

२०४२

नेरु. १४/-

प्रकाशक–

"आनन्दकुटी विहारगुठी"

(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)

आनन्दकुटी विहार, स्वयम्भू,

काठमाडौं, नेपाल ।

फो. नं. २१४४२०

बुद्धाब्दः २५२९

बि. सं. २०४२

ने. सं. ११०५

ई. सं. १९८५

प्रथमावृत्ति १०००

मुद्रक–

नेपाल प्रेस

शुक्रपथ, काठमाडौं

फोन– २११०३२

Collection No. 28

Buddhakalina Brahmadideva
(PART III)

Dr. Bhikkhu Amritananda

Published by
ANANDA KUTI VIHARA TRUST
Ananda Kuti, Kathmandu,
NEPAL
1985

यसमा—

श्री ५ महाराजाधिराजका
प्रमुख निजी सचिवालय

राज दरबार
नेपाल

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट

बक्सेको सन्देश

बौद्ध पाली वाङ्मयमा उत्कृष्ट ग्रन्थ मानिएको त्रिपिटकमा यत्रतत्र छरिएका बुद्धकालीन विभिन्न उल्लेखनीय पात्रहरू क्रमबद्ध रूपले संकलित र वर्गीकृत गरी तयार पारिएको यो पुस्तकले बौद्ध इतिहास र दर्शनको अतिरिक्त बुद्धकालीन सामाजिक चित्रण पनि प्रस्तुत गरेको प्रयास राम्रो देखिन्छ । यस्तो प्रकाशनबाट नेपालमा धार्मिक सहिष्णुतामात्र होइन नेपालीले संसारका अन्य धर्मप्रति पनि गहिरो श्रद्धा राख्छन् भन्ने कुरा पनि देखाउनु बढीया हुनेछ । नेपाली साहित्यको ज्ञानराशीमा नेपालमा जन्मेका विश्व शान्तिका अग्रदूत सिद्धार्थ गौतम बुद्ध सम्बन्धी यस किसिमको उपयोगी ग्रन्थ थपिनु निश्चय पनि प्रशंसनीय योगदान भएको मान्नुपर्छ ।

यस किसिमका ग्रन्थ निर्माणमा अथक परिश्रम गरी खोजपूर्ण कार्य सम्पादन गर्ने भिक्षु श्री अमृतानन्द महास्थविर धन्यवादका पात्र छन् ।

त्रि-पिटक-सूची

सुत्तपिटक :	विनयपिटक :		अभिधम्मपिटक।
१–दीघनिकाय	१–पाराजिकपालि	सुत्तविभङ्ग	१–धम्मसङ्गणि
२–मज्झिमनिकाय	२–पाचित्तियपालि		२–विभङ्ग
३–संयुत्तनिकाय	३–महावग्गपालि	खन्धक	३–धातुकथा
४–अङ्गुत्तरनिकाय	४–चुल्लवग्गपालि		४–पुग्गलपञ्ञत्ति
५–खुद्दकनिकाय	५–परिवारपालि		५–कथावत्थु
			६–यमक
			७–पट्ठान

(१) खुद्दकपाठ

(२) धम्मपद

(३) उदान

(४) इतिवुत्तक

(५) सुत्तनिपात

(६) विमानवत्थु

(७) पेतवत्थु

(८) थेरगाथा

(९) थेरीगाथा

(१०) जातक

(११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }

(१२) पटिसम्भिदामग्ग

(१३) अपदान

(१४) बुद्धवंस

(१५) चरियापिटक

प्रकाशकीय

गत एक दशकभन्दा अघिदेखि नै आनन्दकुटी विहार गुठीको तरफबाट बुद्धधर्म सम्बन्धी विशेष गरी पूज्य डा० आचार्य अमृतानन्द महानायक महास्थविरद्वारा सम्पादित बुद्धकालीन ग्रन्थहरू प्रकाश गर्दै आएको छ । प्रस्तुत बुद्धकालीन ब्रह्मादिदेव भाग–३ पनि वहाँकै पुस्तक हो ।

निरन्तररूपले हामीले नेपाली भाषामा बुद्धधर्म सम्बन्धी पुस्तकहरू प्रकाशित गर्न पाएकोमा हामीलाई ठूलो खुशी छ । प्रस्तुत पुस्तक आनन्दकुटी विहार गुठीको प्रकाशन क्रमको ४२ सौं ग्रन्थ हो ।

आनन्दकुटी विहार	भिक्षु मैत्री
स्वयम्भू, काठमाडौं ।	सदस्य-सचिव
पो. ब. नं. ३००७	आनन्दकुटी विहार गुठी
फो. नं. २–१४४२०	भाद्र १, २०४२

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

प्राक्कथन

प्रस्तुत पुस्तक 'बुद्धकालीन ब्रह्मादिदेव'को तेस्रो भाग हो । यसमा जम्मा ११ जना ब्रह्मादिदेवहरूको संकलन छ । यही 'ब्रह्मादिदेव' भाग ३ नै अन्तिम भाग हो ।

यसमा समावेश भएका ११ जना पात्रहरूका नामहरू निम्न-अनुसार छन्—

(१) सतुल्लपकायिक देवताहरू, (२) सनङ्कुमार ब्रह्मा, (३) सहम्पति ब्रह्मा, (४) सुब्रह्मा देवपुत्र, (५) सुब्रह्मा भन्ने प्रत्येकब्रह्मा, (६) सुसीम देवपुत्र, (७) सूचिलोम यक्ष, (८) सूर्य देवपुत्र, (९) सेरी देवपुत्र, (१०) हत्थ देवपुत्र र (११) हेमवत यक्ष ।

यिनीहरूको विषयमा जम्मा २९ वटा सूत्रहरू संकलन भएका छन् । ती हुन्—

(१) संयुत्तनिकायबाट २४, (२) अङ्गुत्तरनिकायबाट २, (३) मज्झिमनिकायबाट १, (४) सुत्तनिपातपालिबाट १, र (५) महावग्गपालिबाट १.

कुन पात्रको सम्बन्धमा कति सूत्रहरू छन् भन्ने विषयलाई निम्न तालिकाले देखाएको छ—

१. सतुल्लपकायिक देवताहरू

१. सं. नि. I. पृ. १७: सब्भिसुत्तं, देवतासंयुत्तं; प्र. क. I. पृ. ४३

२. सं. नि. I. पृ. १८: मच्छरियसुत्तं, देवतासंयुत्तं; प्र. क. I. पृ. ४६

३. सं. नि. I. पृ. २०: साधुसुत्तं, देवतासंयुत्तं; प्र. क. I. पृ. ४८

४. सं. नि. I. पृ. २१: नसन्तिसुत्तं, देवतासंयुत्तं; प्र. क. I. पृ. ४९

५. सं. नि. I. पृ. २४: सद्धासुत्तं, देवतासंयुत्तं; प्र. क. I. पृ. ५२

६. सं. नि. I. पृ. २६: सकलिकसुत्तं, देवतासंयुत्तं; प्र. क. I. पृ. ६१

२. सनङ्कुमार ब्रह्मा

१. सं. नि. I. पृ. १५३: सनङ्कुमारसुत्तं, ब्रह्मसंयुत्तं;
प्र. क. I. पृ. १७१

३. सहम्पति ब्रह्मा

१. सं. नि. IV. पृ. २०१: सहम्पत्तिब्रह्मसुत्तं, इन्द्रियसंयुत्तं;
प्र. क. III. पृ. १९६

२. अं. नि–४, पृ. २२: पठम उरुवेलसुत्तं, उरुवेलवग्गो;
प्र. क. II. पृ. ४७६

३. सं. नि. IV. पृ. १५९: मग्गसुत्तं, सतिपट्ठानसंयुत्तं,
प्र. क. III. पृ. १८१

४. सं. नि. I. पृ. १३७: ब्रह्मायाचनासुत्तं, ब्रह्मसंयुत्तं;
प्र. क. I. पृ. १५२

५. महा. व. पा. पृ. २८: उरुवेलपाटिहारियकथा, महाखन्धकं;

६. सं. नि. II. पृ. ३१६: पिण्डोलयसुत्तं, खन्धवग्गो;

अ. क. II. पृ. २१०

७. अ. नि. II. पृ. १४१: चातुमसुत्तं बाट; अ. क. III. पृ. ११८

८. सं. नि. I. पृ. १५४: अन्धकविन्दसुत्तं, ब्रह्मसंयुत्तं;

अ. क. I. पृ. १७१

९. सं. नि. I. पृ. १४१: ब्रह्मदेवसुत्तं, ब्रह्मसंयुत्तं;

अ. क. I. पृ. १५६

१०. सं. नि. I. पृ. १५४: देवदत्तसुत्तं, ब्रह्मसंयुत्तं;

अ. क. I. पृ. १७१

११. सं. नि. I. पृ. १५०: कोकालिकसुत्तं, ब्रह्मसंयुत्तं;

अ. क. I. पृ. १६८

१२. सं. नि. I. पृ. १५७: परिनिब्बानसुत्तं, ब्रह्मसंयुत्तं;

अ. क. I. पृ. १७३

४. सुब्रह्मा देवपुत्र

१. सं. नि. I. पृ. ५१: सुब्रह्मसुत्तं, देवपुत्तसंयुत्तं;

अ. क. I. पृ. ८८

५. सुब्रह्मा अन्ने प्रत्येकब्रह्मा

१. सं. नि. I. पृ. १४७: ब्रह्मलोकसुत्तं, ब्रह्मसंयुत्तं;

अ. क. I. पृ. १६६

२. सं. नि. I. पृ. १४६: कोकालिकसुत्तं, ब्रह्मसंयुत्तं;

अ. क. I. पृ. १६७

३. सं. नि. I. पृ. १४६: कदमोदकतिस्ससुत्तं, ब्रह्मसंयुत्तं;

अ. क. I. पृ. १६७

६. सुसीम देवपुत्र

१. सं. नि. I. पृ. ६१: सुसिमसुत्तं, देवपुत्तसंयुत्तं;

अ. क. I. पृ. ६३

७. सूचिलोम यक्ष

१. सं. नि. I. पृ. २०८: सूचिलोमसुत्तं, यक्खसंयुत्तं;

अ. क. I. पृ. २३२

८. सूर्य देवपुत्र

१. सं. नि. I. पृ. ४८: सुरियसुत्तं, देवपुत्तसंयुत्तं;

अ. क. I. पृ. ८५

९. सेरि देवपुत्र

१. सं. नि. I. पृ. ५५: सेरीसुत्तं, देवपुत्तसंयुत्तं;

अ. क. I. पृ. ९०

१०. हत्थ देवपुत्र

१. अं. नि–३, पृ. २५६: हत्थकसुत्तं, कुसिनारावग्गो;

अ. क. I. पृ. ४५६

११. हेमवत यक्ष

१. सुत्त. नि. पा. पृ. २९२: हेमवतसुत्तं, उरगवग्गो;

अ. क. I. पृ. २५५

यो 'बुद्धकालीन ब्रह्मादिदेव' तीन भागमा गरी जम्मा ५२ जना पात्रहरू छन् । तिनीहरूको सम्बन्धमा १०४ वटा सूत्रहरू अनुवाद भएका छन् । ती यसप्रकार छन्—

	भा–१ मा		भा–२ मा		भा–३ मा	जम्मा
अङ्गुत्तरनिकायबाटः	२	+	४	+	२	= ८
उदानपालिबाटः	१	+	१	+	×	= २
दीघनिकायपालिबाटः	२	+	१	+	×	= ३
मज्झिमनिकायबाटः	२	+	२	+	१	= ५
सुत्तनिपातपालिबाटः	×	+	×	+	१	= १
संयुत्तनिकायबाटः	३२	+	२७	+	२४	= ८३
महावग्गपालिबाटः	×	+	×	+	१	= १
चुल्लवग्गपालिबाटः	१	+	×	+	×	= १
	४०	+	३५	+	२९	= १०४

थालनी गरेका बुद्धकालीन ग्रन्थहरूमध्ये अहिलेसम्म बुद्धकालीन ब्राह्मण, गृहस्थी, महिला, राजपरिवार, विमानकथा, प्रेतकथा र ब्रह्मादिदेव पूरा भइसकेका छन् । अब बुद्धकालीन परिब्राजक, बुद्धकालीन श्रावक-चरित र बुद्धकालीन श्राविका-चरित पूरा गर्न बाँकी छ ।

बुद्धकालीन ग्रन्थ शुरु गरेदेखि अहिलेसम्म श्री प्रा. वटुकृष्ण 'भूषण' एम. ए. ज्यूबाट जुन सहयोग मैले पाएको छु त्यो मेरो लागि साह्रै ठूलो सौभाग्यको कुरा हो । वहाँले प्रत्येक पुस्तकको भाषा

संशोधन गर्नुका साथसाथै प्रूफ हेर्ने काममा समेत निरन्तर सहयोग गर्दै आउनु भएकोमा म वहाँ प्रति ज्यादै ऋणिछु ।

दिनहुँ झैं प्रेसबाट प्रूफ ल्याउने र लैजाने काम गरिदिनु हुने श्री खड्गबहादुर उपासक र पुस्तकको प्रारम्भिक शब्दावली लेखिदिनु हुने आयुष्मान् कुमार काश्यप स्थविरलाई हार्दिक धन्यवादको साथ साधुवाद दिएको छु । प्रस्तुत पुस्तक प्रकाशित गरिदिने आनन्दकुटी विहार गुठीका सदस्य-सचिव आयुष्मान् मैत्री भिक्षु सहित गुठीका सबै सदस्यहरूलाई साधुवाद दिएको छु ।

प्रस्तुत पुस्तक बुद्धकालीन ग्रन्थ मालाको २८ सौं पुस्तक हो भने आनन्दकुटी विहार गुठीको प्रकाशन क्रमको ४२ सौं ग्रन्थ हो ।

"चिरं तिट्ठतु सद्धम्मो"

— भिक्षु अमृतानन्द

आनन्दकुटी विहार,
स्वयम्भू, काठमाडौं,
नेपाल ।
फो. नं. २–१४४२०

भाद्र ८, २०४२

मूल ग्रन्थहरू—

अङ्गुत्तरनिकायपालि ।

मज्झिमनिकायपालि ।

महावग्गपालि ।

सुत्तनिपातपालि ।

संयुत्तनिकायपालि ।

सहायक ग्रन्थहरू—

अङ्गुत्तरनिकायट्ठकथा (हेवावितारण)
अभिधानप्पदीपिका (वासकदुवे सुभुति)
धम्मसङ्गणिपालि (नालन्दा प्रकाशन)
पपञ्चसूदनी (हेवाबितारण)
मनोरथपूरणी (हेवावितारण)
विभङ्गपालि (नालन्दा प्रकाशन)
समन्तपासादिका (नालन्दा प्रकाशन)
सुत्तनिपातट्ठकथा (नालन्दा प्रकाशन)
संयुत्तनिकायट्ठकथा (हेवावितारण)
सुमङ्गलबिलासिनी (नालन्दा प्रकाशन)
Dictionary of Pali Proper Names (G. P. Malalasekera)
Pali–English Dictionary (T. W. Rhys Davids)

संकेत-शब्दको अर्थ—

अं. नि. अ. क
अं. अ. क. } = अङगुत्तरनिकायट्ठकथा ।

अ. क. = अट्ठकथा ।

अं. नि. = अङ्गुत्तरनिकाय ।

अत्थ. सा. = अत्थसालिनी ।

अभि. धा. प. = अभिधानप्पदीपिका ।

चुल्ल. व. पा. = चुल्लवग्गपालि ।

दी. नि. = दीघनिकाय ।

दी. नि. अ. क. = दीघनिकायट्ठकथा ।

धम्म. सं. = धम्मसङ्गणि ।

धम्म. सं. अ. क. = धम्मसङ्गणिअट्ठकथा ।

धम्म. प. अ. क. = धम्मपदट्ठकथा ।

पटि. म. पा. = पटिसम्भिदामग्गपालि ।

पटि. म. अ. क. = पटिसम्भिदामग्गट्ठकथा ।

पपं. सू. = पपञ्चसूदनी ।

बु. ब्रा. = बुद्धकालीन ब्राह्मणहरू ।

बु. गृ. = बुद्धकालीन गृहस्थीहरू ।

बु. म. = बुद्धकालीन महिलाहरू ।

बु. प. = बुद्धकालीन परिव्राजकहरू ।

बु. रा. = बुद्धकालीन राजपरिवारहरू ।

बु. श्रा. च. = बुद्धकालीन श्रावक चरित ।

बु. श्रावि. च. = बुद्धकालिन श्राविका चरित ।

बु. ब्र. = बुद्धकालीन ब्रह्मादिदेव ।

बु. प्रे. = बुद्धकालीन प्रेतकथा ।

म. नि. = मज्झिमनिकाय ।

महा. नि. = महानिद्देस ।

महा. व. पा. = महावग्गपालि ।

म. नि. अ. क. = मज्झिमनिकायट्ठकथा ।

विभं. पा. = विभङ्गपालि ।

विभं. अ. क. = विभङ्गअट्ठकथा ।

सम. पा. = समन्तपासादिका ।

सम्मो. वि. = सम्मोहविनोदनी ।

सं. नि. = संयुत्तनिकाय ।

सं. नि. अ. क. = संयुत्तनिकायट्ठकथा ।

सार. प. = सारत्थप्पकासिनी ।

सुत्त. नि. = सुत्तनिपात ।

सुत्त. नि. अ. क. = सुत्तनिपातट्ठकथा ।

सुमं. वि. = सुमङ्गलविलासिनी ।

D. P. P. = Dictionary of Pali Proper Names.

विषय-सूची

बुद्धकालीन ब्रह्मादिदेव

[भाग–३]

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

४२।१. सतुल्लपकायिक देवताहरू

परिचय

सतुल्लपकायिक देवता भनेको कुनै एक देवताको नाम होइन । यो एक समूहको नाम हो । यी देवताहरू त्रयस्त्रिंश देवलोकवासी हुन् ।

अघि मनुष्य छँदा सत्यनै सबैभन्दा ठूलो हो भन्ने विश्वास गरी कुरा गर्ने हुँदा यो देवसमूहलाई "सतुल्लपकायिक" भनिएको हो[१] ।

कहिले धेरै र कहिले थोरै संख्यामा यो देवसमूह समय समयमा भगवान्कहाँ आएको कुरा मूल सूत्रहरूबाट थाहा हुन्छ ।

जब यिनीहरू सर्वप्रथम बुद्धकहाँ आएका थिए तब यिनीहरूले आफ्ना आचार्यको गुण संस्मरण गरी असल मानिसहरूको सत्संगत गर्नाले भलो हुने सिबाय कुभलो हुन सक्दैन भनी उद्गार प्रकट गरेका थिए ।

१. सं. नि. अ. क. I. पृ. ४३: सब्भिसुत्तवण्णना, देवतासंयुत्त ।

दोश्रो पटक आउँदा यिनीहरूले कंजूसले दानदिन सक्दैन भनी भनेका थिए ।

तेश्रो पटक आउँदा दान भनेको थोरै भएपनि दिनसक्नु पर्छ भनी भनेका थिए ।

चौथो पटक आउँदा यिनीहरूले कामविषयहरू नित्य छैनन् । कामविषयमा अल्झिरहनेहरू निर्वाणमा पुग्न सक्दैनन् भनी भनेका थिए ।

पाँचौ पटकमा चाहिं यिनीहरूले श्रद्धा नै दोश्रो पुरुष हो जसले गर्दा स्वर्गमा पुग्न सकिन्छ भनी भनेका थिए ।

छैटौं पटकमा चाहिं यिनीहरू सातै थर एकत्रित भई भगवान्कहाँ आएका थिए । त्यसबखत भगवान् मद्दकुच्छि भन्ने बगैंचामा बसिरहनु- भएको थियो । देवदत्तले हानेको ढुंगा लागेकोले भगवान्को शरीरमा ठूलो पीडा भइरहेको थियो ।

यसरी यी सतुल्लपकायिक देवताहरू समय समयमा भगवान्- कहाँ आएका कुरा अगाडि अनुदित सूत्रहरूले स्पष्ट पारेका छन् ।

× ¤ ×

मूल सूत्र—

१-सत्पुरुषको सत्संगत गर

(सब्भिसुत्तं[१])

यस्तो मैले सुनें ।

त्यस समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नुभएकोथियो । अनि रात बितिसकेपछि केही सतुल्लपकायिक देवताहरू[२] सुन्दर रूप धारण गरी जेतवन जम्मै आलोकित पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका एक देवताले भगवान् समक्ष यो गाथा सुनाए—

१. "सब्भिरेव समासेथ, सब्भि कुब्बेथ सन्थवं ।
सतं सद्धम्ममञ्ञाय, सेय्यो होति न पापियो'ति ।।"

---

१. सं. नि. I. पृ. १७: देवतासंयुत्तं; अ. क. I. पृ. ४३.

२. सत्य धर्मलाई उच्च गरी कुरा गरेको प्रभावले गर्दा देवलोकमा उत्पन्न भएका एक देवपुत्र समूहलाई "सतुल्लपकायिक देवताहरू"

भन्ने नाम रहन गएको हो भनी सं. नि. अ. क. I. पृ. ४३: सब्भिसुत्तवण्णनाले उल्लेख गरेको छ ।

अघिल्लो एक मनुष्य जन्ममा एक डफ्फा समुद्र-व्यापारीहरू जहाजमा बसी समुद्रमा गए । बाँणको बेग जस्तै गरी जहाज दगुराएको कारणले गर्दा एक हप्ता जति पछि जहाजमा प्वाल पऱ्यो र त्यसबाट पानी पसी जहाज डुब्न लाग्यो । त्यसबखत जहाजका मानिसहरू मरणभयले भयभीत भई सबैले आ-आफ्ना देवताहरूका नाम पुकारी प्रार्थना गर्न थाले ।

त्यसमध्ये एक पुरुष आफूले समादान गरेको शील परिशुद्धताको अनुस्मरण गर्दै मानो कुनै योगी जस्तै निर्भीक भई एक छेउमा पलेटीमारी बस्यो । अनि अरू मानिसहरूले उ नडराई, नरोई त्यसरी निर्धक्क भई बस्नसकेको कारण सोध्दा उसले "हे साथीहो ! जहाजमा चढने दिनमा मैले भिक्षुसङ्घलाई दानदिई त्रिशरण सहित पञ्चशील (=प्राणी हिंसा नगर्ने, चोरी नगर्ने, व्यभीचार नगर्ने, झूटो नबोल्ने तथा सुरापान नगर्ने भन्ने यी पांच नियमलाई पञ्चशील भनिन्छ) ग्रहण गरें । त्यसैले मलाई कुनै डर लाग्दैन" भनी भनेपछि उनीहरूले "यस्तो शील अरूहरूले ग्रहण गर्नु हुन्न ?" भनी सोध्दा उसले "अवश्य पनि ग्रहण गर्नु हुन्छ अर्थात् पालन गर्नु हुन्छ" भनी भनेपछि उनीहरूले उसँग पञ्चशील मागे । अनि उसले जहाजका मानिसहरूलाई शय शयको सात

ङ्फा बनाई त्रिशरण (=बुद्धको शरण, धर्मको शरण तथा सङ्घको शरण) सहित पञ्चशील प्रदान गऱ्यो ।

पहिलो ङ्फाले खुट्टासम्म पानी पुग्दा, दोश्री ङ्फाले घुँडासम्म पानी पुग्दा, तेश्रो ङ्फाले जांङ्सम्म पानी पुग्दा, चौथो ङ्फाले नाइटोसम्म पानी पुग्दा, पाँचौ ङ्फाले छातीसम्म पानी पुग्दा, छैटौं ङ्फाले गर्धनसम्म पानी पुग्दा तथा सातौं ङ्फाले मुखसम्म पानी पुग्दा त्रिशरण सहित पञ्चशील ग्रहण गरे । अनि उसले ती सबैलाई "त्रिशरण र पञ्चशील बाहेक यसबेला हामीहरूको अरू कुनै पनि त्राण छैन । अतः आ-आफूले ग्रहण गरेको त्रिशरण र पञ्चशीलको अनुस्मरण गरी बस्नू" भन्ने अर्ति उपदेश दियो । त्यसै उपदेशानुसार निश्चल चित्त राखी मृत्युपछि उनीहरू सबै त्रयस्त्रिंश देवलोकमा उत्पन्न भए ।

ङ्फा अनुसार उनीहरूका विमानहरू उत्पन्न भए र सबैको बीचमा आचार्य हुनेको शय योजन प्रमाणको विमान उत्पन्न भयो । सबैभन्दा तल्लोको विमान बाह्र योजनको थियो । उत्पन्न हुने बित्तिकै उनीहरूले आफ्नो पूर्वकर्म संस्मरण गर्दा 'आचार्यको सत्संगतको कारणले गर्दा हामीहरूले यस्तो श्रीसम्पत्ति पाएका ह्वौं' भन्ने लागेपछि उनीहरूले बुद्धको अगाडि आफ्ना आचार्यको प्रशंसा गर्ने विचार गरे । अनि ती देवताहरू एक रात बुद्धकहाँ गए । सार. प. I. पृ. ४३–४४: सब्भिसुत्तवण्णना ।

अर्थ—

१–"सत्पुरुषकै संगत गर र सत्पुरुषसँगै मित्रता राख। सत्पुरुषहरूको सद्धर्मलाई जान्नाले भलो नै हुन्छ खराब हुन्न।"

अनि अर्का देवताले भगवान् समक्ष यो गाथा सुनाए—

२. "सब्भिरेव समासेथ,...पञ्ञा लब्भति नाञ्ञतो'ति ।।"

अर्थ—

२–"सत्पुरुषहरूकै संगत गर र सत्पुरुषहरूसँगै मित्रता राख। सत्पुरुषहरूको सद्धर्मलाई जान्नाले प्रज्ञा नै लाभ हुन्छ अन्यथा हुँदैन।"

अनि अर्का देवताले भगवान् समक्ष यो गाथा सुनाए—

३. "सब्भिरेव समासेथ,.. सोकमज्झे न सोचती'ति ।।"

अर्थ—

३–"सत्पुरुषहरूकै संगत गर र सत्पुरुषहरूसँगै मित्रता राख। सत्पुरुषहरूको सद्धर्मलाई जान्नाले शोकीहरूमध्येमा शोक हुन्न।"

अनि अर्का देवताले भगवान् समक्ष यो गाथा सुनाए—

४. "सब्भिरेव समासेथ,.. ञातिमज्झे विरोचती'ति ।।"

अर्थ—

४–'सत्पुरुषहरूकै संगत गर र सत्पुरुषहरूसँगै मित्रता राख। सत्पुरुषहरूको सद्धर्म जान्नाले ज्ञातिहरूमध्येमा तेजिलो हुइन्छ।"

अनि अर्का देवताले भगवान् समक्ष यो गाथा सुनाए—

५. "सब्भिरेव समासेथ,...सत्ता गच्छन्ति सुग्गतिं'ति ॥"

अर्थ—

५—"सत्पुरुषहरूकै संगत गर र सत्पुरुषहरूसँगै मित्रता राख। सत्पुरुषहरूको सद्धर्मलाई जान्नाले सत्वहरू सुगतिमा उत्पन्न हुन्छन्।"

अनि अर्का देवताले भगवान् समक्ष यो गाथा सुनाए—

६. "सब्भिरेव समासेथ,...सत्ता तिट्ठन्ति साततं'ति ॥"

अर्थ—

६—"सत्पुरुषहरूकै संगत गर र सत्पुरुषहरूसँगै मित्रता राख। सत्पुरुषहरूको सद्धर्मलाई जान्नाले सत्वहरू सँधै सुखी रहन्छन्।"

अनि अर्का देवताले भगवान्सँग यस्तो सोधे—"भन्ते! कसले भनेको कुरा सुभाषित छ?"

(भगवान् भन्नुहुन्छ—)

"पर्यायरूपले सबैले भनेका कुराहरू सुभाषित छन्। अब मेरो पनि केही सुन—

७. 'सब्भिरेव समासेथ, सब्भि कुब्बेथ सन्थवं।
सतं सद्धम्ममञ्ञाय, सब्बदुक्खा पमुच्चती'ति ॥"

अर्थ—

७–'सत्पुरुषहरूको संगत गर र सत्पुरुषहरूसँग मित्रता राख । सत्पुरुषहरूको सद्धर्मलाई जान्नाले सबै दुःखबाट प्रमुक्त हुइन्छ' ।"

यति भगवान्‌ले भन्नुभएपछि सन्तुष्ट भई भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी ती देवताहरू उहीं अन्तर्धान भए ।

× × ×

मूल सूत्र—

२–कञ्जूसले दानदिन्न

(मच्छरियसुत्त[1])

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नुभएको थियो ।

अनि रात बितिसके पछि केही सतुल्लपकायिक देवताहरू सुन्दर रूप धारण गरी जेतवन जम्मै आलोकित पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका एक देवताले भगवान् समक्ष यो गाथा भने—

१. "मच्छेरा च पमादा च, एवं दानं न दीयति ।
पुञ्ञं आकङ्खमानेन, देय्यं होति विजानता'ति ।।"

अर्थ—

१–"कञ्जूस र प्रमादीले दानदिन्न, पुण्य चाहनेले पुण्यको फललाई जानी दानदिनु पर्छ ।"

---

१. सं. नि. I. पृ. १८: देवतासंयुत्त; अ. क. I. पृ. ४६.

अनि अर्का देवताले भगवान् समक्ष यी गाथाहरू भने—

२–"जो कञ्जूसले दानदिन्न अथवा दानदिए तापनि आफूलाई भोक र पिपासा होला भन्ने डर लिई दान दिन्छ त्यस्ता मूर्खलाई इहलोक र परलोकमा भोक र पिपासा कै भय हुन्छ।

३–"त्यसो हुनाले कञ्जूसीपनलाई हटाई कञ्जूसी-मललाई दूर गरी दान दिऊन्; परलोकको निमित्त पुण्य नै प्रतिष्ठा हुन्छ[१]।"

अनि अर्का देवताले भगवान् समक्ष यी गाथाहरू भने—

४–"जसले थोरै भए पनि अनन्त संसारका साथी बटुवाहरूलाई बाडी-चुडी दिन्छन्, उनीहरूको मृत्यु भए पनि मृत्यु नभएका जस्ता हुन्छन्—यही नै सनातनदेखि चलिआएको धर्म हो[२]।

५–"केहीले थोरै भए पनि दिन्छन्, केहीले धेरै भएर पनि दिन्नन्; थोरैबाट दिएको दान (को फल) सहस्र समान हुन्छ[१]।"

---

१. "तस्मा विनेय्य मच्छेरं, दज्जा दानं मलाभिभू।
पुञ्ञानि परलोकस्मिं, पतिट्ठाहोन्ति पाणिनं॥"
सं. नि. I. पृ. १८: मच्छेरसुत्तं।

२. "ते मतेसु न मीयन्ति, पन्थानं व सहब्बजं।
अप्पस्मिं ये पवेच्छन्ति, एस धम्मो सनन्तनो॥"
सं. नि. I. पृ. १९: मच्छरियसुत्तं।

३. "अप्पस्मेके पवेच्छन्ति, बहुमेके न दिच्छरे।
अप्पस्मा दक्खिणा दिन्नं, सहस्सेन समंमिता॥"
सं. नि. I. पृ. १९: मच्छेरसुत्तं।

अनि अर्का देवताले भगवान् समक्ष यी गाथाहरू भने—

६–"दिन गहारो भएको वस्तु दिई दुष्कर कर्म गर्नेको आदर्श-लाई मूर्खहरूले अनुगमन गर्दैनन्; सद्धर्म पालन गर्नु गहारै पर्छ[१] ।

७–"त्यसैले सत् र असत्का गतिहरू भिन्नाभिन्नै हुन्छन्; असत्पुरुषहरू नरक जान्छन्, सत्पुरुषहरू स्वर्गपरायण हुन्छन्[२] ।"

अनि अर्का देवताले भगवान् समक्ष यसो भने —

"भन्ते ! कसको कुरा सुभाषित छ ?"

(भगवान् भन्नुहुन्छ—)

"पर्यायरूपले सबैका कुराहरू सुभाषित नै छन् । अब मेरो पनि केही कुरा सुन—

८–'कुशल कर्मपथमा गई जसले धर्मको आचरण गर्छ, जसले परालको मुट्ठोलाई चुत्ने झैं काय-वाक्-चित्तलाई शुद्ध गरी पुत्र-दारहरू

---

१. "दुद्ददं ददमानानं, दुक्करं कम्म कुब्बतं ।
असन्तो नानुकुब्बन्ति, सतं धम्मो दुरन्वयं ।।"
सं. नि. I. पृ. १९: मच्छरियसुत्तं ।

२. "तस्मा सतं च असतं, नाना होति इतो गति ।
असन्तो निरयं यन्ति, सन्तो सग्गपरायना ।।"
सं. नि. I. पृ. १९: मच्छरियसुत्तं ।

भरण-पोषण गर्छ; थोरैबाट भए पनि संविभाजन गरी दिएको त्यस्ताको दानको फल शय, हजार, लाख यज्ञ-होमकोभन्दा बढी हुन्छ[१]।"

फनि भर्का देवताले भगवान्‌लाई गाथाद्वारा भने—

६–"(भन्ते!) उसको विपुल तथा महर्घ यज्ञ धर्माचरण गरी दिएको दानभन्दा किन कम हुन्छ? कसरी शय, हजार, लाख यज्ञ गरेकोभन्दा उपरोक्ताकारले दिएको दानको फल महान हुन्छ?"

(भगवान भन्नुहुन्छ—)

१. "ददन्ति हेके विसमे निविट्ठा,
छेत्वा वधित्वा अथ सोचयित्वा।
सा दक्खिणा अस्सुमुखा सदण्डा,
समेन दिन्नस्स न अग्घमेति॥

२. "एवं सतं सहस्सानं सहस्सयागिनं।
कलं पि नाग्घन्ति तथाविधस्सते'ति॥"

---

१. "धम्मं चरे यो पि समुज्जकं चरे,
दारं च पोसं ददमप्पकस्मिं।
सतं सहस्सानं सहस्सयागिनं,
कलं पि नाग्घन्ति तथाविधस्सते॥"
सं. नि. I. पृ. १९: मच्छेरसुत्तं।

अर्थ—

१–"यहाँ केहीले काट-मार गरी तथा अर्कालाई शोक सन्ताप दिई विषम पुरुषलाई दान दिन्छन्, त्यस्ता दानहरू अश्रुमुख र दण्डसहित हुन्छन्; त्यसैले त्यस्ता दानहरू संयत तथा धर्मचारी भई दिने दानको दाँजोमा शय भागको एक भाग पनि हुन्न ।

२–"यसरी शय, हजार, लाख यज्ञकोभन्दा उपरोक्ताकारले धर्माचरण गरी दिएको दानको फल महान हुन्छ ।"

× × ×

मूल सूत्र—

३–दान र युद्ध समान छ

(साधुसुत्त[1])

श्रावस्तीमै ।

अनि केही सतुल्लपकायिक देवताहरू रात बितिसके पछि सुन्दर रूप धारण गरी जेतवन जम्मै आलोकित पारी जहां भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहां पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका एक देवताले भगवान् समक्ष यो उदान[2] (=उद्गार) प्रकट गरे—

---

१. सं. नि. I. पृ. २०: देवतासंयुत्तं; अ. क. I. पृ. ४८.

२. उदान भनेको उद्गार वाक्य हो । जस्तै मानामा नअटाई पोखिने तेललाई मागधि (पालि) ले 'अवसेको' भन्दछ; तलाउ भरिएर बाहिर जाने पानीलाई 'ओघ' भन्दछ त्यस्तै जुन प्रीति वाक्यहरू हृदय भरिएर बाहिर निस्किन्छन् त्यस्ता वाक्यलाई 'उदान' भनिन्छ । सं. नि. अ. क. I. पृ. ४८: साधुसुत्तवण्णना ।

१. "साधु खो, मारिस, दानं ।
मच्छेरा च पमादा च, एवं दानं न दीयति ।
पुञ्ञं आकङ्खमानेन, देय्यं होति विजानता'ति ।।"

अर्थ—

१–"मारिष ! दान भनेको राम्रो हो । किन्तु कञ्जूस र प्रमादीले यस्तो दान दिन्न, अतः पुण्य चाहनेले पुण्यको फललाई बुझेर दानदिनु पर्छ ।"

अनि अर्का देवताले भगवान् समक्ष यो उदान प्रकट गरे—

२–"मारिष ! दान भनेको राम्रो हो । थोरै भए पनि दानदिनु असल हो । केहीले थोरैबाट भए पनि दिन्छन्, केहीले धेरै भएर पनि दिन्नन्; थोरैबाट भए पनि दिएको दान सहस्र समान हुन्छ ।"

अनि अर्का देवताले भगवान् समक्ष यो उदान प्रकट गरे—

३–"मारिष ! दान भनेको राम्रो हो । थोरै भए पनि दानदिनु असल हो । (किनभने) दानदिनु र युद्ध गर्नु समान छ[1], थोरै भए पनि धेरैलाई जित्दछ[1]; थोरै भए पनि श्रद्धापूर्वक दान दिन्छ, त्यसैले उ परलोकमा सुखी हुन्छ[1] ।"

अनि अर्का देवताले भगवान् समक्ष यो उदान प्रकट गरे—

१. दान र युद्ध समान छ भनी किन भनिएको हो भन्ने बारेमा सारत्थपकासिनीले यसरी उल्लेख गरेको छ—

ज्यानको माया लिनेले युद्ध गर्न सक्दैन । सिद्धिएला भन्ने डर लिनेले पनि दानदिन सक्दैन । आपनो ज्यान पनि बचाउनेछु र लड्न पनि लड्नेछु भन्नेले पनि लड्न सक्दैन । ज्यानको माया नलिई, चाहे मरोस् चाहे बांचोस् परन्तु शत्रुलाई पराजित गरी उसको श्रीसम्पत्ति समेत हरण गर्नेछु भन्नेले लड्न सक्छ । त्यस्तै गरी भोगसम्पत्तिको बचावट पनि गर्नेछु दान पनि दिनेछु भन्नेले हात पसारी दानदिन सक्दैन । पानी भएको घैंटो घोप्ट्याउने झैं दानदिन सक्दैन । भोगसम्पत्तिको परवाह नराखी महादान दिनेछु भनी प्रवल इच्छा गर्नेले दानदिन सक्छ । त्यसैले दान र युद्ध समान भनिएको हो । सार. प. I. पृ. ४८: साधुसुत्तवण्णना ।

२. जस्तै थोरै भए पनि सूरवीर पुरुषहरूले धेरैलाई पनि पराजित गर्छन् त्यस्तै थोरै भए पनि दान दिएर धेरै मात्सर्यादि लोभलाई पराजित गरी धेरै दान विपाकहरू पाउँछन् । त्यसैले 'थोरै भए पनि धेरैलाई जित्छ' भनी भनिएको हो । सार. प. I. पृ. ४८.

३. "दानं च युद्धं च समानमाहु,
अप्पा पि सन्ता बहुके जिनन्ति ।
अप्पं पि चे सद्दहानो ददाति,
तेनेव सो होति सुखी परत्थ ॥"
सं. नि. I. पृ. २०: साधुसुत्तं, देवतासंयुत्तं ।

४–"मारिष ! दान भनेको राम्रो हो । थोरै भए पनि दानदिनु असल हो । श्रद्धाभन्दा दान असल छ । अझ धर्मपूर्वक लाभ गरेको वस्तु धर्मलाभीलाई दानदिनु झन् असल हो ।

५–"जसले आफ्नो उद्योगद्वारा लाभ गरेका वस्तुहरू धर्मलाभीलाई दान दिन्छ उ यमको वैतरणीबाट पार भई दिव्यस्थानमा पुग्छ ।"

अनि अर्का देवताले भगवान् समक्ष यो उदान प्रकट गरे—

६–"मारिष ! दान भनेको राम्रो हो । थोरै भए पनि दानदिनु असल हो । श्रद्धाभन्दा दान असल छ । अझ धर्मपूर्वक लाभ गरेको वस्तु धर्मलाभीलाई दानदिनु पनि असल हो । तर रोजी रोजी[1] दानदिनु सबभन्दा राम्रो हो ।

---

१. 'दक्खिणाविचिननं र दक्खिणेयविचिननं' भनी दुइ प्रकारका रोज्ने छन् । दक्खिणाविचिननं भनेको दानवस्तु रोज्ने । कमसल वस्तुहरू छाडी उत्तम वस्तुहरू रोजी रोजी दानदिनुलाई दक्षिणा रोज्नु अर्थात् दान वस्तु रोज्नु भनेको हो । दक्खिणेयविचिननं भनेको दान लिने पात्र रोज्नु भनेको हो । बुद्ध शासनभन्दा बाहिरका चौरानब्बे पाषण्डकहरूलाई छाडी बुद्ध शासन भित्रका शीलादिगुण सम्पन्न तथा बुद्ध धर्ममा प्रव्रजित भएकाहरूलाई दानदिनु—दानपात्र रोज्नु भनेको हो । यसरी दक्षिणा र दक्षिणेय रोज्नुलाई 'रोजी रोजी' भनिएको हो । सार. प. I. पृ. ४८: साधुसुत्तवण्णना ।

७–"सुगतद्वारा प्रशंसितलाई रोजी रोजी दानदिनु—असल खेतमा (असल) बिऊ रोपेको जस्तो यस जीवलोकमा जो दक्षिणेय हुन् उनीहरूलाई दिएको दानको फल झन् महान हुन्छ।"

अनि अर्को देवताले भगवान् समक्ष यो उदान प्रकट गरे—

८–"मारिष! दान भनेको राम्रो हो। थोरै भए पनि दानदिनु असल हो। श्रद्धाभन्दा पनि दान राम्रो हो। धर्मपूर्वक लाभ गरेको वस्तु धर्मलाभीलाई दानदिनु राम्रो हो। रोजी रोजी दानदिनु पनि राम्रो हो। तर प्राणीहरू प्रति संयमी भइरहनु झन राम्रो हो।

९–"लोकापवादको भय देखेर प्राणीहरूलाई पीडा दिई जसले पाप गर्दैन त्यस्ता भयभीत हुनेहरू नै प्रशंसित हुन्छन् तर सूर हुनेहरू होइनन्। किनकि भयद्वारा नै सन्तहरू पाप गर्दैनन्।"

अनि अर्को देवताले भगवान् समक्ष यो उदान प्रकट गरे—

"भन्ते! कसको कुरा सुभाषित छ?"

(भगवान् भन्नुहुन्छ—)

"पर्यायरूपले सबैका कुराहरू सुभाषित छन्। अब मेरो पनि केही कुरा सुन—

'श्रद्धापूर्वक दानबिनु बहुविध प्रशंसित छ। तर दानभन्दा धर्मपद (=निर्वाणपद) नै श्रेष्ठ छ। अघि, धेरै अघि[1] पनि सन्तहरूले प्रज्ञावान् भई निर्वाणको साक्षात्कार गरे[2]।"

× × ×

---

१. यहाँ 'अघि' भन्नाले काश्यप बुद्धादिको पालामा र 'धेरै अघि' भन्नाले कोणागमन बुद्धको पालालाई भनिएको हो। सार. प. I. पृ. ४६: साधुसुत्तवण्णना।

२. "सद्धा हि दानं बहुधा पसत्थं, दाना च खो धम्मपदं व सेय्यो।
पुब्बे च हि पुब्बतरे च सन्तो, निब्बानमेवज्झगमुं सपञ्ञा॥"
सं. नि. I. पृ. २१: साधुसुत्तं।

मूल सूत्र—

४-कामविषय नित्य छैन

(नसन्तिसुत्तं[१])

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेत-वनाराममा बस्नुभएको थियो ।

अनि केही सतुल्लपकायिक देवताहरू रात वितिसकेपछि सुन्दर रूप धारण गरी जेतवन जम्मै आलोकित पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका एक देवताले भगवान् समक्ष यो गाथा भने—

"न सन्ति कामा मनुजेसु निच्चा,
सन्तीध कमनीयानि येसु बद्धो ।
येसु पमत्तो अपुनागमनं,
अनागन्ता[२] पुरिसो मच्चुधेय्या'ति ।।"

१. सं. नि. I. पृ. २१: देवतासंयुत्तं, अ. क. I. पृ. ४६.
२. स्याम र रोमनमा: 'अनागन्त्वा' ।

अर्थ—

"मनुष्यहरूमा काम (विषय) नित्य छैन। यहाँ धेरै इष्टारम्मण-हरू छन् जसमा भुलेर मानिसहरू बस्छन्; निर्वाणमा प्रमत्त हुने पुरुष मृत्युलोकबाट फर्केर त्यहाँ पुग्न सक्दैन।

"छन्द (=इच्छा=तृष्णा) बाट पीडा हुन्छ, छन्दबाट दुःख हुन्छ। छन्दलाई हटाउँदा पीडा हुन्न, छन्दलाई हटाउँदा दुःख हुन्न।"

(अनि भगवान् भन्नुहुन्छ—)

१—"यो लोकमा जुन चित्र-विचित्र छन् ती काम (विषय) होइन; रागयुक्त सङ्कल्प नै पुरुषको काम (विषय) हो। लोकमा चित्र-विचित्र रूपहरू त्यत्तिकै रहन्छन्; त्यसैबाट धीर पण्डितहरू इच्छा हटाउँछन्[१]।

२—"क्रोधलाई हटाई, मानलाई निर्मूल पारी, सबै संयोजनहरू-बाट पार भई तथा नाम-रूपमा लिप्त नभई अकिञ्चन हुने दुःखमा पर्दैन।

३—"राग, द्वेष र मोहलाई प्रहीण गरी, अहम्भावलाई अन्त गरी, नाम-रूप प्रति तृष्णा नराखी ग्रन्थीलाई छेदन गरी तृष्णारहित निर्दुःखी हुनेलाई इहलोक-परलोक तथा स्वर्गमा अथवा कुनै पनि संसारमा खोजे पनि देव-मनुष्यहरूले पाउने छैनन्।"

१. यस कुराको विस्तारपूर्वक अर्थ बुझ्न सुत्त. नि. पृ. ३९६: पसूर-सुत्तं, अ. क. II. पृ. ३९०: र महा. नि. पृ. १३४: पसूरसुत्तमा हेर्नु उचित हुनेछ।

(मोघराज भन्दछन्[1]—)

"यसरी विमुक्त हुनेलाई देव र मनुष्यहरूले इहलोक र परलोकमा कहीं देखनसक्ने छैनन् । अतः अर्थचर्या गर्ने नरोत्तमलाई जसले नमस्कार गर्छ उ प्रशंसित हुन्छ ।"

(भगवान् भन्नुहुन्छ—)

"पसंसिया ते पि भवन्ति भिक्खू (मोघराजाति भगवा),
ये तं नमस्सन्ति तथा विमुत्तं ।
अञ्ञाय धम्मं विचिकिच्छं पहाय,
सङ्गातिगा ते पि भवन्ति भिक्खू'ति ।।"

अर्थ—

"मोघराज ! ती भिक्षुहरू पनि प्रशंसित छन् जसले विमुक्त भएकालाई नमस्कार गर्छन्; विचिकित्सालाई हटाई, धर्मलाई जानी सबै बन्धनबाट मुक्त हुने भिक्षुहरू पनि छन् ।"

× × ×

१. त्यसबखत आयुष्मान् मोघराज पनि त्यहाँ हुनुहुन्थ्यो । त्यसैले वहाँले पनि आफ्नो विचार प्रकट गर्नुभएको हो । सार. प. I. पृ. ५०: नसन्तिसुत्तवण्णना ।

मूल सूत्र—

५–श्रद्धा नै द्वितीय पुरुष हो
(सद्धासुत्त[1])

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेत-वनाराममा बस्नुभएको थियो ।

अनि केही सतुल्लपकायिक देवताहरू रात बितिसकेपछि सुन्दर रूप धारण गरी जेतवन जम्मै आलोकित पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका एक देवताले भगवान् समक्ष यो गाथा भने —

१. "सद्धा दुतिया पुरिसस्स होति,
नो चे अस्सद्धियं अवतिट्ठति ।
यसो च कित्ती च तत्वस्स होति,
सग्गं च सो गच्छति सरीरं विहाय ।।"

---

१. सं. नि. I. पृ. २४: देवतासंयुत्त; अ. क. I पृ. ५२.

अर्थ—

१–"यदि पुरुष अश्रद्धामा बस्दैन भने पुरुषको द्वितीय-पुरुष (=साथी) नै श्रद्धा हो । त्यसबाट उसलाई यश र कीर्ति लाभ हुन्छ । शरीर छाडेपछि उ त्यसैको प्रभावबाट स्वर्गमा पनि पुग्छ ।"

अनि अर्का देवताले भगवान् समक्ष यो गाथा भने—

२. "कोधं जहे विप्पजहेय्य मानं,
संयोजनं सब्बमतिक्कमेय्य ।
तं नामरूपस्मिमसज्जमानो,
अकिञ्चनं नानुपतन्ति सङ्गा ।।"

अर्थ—

२–"क्रोधलाई हटाऊ, मानलाई हटाऊ, सबै संयोजनहरूलाई हटाऊ, नाम-रूपमा आसक्त नभई अकिञ्चन भई बन्धनमा पर्दैनन् ।"

(भगवान् भन्नुहुन्छ—)

३. "पमाद मनुयुञ्जन्ति, बाला दुम्मेधिनो जना ।
अप्पमादं च मेधावी, धनं सेट्ठं व रक्खति ।।"

अर्थ—

३–"दुर्बुद्धि मूर्खजनहरू प्रमादमा लाग्छन् र सेठले धन रक्षा गरे झैं मेधावीहरूले अप्रमादलाई रक्षा गर्छन् ।

४. "मा पमाद मनुयुञ्जेथ, मा कामरति सन्थवं ।
अप्पमत्तो हि झायन्तो, पप्पोति परमं सुखं ।।"

अर्थ—

४–"प्रमादमा भुलेर नबस, कामरति संसर्गमा नभुल र अप्रमादी भई ध्यान गर्दा परमसुख प्राप्त हुन्छ ।"

× × ×

मूल सूत्र—

६–बुद्ध भगवान् हस्तीसमान हुनुहुन्छ
(सकलिकसुत्त[१])

यस्तो मैले सुनें।

एक समय भगवान् राजगृहस्थित मर्दकुक्षि[२] मृगदामा[३] बस्नुभएको थियो। त्यस समय भगवान्को खुट्टामा ढुंगाको टुक्राद्वारा घाउ[४] भएको थियो। त्यसबखत भगवान्को शरीरमा साह्रै वेदना भएको थियो। तीव्र दुःख थियो—खरो, कटु, अस्वादिलो तथा अमनाप थियो। त्यसलाई भगवान्ले स्मृतिसम्प्रजन्यद्वारा अविचलित भई सहनु भएको थियो। त्यसबखत भगवान् चारदोबरो गरी पट्याइ बिच्छ्याइएको संघाटिमा दाहिनेतिरबाट दाहिने खुट्टामाथि देब्रे खुट्टा राखी स्मृतिसम्प्रजन्य भई सिंहशैय्या[५] गर्दै हुनुहुन्थ्यो।

---

१. सं. नि. I. पृ. २६: देवतासंयुत्त; अ. क. I. पृ. ६१.

२. मर्दकुक्षि भन्ने एक उदयानको नाम हो। बिम्बिसार राजाकी अग्रमहिषी कोशलदेवी गर्भिणी हुँदा गर्भको बालकले आफ्नो पितालाई हत्या गर्ने छन् भन्ने ज्योतिषको कुरा सुनी महारानीले

गर्भपात गर्न चाहेकी थिइन् । अनि एकदिन आफ्नो पेट मर्दन गराउन महारानी उक्त उदयानमा गएकी थिइन् । सो उदयानमा गर्भ मर्दन गराएको हुँदा त्यहाँदेखि त्यसको नाम 'मर्दकुक्षि' भन्ने रहन गएको हो । सार. प. I. पृ. ६१: सकलिकसुत्तवण्णना ।

३. मृगहरूलाई अभय दिइराखेको उदयान भएकोले 'मृगदा' भनिएको हो । सार. प. I. पृ. ६१.

४. घाउको कुरा उल्लेख गर्दै सारत्थपकासिनीले यसरी उल्लेख गरेको छ ।

अजातशत्रु राजाको सहायता लिई देवदत्त भिक्षुले भगवान् बुद्धलाई वध गराउन धनुषधारी तथा नालागिरी हात्ती समेत पठाएका थिए । (यी कुराहरू चुल्ल. व. पा. पृ. २६१ र २६७ मा वर्णित छन्) असफल भएपछि आफैले मार्न विचार गरी, भगवान् बुद्ध गृद्धकूट पर्वतमा बसिरहनु भएको बेलामा एकदिन, पर्वतमाथि गई देवदत्तले त्यहाँबाट एक ठूलो ढुँगाले हानेको थियो । (यो कुरा चुल्ल. व. पा. पृ. २६३ मा वर्णित छ) सो हानेको ठूलो ढुँगा अर्को ढुँगामा लागी त्यसबाट उछिट्टिएर आएको एक ढुँगाको टुक्राले भगवान्को खुट्टामा लागेर बन्चोरोले काटेको झैं गरी घाउ भएको थियो । धेरै रगत बगेको थियो । (बुद्धको शरीरबाट रगत बगाउने सम्बन्धमा विनिश्चय कुरा पपं. सू. IV. पृ. ७७: बहुधातुकसुत्तवण्णना; विभं. अ. क. पृ. ४३०:

ञाणविभङ्गोमा हेर्नू) यसबाट वहाँलाई अत्याधिक वेदना भएको थियो, वहाँ बिसञ्चो हुनुभएको थियो । अनि भिक्षुहरूले वहाँलाई खाट्मा राखी मर्दकुक्षिमा लगेका थिए । सार. प. I. पृ. ६२: सकलिकसुत्तवण्णना । यस विषयमा लेखकको बु. गृ. भा–१, पृ. ३५८: मा पनि हेर्नू ।

५. शैय्या चार प्रकारका छन् (१) कामभोगी शैय्या, (२) प्रेत शैय्या, (३) सिंह शय्या तथा (४) तथागत शैय्या ।

'धेरैजसो कामभोगीहरू देब्रेतिरबाट सुत्छन्' भनी अं. नि–४, पृ. २५६: सेय्यासुत्तले उल्लेख गरेकोलाई 'कामभोगी शैय्या' भनी भनिन्छ । 'धेरैजसो प्रेतहरू उत्तानोपरी सुत्छन्' भनी उल्लेख गरेकोलाई 'प्रेत शय्या' भनी भनिन्छ । 'धेरैजसो सिंह मृगराजहरू दुइ तिघ्राको बीचमा पुच्छर राखी दाहिनेतिरबाट शयन गर्छ' भनी उल्लेख गरेकोलाई सिंह शैय्या' भनी भनिन्छ । 'यहाँ तथागत.. चतुर्थ ध्यानमा तल्लीन भई बस्नुहुन्छ' भनी उल्लेख भएकोलाई 'तथागत शैय्या' भनी भनिन्छ । यस सूत्रमा चाहिं सिंह जस्तै दाहिनेतिरबाट लेट्ने शैय्यालाई 'सिंह शैय्या' भनी भनिएको हो । यस्तो शैय्यामा दाहिने खुट्टामाथि देब्रे खुट्टा राखेको हुन्छ तर गोलिगाँठामाथि अर्को गोलिगाँठा भने पारेको हुन्न । दाहिने खुट्टाको गोलिगाँठाभन्दा अलि माथिल्तिर पारी देब्रे खुट्टा राखेको हुन्छ । सार. प. I. पृ. ६२–६३: सकलिकसुत्त-वण्णना ।

अनि सातशय सतुल्लपकायिक देवताहरू रात बितिसकेपछि सुन्दर रूप धारण गरी मर्दकुक्षि (=मद्दकुच्छि) उद्यान जम्मै आलोकित पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए। एक छेउमा उभिएका एक देवताले भगवान् समक्ष यो उदान प्रकट गरे—

"श्रमण गौतम बलवान् हात्ती समान हुनुहुन्छ। बलवान् नाग समान हुनु भई उत्पन्न भएको शारीरिक तीव्र, खरो, कटु, अस्वादिलो तथा अमनाप दुःख वेदनालाई स्मृतिसम्प्रजन्यद्वारा अविचलित भई सहनु भएको छ।"

अनि अर्का देवताले भगवान् समक्ष यो उदान प्रकट गरे—

"श्रमण गौतम सिंह समान हुनुहुन्छ। सिंह समान हुनु भई उत्पन्न भएको शारीरिक तीव्र, खरो, कटु, अस्वादिलो तथा अमनाप दुःख वेदनालाई स्मृतिसम्प्रजन्यद्वारा अविचलित भई सहनु भएको छ।"

अनि अर्का देवताले भगवान् समक्ष यो उदान प्रकट गरे—

"श्रमण गौतम आजानीय (अश्व) समान हुनुहुन्छ। आजानीय (अश्व) समान हुनु भई उत्पन्न भएको शारीरिक तीव्र,...तथा अमनाप दुःख वेदनालाई स्मृतिसम्प्रजन्यद्वारा अविचलित भई सहनु भएको छ।"

अनि अर्का देवताले भगवान् समक्ष यो उदान प्रकट गरे—

"श्रमण गौतम नृषभ[1] समान हुनुहुन्छ । नृषभ समान हुनु भई उत्पन्न भएको शारीरिक तीव्र,...तथा अमनाप दुःख वेदनालाई स्मृतिसम्प्रजन्यद्वारा अविचलित भई सहनु भएको छ ।"

अनि अर्का देवताले भगवान् समक्ष यो उदान प्रकट गरे—

"श्रमण गौतम धोरेय्ह (=धुर बहन गर्ने) समान हुनुहुन्छ । धोरेय्ह समान हुनु भई उत्पन्न भएको शारीरिक तीव्र,...तथा अमनाप दुःख वेदनालाई स्मृतिसम्प्रजन्यद्वारा अविचलित भई सहनु भएको छ ।"

अनि अर्का देवताले भगवान् समक्ष यो उदान प्रकट गरे—

"श्रमण गौतम दान्त हुनुहुन्छ । दान्त समान हुनु भई उत्पन्न भएको शारीरिक तीव्र,...तथा अमनाप दुःख वेदनालाई स्मृतिसम्प्रजन्यद्वारा अविचलित भई सहनु भएको छ ।"

अनि अर्का देवताले भगवान् समक्ष यो उदान प्रकट गरे—

"हेर (भगवान्को) समाधि (कति) सुभावित छ, चित्त पनि (कति) सुविमुक्त छ; (वहाँको चित्त) न त अभिनत छ न त अपनत छ[2];

---

१. शय गाईको प्रमूखलाई उसभ (=ऋषभ) भन्दछन्, हजार गाईको प्रमूखलाई वसभ (=वृषभ) भन्दछन् तथा एकलाख गाईको प्रमूखलाई निसभ (=नृषभ) भन्दछन् । सार. प. I. पृ. ६३: सकलिकसुत्तवण्णना ।

२. कुनै पनि कारणद्वारा चित्त उच्च नीच छैन अर्थात् अविचलित हुनुहुन्छ भनी भनेको हो ।

न त ससंस्कार निग्रहको निमित्त चारित व्रत छ[1] (यस्की संस्कार उच्छिन्न छ); जो यस प्रकारका पुरुषहस्ती, पुरुषसिंह, पुरुष-आजानीय, पुरुषनृषभ, पुरुषधोरेय्ह, पुरुषदान्तलाई समेत (ढुंगाले) हान्न सक्छ भने सो मूर्खले (=देवदत्तले) अरूलाई के नगर्ला !!"

(भगवान् भन्नुहुन्छ—)

१–"शय वर्षसम्म पञ्चाङ्ग वेद पढी ब्राह्मणहरूले तपस्या गरे तापनि उनीहरूको चित्त सम्यक्‌रूपले विमुक्त भई पारगामी नभई हीनार्थभाव नै हुन्छ[2] ।

२–"तृष्णाधीन भई अजव्रतादि व्रतशील पालन गरी—शय वर्षसम्म कठोर तपस्या गरे तापनि उनीहरूको चित्त सम्यक्‌रूपले विमुक्त भई पारगामी नभई हीनार्थभाव नै हुन्छ[3] ।

---

१. क्लेशहरूलाई दूर गर्न कुनै प्रयत्न गरी शील रक्षा गर्नु पर्ने कारण छैन भनी भनिएको हो ।

२. "पञ्चवेदा सतं समं, तपस्सी ब्राह्मणा चरं ।
चित्तं च नेसं न सम्मा विमुत्तं, हीनत्थरूपा न पारङ्गमा ते ।।"
सं. नि. I. पृ. २७: सकलिकसुत्तं ।

३. "तण्हाधिपन्ना वतसीलबद्धा,
लूखं तपं वस्ससतं चरन्ता ।
चित्तं च नेसं न सम्मा विमुत्तं,
हीनत्थरूपा न पारङ्गमा ते ।।"
सं. नि. I. पृ. २७: सकलिकसुत्तं ।

३–"मान कामना गर्नेको यहाँ संयम छैन, आत्मदमन नहुनेको यहाँ मुनिभाव छैन र एक्लै अरण्यमा विहार गरे तापनि प्रमादी हुने पुरुष मृत्युलोकबाट पारतर्न सक्दैन[1]।

४–"मानलाई छाडी सुसमाहित भई शुद्ध चित्त गरी सर्व बन्धनबाट मुक्त हुने र अप्रमादी भई एक्लै अरण्यमा विहार गर्ने पुरुष नै मृत्युलोकबाट पारतर्न सक्छ[2]।"

---

१. "न मानकामस्स दमो इधत्थि,
न मोनमत्थि असमाहितस्स।
एको अरञ्ञे विहरं पमत्तो,
न मच्चुधेय्यस्स तरेय्य पारं॥"
सं. नि. I. पृ. २८: सकलिकसुत्तं।

२. "मानं पहाय सुसमाहितत्तो,
सुचेतसो सब्बधि विप्पमुत्तो।
एको अरञ्ञे विहरमप्पमत्तो,
स मच्चुधेय्यस्स तरेय्य पारं॥"
सं. नि. I. पृ. २८: सकलिकसुत्तं।

४३।२. सनङ्कुमार ब्रह्मा

परिचय

यी सनङ्कुमार (=सनत्कुमार) ब्रह्मा ब्रह्मलोकवासी हुन् ।

पपं. सू. III. पृ. २२: सेखसुत्तवण्णना र सं. नि. ग्र. क. I. पृ. १७१: सनङ्कुमारसुत्तवण्णनाको भनाइ अनुसार यी सनत्कुमार अघि मनुष्य छँदा पाँचवटा चुल्ठो बाँधी हिड्दा हिड्दै ध्यान लाभ गरी ब्रह्मलोकमा उत्पन्न भएका थिए । यिनलाई त्यो तरुण जीवन सारै प्यारो थियो । त्यसैले जहिले पनि तरुण देखिने भएकोले ब्रह्मलोकमा उनलाई 'सनङ्कुमार' भनिएको हो[१] ।

जब देवसभामा यी सनङ्कुमार (=सनत्कुमार) ब्रह्मा प्रकट हुन्छन् तब त्रयस्त्रिंशका सबै देवताहरू हातजोरी सम्मानपूर्वक प्रतीक्षा गरी बस्छन् । यिनी त्रयस्त्रिंश देवसभामा प्रकट हुँदा स्थूल रूप लिई प्रकट हुन्छन् । यिनको सूक्ष्म प्रकृति रूपलाई देवताहरूले देख्न सक्दैनन् ।

१. दी. नि. II. पृ. १५७: जनवसभसुत्तं र दी. नि. II. पृ. १६९: महागोविन्दसुत्तं ।

देवसभामा चार ऋद्धिपाद, तीनवटा स्थान, स्मृतिप्रस्थान, सप्तसमाधि परिष्कार आदि विषयमा यिनले धर्मका कुरा सुनाउँछन् । धर्मोपदेशको शिलसिलामा यिनले यो पनि भनेका छन् कि—आर्यकान्त शीलले सुसम्पन्न स्रोतापन्न भई देवलोकमा उत्पन्न भएका मगधका मानिसहरू २४ लाख छन्[१] ।

दीर्घनिकायको महागोविन्द सूत्रानुसार चार महीनासम्म करुणाको ध्यान गरिरहेको महागोविन्द ब्राह्मणको मनमा "मैले वयोवृद्ध आचार्य प्राचार्यहरूबाट सुनेको छु कि चार महीनासम्म करुणाको ध्यान गर्नेले ब्रह्मासँग भेट गर्न सक्छ र कुरा गर्न पनि सक्छ । तर मैले आजसम्म कुनै ब्रह्मालाई देख्न सकेको छैन[२]" भन्ने लाग्यो ।

अनि उनको मनको कुरा थाहापाई सनत्कुमार ब्रह्मा महागोविन्द ब्राह्मणको अगाडि प्रकट भएको कुरा दी. नि. II. पृ. १७९ मा उल्लेख भएको छ । जब उनले कहिल्यै नदेखेको ज्योतीर्मय रूप देखे तब महागोविन्दले "तिमी को हौ ?" भनी सोध्दा उनले यसरी उत्तर दिएका थिए—

"यं वे कुमारं जानन्ति, ब्रह्मलोके सनन्तनं ।
सब्बे जानन्ति मं देवा, एवं गोविन्द जानाहि ।।"

---

१. दी. नि. II. पृ. १६३: जनवसभसुत्तं । यसको अनुवाद लेखकको बु. रा. भा–१, पृ. ६५ मा भएको छ ।

२. दी. नि. II. पृ. १७८: महागोविन्दसुत्तं । यसको अनुवाद लेखकको बु. ब्र. भा–१, पृ. ३२८ मा भएको छ ।

अर्थात्—ब्रह्मलोकका सबै देवताहरूले सनत्कुमार भनी मलाई चिन्दछन् । गोविन्द ! त्यस्तैगरी तिमीले पनि चिन ।

यिनले भनेका कुरालाई भगवान् बुद्धले त्रिपिटकको अनेक ठाउँमा उद्धृत गर्नुभएको छ । उनको यो भनाइ यस्तो थियो—

"खत्तियो सेट्ठो जनेतस्मिं, ये गोत्तपटिसारिनो ।
विज्जाचरण सम्पन्नो, सो सेट्ठो देवमानुसे[1] ।।"

अर्थात्—गोत्र खोजी गर्ने मनुष्यहरूमा क्षत्री श्रेष्ठ छ भने देव-मनुष्यहरूका बीच विद्याचरणले सम्पन्न भगवान् बुद्ध सर्वश्रेष्ठ हुनुहुन्छ ।

× × ×

---

१. अं. नि-११, पृ. ३७१: मोरनिवापसुत्तं, निस्सयवग्गो; म. नि. II. पृ. २६: सेखसुत्तं; दी. नि. II. पृ. ८६: अम्बट्ठसुत्तं; दी. नि. III. पृ. ७६: अग्गञ्ञसुत्तं र सं. नि. I. पृ. १५३: सनङ्कुमारसुत्तं, ब्रह्मसंयुत्तं ।

मूल सूत्र—

मनुष्यहरूमा क्षत्री श्रेष्ठ छ
(सनङ्कुमारसुत्त[१])

यस्तो मैले सुनें ।

एक समय भगवान् राजगृहस्थित सर्पिनी (=सप्पिनी) नदीको तीरमा बस्नुभएको थियो । त्यस समय सनङ्कुमार ब्रह्मा (सनत्कुमार) रात बितिसकेपछि सुन्दर रूप धारण गरी सर्पिनीतीर जम्मै आलोकित पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका ब्रह्मा सनत्कुमारले (सनङ्कुमारले) भगवान् समक्ष यो गाथा भने—

"खत्तियो सेट्ठो जनेतस्मिं, ये गोत्तपटिसारिनो ।
विज्जाचरण सम्पन्नो, सो सेट्ठो देवमानुसे'ति ।।"

---

१. सं. नि. I. पृ. १५३: ब्रह्मसंयुत्त; अ. क. I. पृ. १७१.

अर्थ—

"गोत्र सम्बन्धी कुरा गर्ने मनुष्यहरूमा क्षत्री श्रेष्ठ भए जस्तै जो विद्याचरण सम्पन्न छ उही नै देवमनुष्यहरूमा श्रेष्ठ छ।"

ब्रह्मा सनत्कुमारले यति भने। शास्ताको पनि यसमा सहमति थियो। अनि ब्रह्मा सनत्कुमार "शास्ता (यसमा) सहमत हुनुहुन्छ" भन्ने जानी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी उहीं अन्तर्धान भए।

४४।३. सहम्पति ब्रह्मा

परिचय

त्रिपिटक मूल सूत्रहरू र अर्थकथाहरू अध्ययन गर्दा यी सहम्पति ब्रह्माको नाम विभिन्न सूत्रहरूमा र अर्थकथाहरूमा उल्लेख भएको पाउँछौं।

जसरी बुद्धको जीवनीको शुरुदेखि नै शक्र देवेन्द्रको सम्बन्ध भएको कुरा हामी पाउँछौं त्यसरी नै यी सहम्पति ब्रह्माको सम्बन्ध पनि बुद्धजीवनीको शुरुदेखि रहेको कुरा हामी पाउँछौं।

सबभन्दा पहिले त हामीले सिद्धार्थ बोधिसत्व बुद्ध हुने दिनको साँझपख सहम्पति ब्रह्मा बुद्धगयाको पिपलको रुखमनि बसेको पाउँछौं।

वैशाख पूर्णिमाको दिन साँझपख जब सिद्धार्थ बोधिसत्व बुद्धगयाको पिपलको रुखमनि मारसँग संघर्ष गरिरहनुभएको थियो तब त्यसबखत अरू देवताहरू झैं यी सहम्पति ब्रह्मा पनि सेतो छत्र समाती बसिरहेका कुरा बु. वं. अ. क. पृ. २३९: गोतमबुद्धवंसवण्णनाले उल्लेख गरेको छ। जातकट्ठकथा अविदूरेनिदान पृ. ६० ले चाहिं केवल

'महाब्रह्मा' भन्ने मात्र उल्लेख गरेको छ। स्मरण रहोस् कि जातकट्ठकथा बुद्धघोष आचार्य सम्पादित हो भने बुद्धवंसट्ठकथा चाहिं बुद्धदत्त आचार्य सम्पादित हो।

त्यसपछि बुद्धत्व प्राप्त गरिसक्नुभएपछि बुद्धगयाको बोधिवृक्षको आसपासमा जब वहाँ सात हप्तासम्म ध्यानमग्न भई बसिरहनुभएको थियो तब यी सहम्पति ब्रह्मा बुद्धकहाँ पटक पटक आएका कुरा हामी पाउँछौं। जस्तै—

(१) जब भगवान् पाँचौं हप्तामा[1] बोधिवृक्षको आसपासमा नेरञ्जरा नदीनिर रहेको अजपाल भन्ने बरको रुखमनि बस्नुभई पञ्चेन्द्रियको गम्भीरता र महत्ताबारे[2] विचारमग्न हुनुभएको थियो तब त्यहाँ सहम्पति ब्रह्मा आई "त्यो त्यस्तै हो" भनी भनेका मात्र होइनन् आफू पनि यिनै पञ्चेन्द्रियलाई भाविता र बहुलिकृत गरी ब्रह्मलोकमा उत्पन्न भएको कुरा समेत बताएका छन्। यस सूत्रको अनुवाद अगाडिको पहिलो सूत्रमा भएको छ।

---

१. बुद्ध भइसकेपछि भगवान्ले कुन कुन हप्ता कहाँ कहाँ बिताउनुभयो भन्ने बारेमा लेखकको बु. श्रा. च. भा–१, पृ. २२ देखि पृ. ५३ सम्म हेर्नू।

२. यो पञ्चेन्द्रियको महत्ता बुझ्नको लागि सं. नि. IV. पृ. २००–०१ मा उल्लिखित पदसुत्तं, सारसुत्तं र पतिट्ठितसुत्तं, इन्द्रियसंयुत्तमा हेरेमा विस्तृत जानकारी हुनेछ।

यस सूत्रमा उनले आफू काश्यप बुद्धको पालामा सहक भन्ने भिक्षु भएको कुरा र ब्रह्मलोकमा उत्पन्न भएपछि त्यहाँ आफूलाई 'सहम्पति' भनिएको कुरा पनि व्यक्त गरेका छन् ।

यसको पष्टिकरण दिदै सं. नि. अ. क. I. पृ. १५५: ब्रह्मयाचनसुत्तवण्णना, ब्रह्मसंयुत्त ले काश्यप बुद्धको पालाका सो सहक भिक्षु प्रथमध्यानको प्रभावद्वारा कल्पसम्म आयु हुने ब्रह्मा हुन पुगेको कुरा उल्लेख गरेको छ । बु. वं. अ. क. पृ. ११: निदानवण्णनाले पनि यस्तै कुरा उल्लेख गरेको पाउँछौं । बु. वं. अ. क. ले त 'महाब्रह्मा' भनी उल्लेख गरेको छ। यसो भन्नाको कारण शायद अभिधर्मपिटकको विभङ्गपाळि पृ. ५०६: 'उप्पादककम्म-आयुप्पमाणानि' को अनुसार उत्कृष्ट रूपले प्रथमध्यान प्राप्तगर्नेहरू महाब्रह्मा देवहरूकहाँ उत्पन्न हुन्छन् भन्ने कारणलाई ध्यानमा राखेर हुनसक्छ ।

"सहकपति" भन्नुपर्ने ठाउँमा अनुस्वार आगमन भई रूलहीको हिसापले "सहम्पति" भनिएको हो भनी बु. वं. पृ. ११: अर्थकथाले उल्लेख गरेको छ ।

सुत्त. नि. अ. क. II. पृ. ३१५: कोकालिकसुत्तवण्णनाले चाहिं "यी काश्यप बुद्धका पालाका सहक भिक्षु अनागामी भई सुद्धावासमा उत्पन्न भए" भनी उल्लेख गरेको छ[१] ।

---

१. सं. नि. अ. क. पनि सुत्त. नि. अ. क. पनि आचार्य बुद्धघोष महास्थविरकै पुस्तकहरू हुन् । तैपनि दुइ ठाउँमा दुइ थरीका कुरा उल्लेख भएका छन् ।

(२) फेरि वहाँ उहीं बसिरहनुभएको बेलामा वहाँको मनमा कुनै ठूलो पुरुषको आश्रय लिई बस्नु बेश होला भन्ने विचार आएपछि शील, समाधि र प्रज्ञामा आफूभन्दा अरु कुनै ठूलो पुरुष नदेखेपछि आफूले पाएको धर्मलाई नै गौरबराखी धर्मकै आश्रय लिई बस्नु बेश होला भनी वहाँले निश्चय गर्नुभयो ।

यत्तिकैमा त्यहाँ सहम्पत्ति ब्रह्मा प्रकट भई घुँडा टेकी भगवान्-लाई नमस्कार गरी "भगवान्ले जुन कुरा मनमा चिताउनुभयो त्यो सारै राम्रो हो । अतीतका बुद्धहरूले पनि यस्तै गरेका थिए र भविष्यका बुद्धहरूले पनि यस्तै गर्ने छन्" भनी अनुमोदन गरेका थिए ।

अजपाल बरको रुखमनि घटेको यो कुरा चाहिं वहाँ स्वयंले भिक्षुहरूलाई पछि श्रावस्तीमा बताउनु भएको थियो । जुन कुरा अगाडि अनुदित दोश्रो सूत्रले प्रष्ट पारेको छ ।

(३) फेरि वहाँ त्यहीं बसिरहनुभएको बेलामा एकदिन वहाँले "यी चार सतिपट्ठानले बाहेक अरूले निर्वाणमा पुऱ्याउन सक्दैनन् । यही नै एउटै मार्ग हो (एकायन्वायं मग्गो)" भन्ने विचार गरिरहनु-भएको थियो । त्यसैबखत त्यहाँ सहम्पति ब्रह्मा प्रकट भई घुँडा टेकी बुद्धलाई नमस्कार गरी "भन्ते ! चार सतिपट्ठान बाहेक निर्वाणमा पुऱ्याउन सक्ने मार्ग अरू छँदैछैन" भनी भगवान्को विचारलाई समर्थन गरेका थिए ।

यो घटनाको कुरा पनि भगवान्ले भिक्षुहरूलाई पछि श्रावस्तीमा

बताउनुभएको थियो । जुन कुरा अगाडि अनुदित तेश्रो सूत्रमा दर्शाइएको छ ।

(४) त्यसपछि आठौं सप्ताहमा भगवान् अजपाल भन्ने बरको रुखमनि बसिरहनुभएको बेलामा भगवान्‌को मनमा धर्मउपदेश गर्ने सम्बन्धमा कल्पना भइरहेको थियो । अनि सहम्पति ब्रह्मा आई भगवान्-सँग धर्मदेशना गर्नुहुन प्रार्थना गरेका थिए । जुन कुरा अगाडि अनुवित चौथो मूल सूत्रले अष्टचाएको छ । यी सहम्पति ब्रह्मा आई प्रार्थना गरेको कुरा महा. व. पा. पृ. ६: ब्रह्मचायनाकथा, महाखन्धकं; म. नि. I. पृ. २१७: पासरासिसुत्तं; म. नि. II. पृ. ३३२: बोधिराजकुमार-सुत्तं र सं. नि. I. पृ. १३७: ब्रह्मयाचनासुत्तंमा पनि उल्लेख भएका छन् ।

त्यसपछि ब्रह्माको प्रार्थनालाई स्वीकार्नु भयो । ब्रह्माको प्रार्थना-लाई स्वीकारी भगवान्‌ले धर्मदेशना गर्ने निश्चय गरेको कुरा अत्थसालिनी पृ. ३१: निदानकथामा पनि उल्लेख भएको छ ।

वर्तमान बुद्धसँग सहम्पति ब्रह्माले धर्मदेशना सम्बन्धी प्रार्थना गरे झैं बिपश्वी बुद्धसँग पनि महाब्रह्माले प्रार्थना गरेको कुरा दी. नि. II. पृ. ३०: महापदानसुत्तंमा उल्लेख भएको छ ।

यी सबै घटनाहरू बुद्धत्व प्राप्तिको लगत्तै पछि बुद्धगयाको आसपासमा घटेका कुरा हुन् ।

त्यसपछि ऋृषिपतन मृगदायमा (हाल सारनाथ, बनारस) सर्वप्रथम धर्मचक्र प्रवर्तन गरिसक्नुभएपछि त्यसबेला त्यहाँ भएका

साठीजना भिक्षुहरूलाई मानवकल्याणको निमित्त ठाउँ ठाउँमा जाने आज्ञा दिनुभई आफू स्वयं पनि उरुवेलतिर जानुभएको थियो ।

त्यसबखत उरुवेलमा उरुवेलकाश्यप, नदीकाश्यप र गया-काश्यप भन्ने तीन जटाधारी दाजुभाइ तपस्वीहरू बसेका थिए । यिनीहरूमध्ये उरुवेलकाश्यप ५०० शिष्यहरूका, नदीकाश्यप ३०० शिष्यहरूका र गयाकाश्यप २०० शिष्यहरूका प्रमुख थिए । उनीहरू-लाई दमन गर्ने विचारले भगवान् बुद्ध उरुवेलकाश्यपको आश्रमको नजिकको एक बनमा बसिरहनुभएको थियो ।

एक दिनको रातमा यी सहम्पति ब्रह्मा बन जम्मै उज्यालोपारी आफू पनि सुन्दर रूप धारण गरी भगवान्कहाँ आई अभिवादन गरी एक छेउमा बसेका कुरा महावग्गपालिमा उल्लेख भएको पाउँछौं । जुन सूत्र अगाडिको पाँचौं सूत्रमा अनुवाद गरिदिएको छ ।

एक समय भगवान् कपिलवस्तुको न्यग्रोधारामा बसिरहनु-भएको थियो । त्यसबखत त्यहाँ भिक्षुहरू होहल्ला गरी बसेका थिए । अनि भगवान्ले ती भिक्षुहरूलाई विहारबाट निष्कासन गर्नुभएको थियो ।

त्यसबखत सहम्पति ब्रह्मा आई भगवान्सँग "यदि भगवान्ले ती भिक्षुहरूलाई बोलाउनु नभएमा शायद उनीहरू चीवर छोडेर पनि जान सक्छन्" भनी निवेदन गरेका थिए । जुन कुरा अगाडि अनुदित छैटौं सूत्रमा उल्लेख भएको छ ।

यस्तै घटना एक समय भगवान् बुद्ध शाक्य जनपदको चातुम भन्ने गाउँमा बसिरहनुभएको वेलामा सारिपुत्र तथा महामौद्गल-

वयायन महास्थविरहरूका पाँचशय शिष्य भिक्षुहरू होहल्ला गरी बसिरहेका थिए। त्यसबखत पनि भगवान्ले अग्रश्रावकहरू सहित ती भिक्षुहरूलाई विहारबाट निकालिदिनुभएको थियो।

जब यिनीहरू विहारबाट बाहिर गए तब त्यहाँ सहम्पति ब्रह्मा आई भगवान्सँग "भन्ते! भिक्षुसङ्घ प्रति प्रसन्न हुनुहोस्" आदि भनी अनेक उपमाहरू देखाई अनुरोध गरेका कुरा अगाडि अनुदित सातौं सूत्रले प्रष्ट पारेको छ।

एक समय भगवान् बुद्ध अधेंरीरातमा मगधको अन्धकविन्द भन्ने गाउँमा खुला ठाउँमा बसिरहनुभएको थियो। यो देखी सहम्पति ब्रह्माको मनमा "अहिले पनि भगवान् तपस्या गर्दै हुनुहुन्छ। त्यहाँ गएर उपयुक्त कुरा सुनाउनुपर्‍यो" भन्ने ठानी भगवान्कहाँ गएका थिए भन्ने कुरा सं. नि. अ. क. I. पृ. १७१: अन्धकसुत्तवण्णना, ब्रह्मसंयुत्त ले उल्लेख गरेको छ। सहम्पति ब्रह्माले भनेका कुराहरू अगाडि अनुदित आठौं मूल सूत्रमा उल्लेख भएको छ।

एक समय श्रावस्तीकी एउटी ब्राह्मणीको छोरा ब्रह्मदेव भन्ने बुद्ध शासनमा प्रव्रजित भई अरहत् भएपछि आफ्नो आमाको घरमा भिक्षाटन गए। त्यसबखत ब्राह्मणी ब्रह्मालाई आहुतिपिण्ड चढाउँदै थिइन्। यो देखेर सहम्पति ब्रह्माको मनमा "यी ब्राह्मणीलाई सम्झाउनुपर्‍यो" भन्ने लागेपछि उनी आकाशमा प्रकट भई "ब्राह्मणी! यी पिण्डहरू ब्रह्माले ग्रहण गर्दैनन्। ब्रह्मलोक प्रति टाढा छ। ब्रह्म-लोकको बाटो बुझ्न सक्नुपर्छ। तिम्रो घरमा भिक्षाटन् आएका तिम्रै

पुत्र ब्रह्मा भन्दा महाब्रह्मा हुन् । उनको पूजा सत्कार गर" भनी भनेको कुरा अगाडि अनुदित नवौं सूत्रमा उल्लेख भएको छ ।

राजगृहमा सङ्घभेद गरी देवदत्त भिक्षु गयाशीर्षमा गइसकेपछि भगवान् राजगृहको गृद्धकूट पर्वतमा बसिरहनुभएको थियो । त्यसबखत त्यहाँ सहम्पति ब्रह्मा आई जुन कुरा सुनाएका थिए सो कुरा अगाडिको दशौं सूत्रमा अनुदित भएको छ ।

सारिपुत्र र महामौद्गल्यायन महास्थविरहरूलाई देखि नसहने कोकलिक नगरवासी ब्राह्मण जातिका कोकालिक भिक्षु शरीरमा आएको खटिराको रोगले निधन भएपछि सहम्पति ब्रह्मा भगवान्कहाँ गई कोकालिक भिक्षु 'पद्म' भन्ने नरकमा उत्पन्न भए भनी सुनाएको कुरा अगाडिको एघारौं सूत्रमा उल्लेख भएको छ ।

समन्तपासादिका I. पृ. १०१: वेरञ्जकण्डवण्णनामा एकदिन सहम्पति ब्रह्माले बुद्धलाई रत्नको माला चढाएको कुरा उल्लेख भएको छ । दीघनिकायट्ठकथा I. पृ. २११: सामञ्ञफलसुत्तवण्णनामा चाहिं कालिन्दवासी महाफुस्स थेरले १९ वर्षसम्म गमनागमनको व्रत पूरा गरी २० वर्षको बीचमा अरहत्फल प्राप्त गरेका थिए । उनले अरहत्व प्राप्त गरेको दिनमा उनी चंक्रमण गर्ने ठाउँका देवताहरू औंलामा बत्ती बाली उभिइरहेका थिए । चातुमहाराजाहरू, शक्र देवेन्द्र तथा सहम्पति ब्रह्मा पनि उनको उपस्थानका लागि आएका थिए । कुशीनगरका मल्लहरूको उपवत्तन भन्ने शालवनमा भगवान्को

परिनिर्वाण हुँदा यी सहम्पति ब्रह्माले जुन उद्‌गार गाथा भनेका थिए सो गाथा अगाडिको बाह्रौं सूत्रमा उल्लेख भएको छ ।

यसरी हामी पालि साहित्यमा सहम्पति ब्रह्माको बारेमा अनेकौं कुरा पाउँछौं ।

× × ×

मूल सूत्र –

१–सहम्पति ब्रह्मा को थिए ?

(सहम्पतिब्रह्मसुत्त[१])

एक समय भगवान् बुद्ध अइसक्नु भएपछि पहिलो पटक[२] (=पठमाभिसम्बुद्धो), उरुवेलस्थित नेरञ्जरा नदीको तीरमा अजपाल भन्ने वरको रुखनिर बसिरहनुभएको थियो। त्यसबखत एकान्त ध्यानमा बसिरहनुभएका भगवान्को चित्तमा यस्तो कल्पना उठ्यो—

"पञ्चेन्द्रियहरूको भाविता-बहुलिकृत गर्दा अमृत पाउन सक्छ, अमृत परायण हुन्छ तथा अमृतमै अन्तः हुन्छ। कुन पांच भने ?— (१) श्रद्धेन्द्रियको भाविता-बहुलिकृत गर्दा अमृत पाउँन सक्छ, अमृत परायण हुन्छ तथा अमृतमै अन्तः हुन्छ। (२) वीर्येन्द्रियको..., (३) स्मृतीन्द्रियको......, (४) समाधीन्द्रियको......तथा (५) प्रज्ञेन्द्रियको

---

१. सं. नि. IV. पृ. २०१: इन्द्रियसंयुत्त, अ. क. III. पृ. १९६.

२. बुद्ध भगवान्ले बुद्धत्व प्राप्त गरेको पांचौ हप्तामा। हेर लेखकको बु. श्रा. च. भा–१, पृ. ३७–३८.

भाविता-बहुलिकृत गर्दा अमृत पाउन सक्छ, अमृत परायण हुन्छ तथा अमृतमै अन्तः हुन्छ।"

त्यसबखत भगवान्को चित्तमा उठेको कल्पनालाई आफ्नो चित्तले जानी जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ अथवा पसारेको बाहुलाई खुम्च्याउँछ—त्यस्तै गरी सहम्पति ब्रह्मा ब्रह्मलोकमा अन्तर्धान भई भगवान्को अगाडि प्रकट भए। अनि सहम्पति ब्रह्माले उत्तरासङ्गलाई एकांश पारी भगवान्तिर हातजोरी भगवान्सँग यस्तो बिन्तिगरे—

"साँच्चैहो भगवान्! साँच्चैहो सुगत! पञ्चेन्द्रियको भाविता-बहुलिकृत गर्दा अमृत पाउन सक्छ, अमृतपरायण हुन्छ तथा अमृतमै अन्तः हुन्छ। कुन पाँच भने?—(१) श्रद्धेन्द्रियको भाविता-बहुलिकृत गर्दा...(२) वीर्येन्द्रियको भाविता-बहुलिकृत गर्दा.. (३) स्मृतीन्द्रियको भाविता-बहुलिकृत गर्दा......(४) समाधीन्द्रियको भाविता-बहुलिकृत गर्दा...तथा (५) प्रज्ञेन्द्रियको भाविता-बहुलिकृत गर्दा अमृत पाउन सक्छ, अमृतपरायण हुन्छ तथा अमृतमै अन्तः हुन्छ। यी नै पञ्चेन्द्रिय-हरूको भाविता-बहुलिकृत गर्दा अमृत पाउन सक्छ, अमृतपरायण हुन्छ तथा अमृतमै अन्त हुन्छ।

"भन्ते! परापूर्वकालमा मैले काश्यप सम्यक्सम्बुद्धकहाँ ब्रह्मचर्य पालन गरेको थिएँ। त्यसबखत मलाई 'सहक भिक्षु, सहक भिक्षु' भनी भन्दथे। भन्ते! यी नै पञ्चेन्द्रियहरूको भाविता-बहुलकृत गरी कामविषयमा हुने कामच्छन्दलाई त्यागी—सो म कायछाडी मरण-

पछि सुगति ब्रह्मलोकमा उत्पन्न भएँ । त्यहाँ मलाई 'सहम्पति ब्रह्मा, सहम्पति ब्रह्मा' भनी चिन्दछन् ।

"साँच्चैंहो भगवान्, साँच्चैंहो सुगत; म पनि जान्दछु कि—यी पञ्चेन्द्रियहरूको भाविता-बहुलिकृत गर्दा अमृत पाउन सकिन्छ, अमृत-परायण हुइन्छ तथा अमृतमै अन्तः हुइन्छ ।"

× × ×

मूळ सूत्र—

२–धर्मकै सम्मान गरी बसौं

(पठम उरुवेलसुत्तं[१])

यस्तो मैले सुनें ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो । अनि भगवान्ले भिक्षुहरूलाई "भिक्षुहो !" भनी आमन्त्रण गर्नुभयो । "भद्न्त" भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । त्यसपछि भगवान्ले यस्तो भन्नुभयो—

"भिक्षुहो ! एक समय म उरुवेळको नेरञ्जरा नदीको तीरमा—बुद्धत्व प्राप्त गरी प्रथमबार[२]—अजपाळ भन्ने बरको रुखमनि बसिरहेको थिएँ । अनि एकान्त ध्यानमा बसिरहेको मेरो चित्तमा यस्तो परिवितर्कना उठ्यो—

---

१. अं. नि–४, पृ. २२: उरुवेलवग्गो; अ. क. II. पृ. ४७६; यही सूत्रका कुरा सं. नि. I. पृ. १३९ मा गारवसुत्तं नामले उल्लेख भएको छ, ब्रह्मसंयुत्तं ।

२. भगवान्ले बुद्धत्व प्राप्त गरेको पाँचौ हप्तामा । हेर लेखकको बु. श्रा. च. भा–१, पृ. ३७–३८ मा ।

'कसैलाई गौरव नराखी कसैको आश्रय नलिई बस्नु दुःख हो। (त्यसोभए) अब म कुन श्रमण वा ब्राह्मणको[1] सत्कार गरी, गौरव गरी तथा उपनिश्रय लिई बसूँ त ?'

"भिक्षुहो! अनि सो मलाई यस्तो लाग्यो—

१–'अपरिपूर्ण शीलस्कन्ध (=शील समूह) को परिपूरणार्थ अरू श्रमण वा ब्राह्मणको सत्कार गरी, गौरव गरी तथा उपनिश्रय लिई बस्नुपर्ने हो। (तर) सदेवलोकमा[2], मारसहित, ब्रह्मसहित (लोकमा); श्रमणसहित ब्राह्मण प्रजाहरूमा, देवसहित मनुष्यहरूमा; म भन्दा शील-द्वारा सम्पन्नतर श्रमण वा ब्राह्मणलाई म देख्दिन—जसको सत्कार गरी, गौरव गरी तथा उपनिश्रय लिई म बसूँ।

२–'अपरिपूर्ण समाधिस्कन्धको परिपूरणार्थ अरू श्रमण वा ब्राह्मणको सत्कार गरी, गौरव गरी तथा उपनिश्रय लिई बस्नुपर्ने हो।

---

१. यहाँ 'श्रमण वा ब्राह्मण' भनेको पापलाई शान्त गरेकालाई 'श्रमण' र पापलाई बगाइसकेकालाई 'ब्राह्मण' भनिएको हो। त्यसैले मनोरथपूरणीले यस्तो उल्लेख गरेको हो—"समितपाप वाहित पापायेव समण ब्राह्मणा अधिप्पेता" मनो. र. पू. II. पृ. ४७७: पठम उरुवेलसुत्तवण्णना।

२. 'सदेवलोकमा ..' आदि भन्ने शब्दहरूको स्पष्टिकरण दिँदै उदा. अ. क. पृ. २७९: चुन्दसुत्तवर्णनाले यस्तो उल्लेख गरेको छ।

"सदेव भन्नाले पञ्चकामावचर देवगणहरूलाई अँगालिएको छ। मार सहित भन्नाले षष्टकामावचर देवहरूलाई अँगालिएको

छ । ब्रह्मसहित भन्नाले ब्रह्मकायिक ब्रह्माहरूलाई अँगालिएको छ । श्रमण सहित ब्राह्मण भन्नाले अन्यसम्प्रदायका साधु ब्राह्मणहरू र क्लेश नभएका श्रमण ब्राह्मणहरूलाई भनिएको हो । प्रजाहरू भन्नाले सत्वलोकलाई लक्षित गरिएको छ । देवसहित मनुष्यहरू भन्नाले सम्मति पाएका देव अर्थात् राजा सहित अन्य मनुष्यहरूलाई भनिएको हो । माथिल्ला तीन पदहरूद्वारा अवकाश लोक र तल्ला दुइ पदहरूद्वारा सत्वलोकलाई दर्शाइएको हो भन्ने अर्थ बुझ्नुपर्छ ।"

उपरोक्त 'सदेवलोकमा' भन्ने आदि पदहरूका अर्थहरू विषयवस्तु अनुसार स्पष्टिकरणहरू दिइएका कुरा विभिन्न अर्थकथाहरूमा पाइन्छन् ।

यहाँ उल्लेख भएका 'सदेवलोकमा' भन्ने आदि पदहरूको अर्थ यसप्रकार सम्झनु पर्दछ—

देवलोक सहितलाई– सदेवलोक, मारलोक सहितलाई — मारसहित आदि आदि । देवलोक मात्र भन्दा अरू लोकहरूमा बस्ने प्राणीहरू बुद्धभन्दा शीलादि गुणहरूले सम्पन्नतर छन् भन्न नपाउन् भन्ने विचारले पृथक् पृथक् नामहरू राखिएका हुन् । मनो. र. पू. II. पृ. ४७७: पठम उरुवेलसुत्तवण्णना । अरू पनि अर्थकथाहरूमा यस पदहरूको अर्थ पाइन्छन्, जस्तै— सुत्त. नि. अ. क. पृ. १६६: आलवकसुत्तवण्णना; मनो. र. पू. I. पृ. ४०८: वेनागपुरसुत्तवण्णना; पपं. सू. II. पृ. १६७: चूलहत्थिपदोपम-सुत्तवण्णना; सुमं. वि. पृ. १२१: सामञ्ञफलसुत्तवण्णना ।

(तर) सदेवलोकमा, मारसहित, ब्रह्मसहित (लोकमा); श्रमणसहित ब्राह्मण प्रजाहरूमा, देवसहित मनुष्यहरूमा; म भन्दा समाधिद्वारा सम्पन्नतर श्रमण वा ब्राह्मणलाई म देखिदन—जसको सत्कार गरी, गौरब गरी तथा उपनिश्रय लिई म बसूँ।

३–'अपरिपूर्ण प्रज्ञास्कन्धको परिपूरणार्थ अरू श्रमण वा ब्राह्मणको सत्कार गरी, गौरब गरी तथा उपनिश्रय लिई बस्नुपर्ने हो। (तर) सदेवलोकमा, मारसहित, ब्रह्मसहित (लोकमा); श्रमणसहित ब्राह्मण प्रजाहरूमा, देवसहित मनुष्यहरूमा; म भन्दा प्रज्ञाद्वारा सम्पन्नतर श्रमण वा ब्राह्मणलाई म देखिदन—जसको सत्कार गरी गौरब गरी तथा उपनिश्रय लिई म बसूँ।

४–'अपरिपूर्ण विमुक्तिस्कन्धको परिपूरणार्थ अरू श्रमण वा ब्राह्मणको सत्कार गरी, गौरब गरी तथा उपनिश्रय लिई बस्नुपर्ने हो। (तर) सदेवलोकमा, मारसहित, ब्रह्मसहित (लोकमा); श्रमणसहित ब्राह्मण प्रजाहरूमा, देवसहित मनुष्यहरूमा; म भन्दा विमुक्तिद्वारा सम्पन्न-तर श्रमण वा ब्राह्मणलाई म देखिदन—जसको सत्कार गरी, गौरब गरी तथा उपनिश्रय लिई म बसूँ।'

"भिक्षुहो ! अनि सो मलाई यस्तो लाग्यो—

'अतः जुन धर्मलाई मैले अभिसम्बोध गरें उही नै धर्मको सत्कार गरी, गौरब गरी तथा उपनिश्रय लिई किन म न बसूँ।'

"भिक्षुहो ! अनि सहम्पति ब्रह्माले मेरो चित्तको परिवितर्कना-लाई जानी जस्तै—कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ अथवा

पसारेको बाहुलाई खुम्च्याउँछ त्यस्तैगरी– ब्रह्मलोकमा अन्तर्धान भई सहम्पति ब्रह्मा मेरो अगाडि प्रकट भए ।

"भिक्षुहो ! अनि सहम्पति ब्रह्माले उत्तरासङ्गलाई एकांश पारी, दाहिने घुँडाले भुइँमा टेकी, मतिर हातजोडी मलाई यस्तो भने—'भगवान् ! ठीकँहो, सुगत ! ठीकँहो । भन्ते ! जो ती अरहत् सम्यक्सम्बुद्धहरू अतीतकालमा थिए ती भगवान्हरूले पनि धर्मलाई नै सत्कार गरी, गौरव गरी तथा धर्मकै उपनिश्रय लिई विहार गरेका थिए । भन्ते ! जो ती अनागतकालमा अरहत् सम्यक्सम्बुद्धहरू हुने छन् ती भगवान्हरूले पनि धर्मलाई नै सत्कार गरी, गौरव गरी तथा धर्मकै उपनिश्रय लिई विहार गर्ने छन् । भन्ते ! अहिले भगवान् अरहत् सम्यक्सम्बुद्ध पनि धर्मकै सत्कार गरी, गौरव गरी तथा धर्मकै उपनिश्रय लिई विहार गर्नुहोस् ।'

सहम्पति ब्रह्माले यति भने । यति भनेर पुनः यस्तो भने—

१–"ये च[1] अतीता[1] सम्बुद्धा, ये च बुद्धा अनागता ।
यो चे तरहि सम्बुद्धो, बहुन्नं[2] सोकनासनो ।।

२–"सब्बे सद्धम्मगरुनो, विहंसु[3] विहरन्ति च ।
तथा पि[4] विहरिस्सन्ति, एसा बुद्धान धम्मता ।।

१–१. सिहलमा: 'चब्भतीता' ।
२. बर्मिमा: 'बहूनं' ।
३. स्याम र रोमनमा: 'विहरिंसु' ।
४. सिहल र रोमनमा: 'अथो पि' ।

३–"तस्मा अत्थकामेन[1], महत्तमभिकङ्खता ।
सद्धम्मो गरुकातब्बो, सरं बुद्धान सासनं ।।"

अर्थ—

१–"सबैको शोक नाश गर्ने जुन अतीतकालका बुद्धहरू हुन्, जुन अनागतकालका बुद्धहरू हुन् तथा जुन वर्तमानकालका बुद्ध हुन्—

२–"यी सबैले सद्धर्मकै गौरव राखी विहार गरेका थिए र विहार गर्ने पनि छन्; अनि त्यस्तैगरी वर्तमानमा पनि विहार गर्ने छन्—यही नै बुद्धहरूको धर्म हो ।

३–"त्यसैले अर्थकामी महत्वाकांक्षीले बुद्धको शासन (=धर्म) लाई अनुस्मरण गरेर सद्धर्मकै गौरव राख्नुपर्छ ।"

× × ×

---

१. नालन्दा पालीमा: 'अत्तकामेन' ।

मूल सूत्र—

३-एकै मार्ग हो

(मग्गसुत्तं[१])

श्रावस्तीमा ।

त्यहाँ भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"भिक्षुहो ! एक समय[२] म उरुवेलको नेरञ्जरा नदीको तीरमा बुद्धत्व प्राप्त गरेको प्रथमवार (पठमाभिसम्बुद्धो), अजपाल भन्ने न्यग्रोध (वृक्ष) मा बसिरहेको थिएँ । भिक्षुहो ! अनि एकान्त ध्यानमा बसिरहँदा मेरो चित्तमा यस्तो वितर्कना उठ्यो—'सत्वहरू विशुद्ध हुनको निमित्त, शोक-परिदेवबाट उत्तीर्ण हुनको निमित्त, दुःख-

१. सं. नि. IV. पृ. १५९: सतिपट्ठानसंयुत्तं । यस्तै सूत्र सं. नि. IV. पृ. १४३: ब्रह्मसुत्तं, सतिपट्ठानसंयुत्तंमा पनि उल्लेख भएको छ, बु. श्रा. च. भाग–१, पृ. १२० मा पनि ।

२. भगवान्ले बुद्धत्व प्राप्त गरेको पाँचौ हप्तामा । हेर लेखकको बु. श्रा. च. भाग–१, पृ. ३७–३८ मा ।

दौर्मनस्यलाई अन्तः गर्नको निमित्त न्याय[1] (=ञाय=मार्ग) धर्म प्राप्त गर्नको निमित्त तथा निर्वाण साक्षात्कार गर्नको निमित्त—यही एक मार्ग हो[2]—जो कि चार सतिपट्ठान[3] (=चार स्मृतिप्रस्थान) हुन्। कुन चार भने?—

(१) 'कायमा[4] कायानुपश्यी भई, आतप्त सम्पन्न भई, सम्प्रज्ञानी तथा स्मृतिमान् भई, यो लोक (=यो शरीर) बाट अभिध्या-दौर्मनस्यलाई हटाई भिक्षु विहार गर्छ; (२) वेदनामा[5] वेदनानुपश्यी भई, आतप्त सम्पन्न भई, सम्प्रज्ञानी तथा स्मृतिमान् भई, यो लोक (=यो शरीर) बाट अभिध्या-दौर्मनस्यलाई हटाई भिक्षु विहार गर्छ; (३) चित्तमा[6] चित्तानुपश्यी भई, आतप्त सम्पन्न भई, सम्प्रज्ञानी तथा स्मृतिमान् भई यो लोक (=यो शरीर) बाट अभिध्या-दौर्मनस्यलाई हटाई भिक्षु विहार गर्छ; (४) धर्ममा[7] धर्मानुपश्यी भई, आतप्त सम्पन्न भई, सम्प्रज्ञानी तथा स्मृतिमान् भई यो लोक (=यो शरीर) बाट अभिध्या-दौर्मनस्यलाई हटाई भिक्षु विहार गर्छ।

---

१. मागधि (पालि) भाषामा 'ञाय' संस्कृत रूपान्तर 'न्याय' शब्दको अर्थ हो—सत्य, उचित, पद्धति, तरिका, मार्ग, नीति आदि। संस्कृत साहित्य अनुरूप पछिगएर 'न्याय' लाई नै 'तर्क' भन्ने अर्थ अथवा गौतम ऋषिको न्याय-शास्त्रलाई नै लक्षित हुन थाल्यो। तर यहाँ खास गरी बुद्ध धर्मानुसार 'ञाय' अथवा 'न्याय' को अर्थ 'मार्ग' हो। त्यसैले अर्थकथाहरूले 'न्याय' को अर्थ आर्यअष्टाङ्गिक मार्ग हो भनी स्पष्टरूपले उल्लेख गरेका हुन्।

संस्कृत साहित्यमा र पालि साहित्यमा 'न्याय' को अर्थ भिन्नै छ भन्ने कुरा ध्यानमा राख्नु योग्य छ। न्यायको अर्थ दिदै अर्थकथाहरूले यसरी उल्लेख गरेका छन्—"ञायो वुच्चति अरियोअट्ठङ्गिको मग्गो" सार. प. III. पृ. १४८: अम्बपालिसुत्त-वण्णना; पपं. सू. I. पृ. २१३: सतिपट्ठानसुत्तवण्णना; सुमं. वि. III. पृ. ६३: महासतिपट्ठानसुत्तवण्णना।

लेखकको बु. श्रा. च. भा–१, पृ. १२० मा ञाय शब्दको संस्कृत रूपान्तर भूलले 'ज्ञेय' उल्लेख भएको ठाउँमा 'न्याय' भनी पढ्न हुन सूचित गरेको छु।

२. 'एक मार्ग' भनी किन भनिएको हो भन्ने विषयमा समालोचनात्मक कुरा पपं. सू. I. पृ. २०७: सतिपट्ठानसुत्तवण्णनामा उल्लेख भएको छ। त्यस्तै सुमं. वि. III. पृ. ५६ मा पनि।

३. किन चारवटा मात्र सतिपट्ठान भनिएको हो भन्ने बारेका कुरा सम्मो. वि. पृ. २१८: सतिपट्ठानविभङ्गोमा वर्णित भएको छ।

४. यहाँ 'काय' भन्नाले शरीरलाई मात्र भनेको होइन; रूपस्कन्धलाई पनि भनेको हो। पपं. सू. I. पृ. २१७: सतिपट्ठानसुत्तवण्णना; सार. प. III. पृ. १४९: अम्बपालिसुत्तवण्णना; सुमं. वि. III. पृ. ६८–७०: महासतिपट्ठानसुत्तवण्णना।

५. वेदना भन्नाले वेदनास्कन्धलाई 'वेदना' भनिएको हो। कसरी हेर्दा वेदनानुपश्यी हुन सक्छ भन्ने बारेका कुराहरू सार. प. III.

'सत्वहरू विशुद्ध हुनको निमित्त, शोक-परिदेवबाट उत्तीर्ण हुनको निमित्त, दुःख-दौर्मनस्यलाई अन्तः गर्नको निमित्त, न्याय (=मार्ग) प्राप्त गर्नको निमित्त तथा निर्वाण साक्षात्कार गर्नको निमित्त— यही नै एक मार्ग हो—जो कि चार सतिपट्ठान हुन् ।'

"भिक्षुहो ! अनि सहम्पति ब्रह्माले मेरो चित्तको परिवितर्कनालाई आफ्नो चित्तले जानी जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ अथवा पसारेको बाहुलाई खुम्च्याउँछ—त्यस्तैगरी ब्रह्मलोकमा अन्तर्धान भई सहम्पति ब्रह्मा मेरो अगाडि प्रकट भए । भिक्षुहो अनि सहम्पति ब्रह्माले उत्तरासँग एकांश पारी जहाँ म थिएँ त्यतातिर हातजोरी मलाई यस्तो भने—

'साँच्चैहो भगवान् ! साँच्चैहो सुगत ! सत्वहरू विशुद्ध हुनको निमित्त, शोक-परिदेवबाट उत्तीर्ण हुनको निमित्त, दुःख-दौर्मनस्यलाई

पृ. १५०; पपं. सू. I. पृ. २२१; सुमं. वि. III. पृ. ७३ मा वर्णित छन् ।

६. यहाँ चित्त भन्नाले विज्ञानस्कन्धलाई पनि लिइएको छ । पपं. सू. I. पृ. २५३: सतिपट्ठानसुत्तवण्णना । विशेष कुराको निमित्त म. नि. I. पृ. ८२: सतिपट्ठान सूत्रमा हेर्नू ।

७. यहाँ धर्म भन्नाले चित्त विषयलाई मात्र भनेको होइन; संज्ञा र संस्कारस्कन्धलाई पनि भनिएको हो । पपं. सू. I. पृ. २५३: सतिपट्ठानसुत्तवण्णना । धर्मानुपश्यी कसरी हुइन्छ भन्ने कुराहरू म. नि. I. पृ. ८३: सतिपट्ठानसुत्तमा वर्णित भएका छन् ।

अन्तः गर्नको निमित्त, न्याय (=मार्ग) प्राप्त गर्नको निमित्त तथा निर्वाण साक्षात्कार गर्नको निमित्त—यही नै एक मार्ग हो—जो कि चार सतिपट्ठान हुन्। कुन चार भने?—(१) कायमा कायानुपश्यी भई, आतप्त सम्पन्न भई, सम्प्रज्ञानी तथा स्मृतिमान् भई, यो लोकबाट अभिध्या-दौर्मनस्यलाई हटाई भिक्षु विहार गर्छ; (२) वेदनामा वेदनानुपश्यी भई,...[१] (३) चित्तमा चित्तानुपश्यी भई,...[१] (४) धर्ममा धर्मानुपश्यी भई, आतप्त सम्पन्न भई, सम्प्रज्ञानी तथा स्मृतिमान् भई, यो लोकबाट अभिध्या-दौर्मनस्यलाई हटाई भिक्षु विहार गर्छ।

'भन्ते! यही नै एक मार्ग हो—सत्वहरू विशुद्ध हुने, शोकपरिदेवबाट उत्तीर्ण हुने, दुःख दौर्मनस्यलाई अन्तः गर्ने, न्याय (=मार्ग) प्राप्त गर्ने तथा निर्वाण प्राप्त गर्ने—जो कि चार सतिपट्ठान हुन्।'

"भिक्षुहो! सहम्पति ब्रह्माले यति भने। यति भनेर सहम्पति ब्रह्माले पुनः यस्तो भने—

'एकायनं जातिखयन्त दस्सी,
मग्गं पजानाति हितानुकम्पी।
एतेन मग्गेन तरिंसु[२] पुब्बे,
तरिस्सन्ति ये च तरन्ति ओघं'ति॥'

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. ५७ को नं. २ र ३ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

२. सिहल र रोमनमा. 'अतंसु'; स्याममा: 'अतरिंसु'।

अर्थ—

'जातिक्षयको अन्तः देख्ने हितानुकम्पीले यही एक मार्गलाई ज्ञात गरेका छन्, यसै मार्गद्वारा पहिलेका (बुद्धहरू) पनि संसारको बाढीबाट तरेर गए, तर्ने पनि छन् र अहिले पनि तर्छन्' ।"

× × ×

मूल सूत्र—

४–सहम्पति ब्रह्माको प्रार्थना

(ब्रह्मायाचनसुत्तं[१])

यस्तो मैले सुनें ।

एक समय भगवान्, बुद्ध भइसक्नु भएपछि पहिलो पटक (पठमाभिसम्बुद्धो) उरुवेलास्थित नेरञ्जरा नदीको तीरमा अजपाल भन्ने बरको रुखमनि बस्नुभएको थियो । अनि एकान्तमा ध्यानमा बसिरहनुभएको भगवान्को मनमा यस्तो वितर्कना उठ्यो[२]—

---

१. सं. नि. I. पृ. १३७: ब्रह्मसंयुत्तं; अ. क. I. पृ. १५२.

२. भगवान्को मनमा यो वितर्कना कहिले उठेको थियो ? भन्ने विषयमा सं. नि. अ. क. I. पृ. १५२: ब्रह्मायाचनासुत्तवण्णना, ब्रह्मसंयुत्तले यसरी उल्लेख गरेको छ—

"भगवान् बुद्ध, बुद्ध भइसक्नु भएपछि आठौं हप्ता लागेको दिनमा (अट्ठमे सत्ताहे) राजायतन वृक्षमनि बसिरहनु-भएको वेलामा शक्र देवेन्द्रले ल्याइदिएको दतिवन र हरितकीको

(यो वितर्कना उठेको कुरा म. नि. I. पृ. २१७: पासरासि-सुत्तमा भगवान् स्वयंले भिक्षुहरूलाई भन्नुभएको हुँदा मैले सोहि कुरालाई यहाँ तल उद्धृत गरिदिएको छु ।)

(भगवान बुद्ध भन्नुहुन्छ—)

१–"भिक्षुहो ! सो म आफू जन्मिने स्वभावको भई (जातिधम्मो समानो) जन्मिने स्वभावको दुष्परिणाम (=आदिनवो) लाई जानी, जन्मिनु नपर्ने (=अजातं) अनुत्तर योगक्षेम निर्वाणको खोजी गर्दै जन्मिनु नपर्ने अनुत्तर योगक्षेम निर्वाणलाई प्राप्त गरें ।

२–"आफू जरा स्वभावको भई (जराधम्मो समानो) जरा स्वभावको दुष्परिणामलाई जानी, जरा हुन नपर्ने अनुत्तर योगक्षेम निर्वाणको खोजी गर्दै जरा हुन नपर्ने (=अजरं) अनुत्तर योगक्षेम निर्वाणलाई प्राप्त गरें ।

३–"आफू ब्याधी स्वभावको भई (ब्याधिधम्मो समानो) ब्याधी स्वभावको दुष्परिणामलाई जानी, ब्याधी हुन नपर्ने अनुत्तर योगक्षेम निर्वाणको खोजी गर्दै ब्याधी हुन नपर्ने अनुत्तर योगक्षेम निर्वाणलाई प्राप्त गरें ।

औषधी सेवन गरी मुख धोई चार लोकपाल देवताहरूले दिएको अनर्घ शैलमय पात्रमा तपुस्सभल्लिकहरूको भोजन गरिसकेपछि अजपाल भन्ने बरको रुखमनि गई बसिरहनुभएको बेलामा यो वितर्कना उठेको हो ।"

४–"आफू मरण स्वभावको भई (मरणधम्मो समानो) मरण स्वभावको दुष्परिणामलाई जानी, मरण हुन नपर्ने अनुत्तर योगक्षेम निर्वाणको खोजी गर्दै मरण हुन नपर्ने (=अमतं) अनुत्तर योगक्षेम निर्वाणलाई प्राप्त गरें।

५–"आफू शोक गर्ने स्वभावको भई शोक गर्ने स्वभावको दुष्परिणामलाई जानी, शोक गर्न नपर्ने अनुत्तर योगक्षेम निर्वाणको खोजी गर्दै शोक गर्न नपर्ने अनुत्तर योगक्षेम निर्वाणलाई प्राप्त गरें।

६–"आफू संक्लिष्ट (=मलीन) स्वभावको भई शंक्लिष्ट स्वभावको दुष्परिणामलाई जानी, शंक्लिष्ट हुन नपर्ने अनुत्तर योगक्षेम निर्वाणको खोजी गर्दै शंक्लिष्ट हुन नपर्ने अनुत्तर योगक्षेम निर्वाणलाई प्राप्त गरें। 'मेरो विमुक्ति अपरिवर्त्य (=अकुप्पा) छ, यही अन्तिम जन्म हो, अब उप्रान्त पुनर्जन्म छैन' भन्ने ज्ञानदर्शन[1] पनि ममा उत्पन्न भयो।

"भिक्षुहो! अनि मलाई यस्तो लागेको थियो—

'त्यो धर्म (=चतुसत्य धर्म[2]) मैले अवबोध गरिसकें जो दुर्दर्शनीय (=देखन गाह्रो अथवा कष्टपूर्वक देखन सक्ने) छ, दुरनुबोध

---

१. यहाँ 'ज्ञानदर्शन' भन्नाले सबै विषयहरूलाई हेर्न वा जान्न सक्ने 'सर्वज्ञता ज्ञान' लाई भनिएको हो भनी पपं. सू. II. पृ. १४५: पासरासिसुत्तवण्णनाले उल्लेख गरेको छ।

२. पपं. सू. II. पृ. १४५: पासरासिसुत्तवण्णना।

छ, शान्त तथा प्रणीत (=ताप रहित) छ, अतर्कावचर (=तर्कले मात्र बुझ्न नसक्ने ज्ञानद्वारा बुझ्न सकिने), निपुण (=सूक्ष्म) तथा पण्डितवेदनीय (=सम्यक् प्रतिपद्मा लागेका पण्डितहरूद्वारा बुझ्न सकिने[1]) छ। यी सत्वहरू (भने) आलयमा (=पञ्चविषयमा) आनन्दित छन्, आलयमा रत छन् तथा आलयमै प्रमुदित छन्। (अतः) आलयमा आनन्दित हुने, आलयमा रत हुने तथा आलयमै प्रमुदित हुने यी सत्वहरूले "यस प्रत्ययद्वारा प्रतित्यसमुत्पाद हुन्छ' भन्ने कारणलाई देख्न गाह्रो छ। 'सबै संस्कारहरूको क्षय, सबै बन्धनहरूको उत्सर्ग (=परित्याग), तृष्णा क्षय, विराग, निरोध नै निर्वाण हो' भन्ने कारणलाई पनि देख्न वा बुझ्न गाह्रो छ। यदि मैले यो धर्मको उपदेश गरूँ र अरूहरूले (त्यसलाई) बुझ्न सकेनन् भने—त्यो मेरो निमित्त ग्लानी (=फिलमथो) र हैरानी[2] (=विहेसो) हुनसक्छ।'

"भिक्षुहो! (अनि) त्यसबेला पहिले कहिल्यै नसुनेका आश्चर्य-जनक (निम्न) गाथाहरू पनि मेरो सम्झनामा आए—

---

१. पपं. सू. II. पृ. १४५: पासरासिसुत्तवण्णना।

२. यहाँ निर ग्लानी र हैरानी भन्ने शब्दको अर्थ शारीरिक र वाचिक ग्लानी वा थकावटलाई भनिएको हो। बुद्धहरूमा मानसिक ग्लानी वा थकावट हुँदैन भनी पपं. सू. II. पृ. १४६; सार. प. I. पृ. १५३, १५८ ले उल्लेख गरेका छन्। किन्तु लेखकको बु. श्रा. च. भा–१, पृ. १३६ को पादटिप्पणीमा भूल बस 'शारीरिक र मानसिक ग्लानी' भन्ने उल्लेख भएकोमा 'शारीरिक र वाचिक ग्लानी' भनी सच्याई पढ्नु हुन सूचित गर्दछु।

१. 'किच्छेन मे अधिगतं, हलं दानि पकासितुं ।
रागदोस परेतेहि, नायं धम्मो सुसम्बुधो ।।

२. 'पटिसोतगामिं निपुणं, गम्भीरं दुद्दसं अणुं ।
रागरत्ता न दक्खन्ति[1], तमोक्खन्धेन आवुटा[2]'ति ।।'

अर्थ—

१–'दुःखपूर्वक प्राप्त गरेको यो धर्म किन प्रकाश गरूँ, भइहाल्यो; राग र द्वेषमा मुछिएर बस्नेहरूको निमित्त यो धर्म बोधगम्य छैन । (किनभने—)

२–'प्रतिस्रोतगामी, सूक्ष्म, गम्भीर तथा अणु समान देख्न मुश्किल पर्ने (=दुद्दसं) तथा (यो धर्मलाई) रागरक्त तमस्कन्धद्वारा आवृत्त भएकाहरूले देख्न सक्ने छैनन् ।'

"भिक्षुहो ! यसरी मेरो मनमा कुरा खेलिरहेको बेलामा मेरो चित्त अल्पोत्सुकतातिर ढल्किन्थ्यो, धर्मदेशनातिर होइन । भिक्षुहो ! अनि मेरो मनका कुरा थाहापाई सहम्पति ब्रह्मालाई यस्तो लाग्यो—

'यो लोक नाश हुनेछ, यो लोक विनाश हुनेछ; जहाँ कि तथागत अरहत् सम्यक्‌सम्बुद्धको चित्त अल्पोत्सुकतातिर ढल्किदैछ, धर्मदेशनातिर होइन ।'

---

१. सिहल र रोमनमा: 'दक्खिन्ति' ।

२. सिहल र रोमनमा: 'आवटा'; स्याममा: 'आवुता' ।

"भिक्षुहो ! जस्तै—कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ अथवा पसारेको बाहुलाई खुम्च्याउँछ त्यस्तैगरी—सहम्पति ब्रह्मा ब्रह्मलोकबाट अन्तर्धान भई मेरो अगाडि प्रकट भए । भिक्षुहो ! अनि सहम्पति ब्रह्माले उत्तरासँगलाई एकांश पारी म तिर हातजोडी नमस्कार गरी मलाई यस्तो भने[1]—

'भन्ते ! भगवान्‌ले धर्मदेशना गर्नुहोस्, सुगतले धर्मदेशना गर्नुहोस् । अल्परजस्वभावका सत्वहरू पनि छन्, धर्म सुन्न नपाउँदा उनीहरूको परिहानी हुनसक्छ । धर्मलाई बुझ्नसक्ने (प्राणीहरू) पनि हुन सक्छन् ।'

"भिक्षुहो ! सहम्पति ब्रह्माले यति भने । यति भनेर पुनः यस्तो भने—

१. 'पातुरहोसि मगधेसु पुब्बे,
धम्मो असुद्धो समलेहि चिन्तितो ।
अपापुरेतं[2] अमतस्स द्वारं,
सुणन्तु धम्मं विमलेनानु बुद्धं ।।

---

१. यस्तै कुरा म. नि. II. पृ. ३३२–३३: बोधिराजकुमारसुत्तमा, महा. व. पा. पृ. ६: ब्रह्मयाचनाकथा, महाखन्धक र सं. नि. I. पृ. १३७: ब्रह्मायाचनसुत्त, ब्रह्मसंयुत्तमा उल्लेख भएका छन् । यस्तै किसिमले विपश्वी बुद्धलाई पनि ब्रह्माले प्रार्थना गरेको कुरा दी. नि. II. पृ. ३०: महापदान सूत्रमा उल्लेख भएको छ ।

२. सिंहलमा: 'अवापुरेतं' ।

२. 'सेले यथा पब्बतमुद्धनिट्ठितो,
यथा पि पस्से जनतं समन्ततो।
तथूपमं धम्ममयं सुमेध,
पासादमारुय्ह समन्तचक्खु।
सोकावतिण्णं[1] जनतमपेत सोको,
अवेक्खस्सु जातिजराभिभूतं ॥

३. 'उट्ठेहि वीर विजितसङ्गाम,
सत्थवाह अनण विचर लोके।
देसस्सु[2] भगवा धम्मं,
अञ्ञातारो भविस्सन्ती'ति ॥'

अर्थ—

१–'मगध देशमा अघि मलिनचित्त हुनेहरूले चिन्तन गरेका अशुद्ध धर्म थिए। अमृतको द्वार खोलीदिने विमल (पुरुष) ले अनुबोध गरेको धर्मलाई यो संसारका प्राणीहरूले सुन्न पाउन्।

२–'शैलमय पर्वतको टुप्पोमा बसी चारैतिर सबै जनतालाई हेर्ने झैं—समन्तचक्षु[3] तथा शोक रहित हुनुभएका सुमेधले (तपाईंले)

---

१. स्याममा: 'सोकावकिण्णं'।

२. स्याममा: 'देसेतु'।

३. 'समन्तचक्षु' को अर्थ लेखकको बु. श्रा. च. भा–१, पृ. १०१ र पृ. १४३ को पादटिप्पणीहरूमा हेर्नुहोस्।

पनि—शोकग्रस्त प्राणीहरूलाई मुक्त गर्न धर्ममय प्रासादमा आरोहण गरी जनतातिर हेर्नुहोस् !

३–'हे संग्राम विजेता ! हे वीर पुरुष ! हे अऋणी हुनुभएका सार्थवाह ! उठ्नुहोस् !! लोकमा विचरण गर्नुहोस्; भगवान् धर्मदेशना गर्नुहोस्, धर्मलाई बुझ्नसक्नेहरू पनि हुनसक्छन् ।'

"भिक्षुहो ! अनि ब्रह्माको पनि मनोभावलाई बुझी सत्वहरू प्रति पनि करुणाको कारणले मैले बुद्धचक्षु[1]द्वारा लोकमा हेरें । भिक्षुहो ! अनि बुद्धचक्षुद्वारा लोकमा हेर्दा—मैले अल्परज भएका[2], महारज भएका; तीक्ष्ण-इन्द्रिय भएका, मृदु-इन्द्रिय भएका; सुआकार भएका, कुराकार भएका; सुविज्ञ भएका, दुर्विज्ञ भएका; केही परलोकवद्य भयदर्शी भई विहार गर्ने र केही परलोकवद्य भयदर्शी भई विहार नगर्ने र सत्वहरूलाई पनि देखें । जस्तै—कुनै उत्पल वा पद्म अथवा पुण्डरीकहरू भएको पोखरीमा—(१) केही उत्पल वा पद्म अथवा पुण्डरीकहरू पानीमा उत्पन्न भई, पानीमै संवर्धन भई, पानीभन्दा माथि नउठी, पानीभित्रै पोषित हुन्छन्; (२) केही उत्पल वा पद्म अथवा पुण्डरीकहरू पानीमा उत्पन्न भई, पानीमै संवर्धन भई, पानीको सतहमा रहेका हुन्छन्;

---

१. यहाँ 'बुद्धचक्षु' को अर्थ बुझ्न लेखकको बु. श्रा. च. भा–१, पृ. १०१ र पृ. १४३ को पादटिप्पणीमा हेर्नू ।

२. यहाँ 'अल्परज भएका...' आदि भन्ने शब्दहरूका अर्थहरू लेखकको बु. श्रा. च. भा–१, पृ. १४४–४५ को पादटिप्पणीमा उल्लेख भएका छन् ।

(३) केही उत्पल वा पद्म अथवा पुण्डरीकहरू पानीमा उत्पन्न भई, पानीमै संवर्धन भई, पानीभन्दा माथि उठी पानीले छुन नसक्ने गरी रहेका हुन्छन्[१]। भिक्षुहो! त्यस्तैगरी—बुद्धचक्षुद्वारा लोकमा हेर्दा मैले अल्परज स्वभावका,...[२] केही परलोकवद्य भयदर्शी भई विहार नगर्ने सत्वहरूलाई पनि देखें। भिक्षुहो! अनि मैले सहम्पति ब्रह्मालाई गाथाद्वारा प्रत्युत्तर दिएँ—

'अपारुता तेसं अमतस्स द्वारा,
ये सोतवन्तो पमुञ्चन्तु सद्धं।
विहिंससञ्ञी पगुणं न भासि,
धम्मं पणीतं मनुजेसु ब्रह्मे'ति।।'

---

१. यहाँ मूल सूत्रमा तीनप्रकारका कमल फूलहरूका उपमाहरू देखाइए तापनि पानीमै डुबेर त्यहीं नै कुहिएर जाने अथवा माछाकछुवा आदिले खाएर सिद्धिने फूलको उपमा पनि समावेश गर्नु वांछनीय भएकोले सूत्रमा तीनवटा उदाहरण मात्र देखाइए तापनि चारवटा उपमाको हिसाबले धर्मविद्‌हरूले अर्थ बुझ्न सक्नुपर्छ भनी पपं. सू. II. पृ. १५०: पासरासिसुत्तवण्णनाले उल्लेख गरेको छ।

यस अनुसार त्यहाँ (१) जुन फूलहरू पानीले छुन नसक्ने गरी पानीभन्दा माथि निस्केका हुन् ती फूलहरू सूर्यको कीरणद्वारा स्पर्शित हुने प्रतीक्षामा रहेका आजै फुल्ने फूलहरू हुन् भन्ने सम्झनु पर्छ।

(२) जुन फूलहरू पानीको सतहमा रहेका छन् ती फूलहरू भोलि फुल्ने फूलहरू हुन् भन्ने सम्झनु पर्छ ।

(३) जुन फूलहरू पानीमनि रही पानीभन्दा माथि उठ्न सकेका छैनन् ती फूलहरू पर्सिसम्ममा फुल्ने फूलहरू हुन् भन्ने सम्झनु पर्छ ।

(४) जुन फूलहरू पानीभित्रै रही नफुल्ने हुन् ती फूलहरू माछाकछुवादिहरूले खाएर सिद्धिने फूलहरू हुन् भन्ने सम्झनु पर्छ ।

जस्तै यी चारप्रकारका फूलहरू छन् त्यस्तै (१) **उग्घटितञ्ञू**, (२) **विपञ्चितञ्ञू**, (३) **नेय्यो** तथा (४) **पदपरमो** भन्ने चारप्रकारका व्यक्तिहरू छन् ।

त्यहाँ—(१) जुन पुरुषहरूलाई धर्मका कुराहरू सुनाउनेबित्तिकै धर्मावबोध हुन्छ ती पुरुषहरू सूर्यको कीरणको प्रतीक्षामा रहेका आजै फुल्ने फूलहरू जस्तै **'उग्घटितञ्ञू'** पुरुषहरू हुन् भन्ने कुरा बुझ्नुपर्छ ।

(२) जुन पुरुषहरूलाई संक्षिप्तरूपमा बताइराखेका धर्मका कुराहरू विस्तारपूर्वक बताइदिदा धर्मावबोध हुन्छ ती पुरुषहरू भोलि फुल्ने फूलहरू जस्तै **'विपचितञ्ञू'** पुरुषहरू हुन् भन्ने कुरा बुझ्नुपर्छ ।

(३) जुन पुरुषहरूमा—अध्ययन गर्दा, सोधपूछ गर्दा, राम्ररी मनन गर्दा र कल्याणमित्रहरूको उपासना गर्दा—धर्मावबोध

अर्थ—

'ब्रह्मे ! (कायवाक्) ग्लानी होला भन्ने ठानी प्रगुण भएर पनि मनुष्यहरूलाई प्रणीत धर्मउपदेश गर्न चाहेको थिइन परन्तु अब उनीहरूको निमित्त अमृतको द्वार खोलियो। सुन्न चाहनेहरूले (आफ्नो) श्रद्धालाई अगाडि राखी सुनुन्।'

"भिक्षुहो ! अनि सहम्पति ब्रह्मा 'भगवान्बाट धर्मोपदेश गर्ने वचन पाएँ' भनी मलाई अभिवादन तथा प्रदक्षिणा गरी उहीं अन्तर्धान भए।"

× × ×

हुन्छ ती पुरुषहरू पर्सिसम्ममा फुल्ने फूलहरू जस्तै 'नेय्यो' पुरुषहरू हुन् भन्ने बुझ्नुपर्छ।

(४) जुन पुरुषहरूले—धेरै सुनेर, धेरै पढेर धेरै मनन गरेर पनि—यसै जीवनमा धर्मावबोध गर्न सक्तैन, त्यस्ता पुरुषहरू माछाकछुवादिहरूले खाएर सिद्धिने फूलहरू जस्तै 'पदपरमो' पुरुषहरू हुन् भन्ने कुरा बुझ्नुपर्छ। पपं. सू. II. पृ. १५०: पासरासिसुत्तवण्णना; सार. प. I. पृ. १५७: ब्रह्मयाचनासुत्त-वण्णना।

२. यहाँका बाँकी कुराहरू माथि पृ. ६९ मा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू।

मूल सूत्र –

५–उरुवेल जटिल काश्यपको वनमा

(उरुवेल पाटिहारियकथा[1])

अनि[2] सहम्पति ब्रह्मा रात वितिसकेपछि सुन्दर रूप धारण गरो (उरुवेलको) महावन जम्मै आलोकित पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरो अघिभन्दा सुन्दरतर तथा प्रणीततर रूप धारण गरेका सहम्पति ब्रह्मा महाअग्निस्कन्ध जस्तै भई एक छेउमा उभिए।

---

१. महा. व. पा. पृ. २८: महाखन्धकं, चतुत्थपाटिहारियं।

२. सर्वप्रथम धर्मचक्र प्रवर्तन गरिसक्नु भएपछि वर्षावास सिद्धिएपछि चारिका गर्दै क्रमैसँग भगवान् बुद्ध उरुवेल जटिल काश्यपको महावनमा जानुभएको थियो। त्यस महावनमा बसिरहनुभएको समयमा एक रात त्यहाँ सहम्पति ब्रह्मा भगवान्कहाँ आएका थिए। त्यसैले अघिल्लो कुरा जोडी सूत्रमा 'अनि' भन्ने शब्द उल्लेख भएको हो।

अनि उरुवेल जटिल काश्यप त्यसरात वितेपछि भोलिपल्ट जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि उनले भगवान्‌लाई यस्तो भने—

"महाश्रमण! भोजनको समय भयो, भोजन तयार छ। महाश्रमण! यो बितेको रातमा सुन्दर रूप धारण गरी महावन अझै आलोकित पारी महाग्निस्कन्ध जस्तै भई जहाँ तपाईं हुनुहुन्थ्यो त्यहाँ आई तपाईंलाई अभिवादन गरी एक छेउमा उभिएका पुरुष को हुन्, जसको अघिभन्दा सुन्दरतर तथा प्रणीततर रूप थियो?"

"काश्यप! ती हुन् धर्मश्रवण गर्नको निमित्त म कहाँ आएका सहम्पति ब्रह्मा।"

अनि उरुवेल जटिल काश्यपको मनमा यस्तो लाग्यो— "महाश्रमण महर्द्धिक तथा महानुभाव सम्पन्न छन्। जहाँ कि धर्मश्रवण गर्नको निमित्त सहम्पति ब्रह्मा पनि आउँछन्। किन्तु म जस्तो अरहन्त त होइनन्।" उरुवेल जटिल काश्यपको भोजन ग्रहण गरी सोही महावनमै भगवान्‌ले विहार गर्नुभयो।

× × ×

मूल सूत्र—

६–भिक्षाटन्द्वारा जीविका

(पिण्डोल्यसुत्त[1])

एक समय भगवान् शाक्यजनपदस्थित कपिलवस्तुको न्यग्रोधारामा बस्नुभएको थियो। त्यहाँ केही कारणमा भिक्षुसङ्घलाई निष्कासन गरी[2] (=पणामेत्वा) भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी कपिलवस्तुमा भिक्षाटनार्थ जानुभयो। कपिलवस्तुमा भिक्षाटन् गरी भोजनोपछि दिवाविहारको निमित्त जहाँ महावन[3] हो त्यहाँ जानुभयो। महावनभित्र पस्नुभई दिवाविहारको निमित्त भगवान् एक वेलको रुखमनी बस्नुभयो। अनि एकान्त ध्यानमा बसिरहनुभएका भगवान् बुद्धको चित्तमा यस्तो वितर्कना उठ्यो—

"मैले भिक्षुसङ्घलाई निष्कासन गरें। यहाँ (केही) भिक्षुहरू नयाँ छन्, (केही) प्रव्रजित भएको धेरै समय नबितेका छन्, (केही) भरखरै यस धर्मविनयमा आएका छन्। मलाई देख्न नपाउँदा शायद

---

१. सं. नि. II. पृ. ३१६: खन्धवग्गो; अ. क. II. पृ. २१८.

२. के कारणमा भगवान्ले भिक्षुसङ्घलाई निष्कासन गर्नुभएको हो भन्ने

बारेमा स्पष्टिकरण दिंदै सार. प. II. पृ. २१८ ले यसरी उल्लेख गरेको छ—

एक समय भगवान् श्रावस्तीमा वर्षावास गरी महा-भिक्षुसङ्घ साथमा लिई चारिका गर्दै क्रमशः कपिलवस्तुमा आई न्यग्रोधाराममा बस्नुभयो ।

'भगवान् कपिलवस्तुमा आइपुग्नुभयो' भन्ने खबर सुनी शाक्यराजाहरूले अपराण्ह समयको निमित्त भिक्षुहरूको लागि उपयुक्त हुने तेल, मधु, गुंद तथा सर्वतहरू खर्पन र गाडामा ल्याई भिक्षुसङ्घलाई अर्पण गरी भगवान्कहाँ गई भगवान्संग कुशलवार्ता गरी एक छेउमा बसे । एक छेउमा बसेका ती शाक्यराजाहरूलाई भगवान्ले समयोचित मधुर धर्मोपदेश गर्नुभयो ।

त्यसबखत केही भिक्षुहरूले शयनासनहरू तयार पार्नथाले । केहीले बछ्यानहरू बिच्छ्याउनथाले । श्रामणेरहरूले घाँसहरू उखेल्नथाले । भाग बाँढ्ने ठाउँमा उपस्थित भएका भिक्षुहरू पनि थिए । उपस्थित नभएका भिक्षुहरू पनि थिए । उपस्थित भएका भिक्षुहरूले अनुपस्थित भएका भिक्षुहरूका भागहरूको लाभ उठाउँदै – 'हामीलाई दिनुहोस्, हाम्रा आचार्यहरूको निमित्त दिनुहोस्, हाम्रा उपाध्यायहरूका निमित्त दिनुहोस्' भन्ने आवाज-द्वारा हो-हल्ला हुनथाल्यो । यो हो-हल्लाको आवाज सुनी 'माछा

समात्ने ठाउँमा हो-हल्ला गरी कराउने माझीहरू झैं कराइरहेका ती भिक्षुहरू को हुन् ?' भनी शास्ताले आनन्द स्थविरसँग सोधनी गर्दा स्थविरले यथार्थ कुरा बताउनुभयो। अनि भगवान्ले 'के त भिक्षुहरूले खान-पानको निमित्त (=आमिसहेतु) यस्तो हो-हल्ला मच्चाइरहेका ?' भनी सोध्नुहुँदा स्थविरले 'हो' भनी भन्नुभएपछि भगवान्ले आनन्द स्थविरलाई—'यो ठीक छैन, यो उचित छैन' भनी भन्नुभयो र आनन्द स्थविरलाई यस्तो पनि आज्ञा दिनुभयो—

'आनन्द ! चीवरादिहरूको कारणमा मैले पारमीहरू पूरा गरेको होइन; न त यी भिक्षुहरू चीवरादिहरूको कारणमा घरछाडी प्रव्रजित भएका हुन्। अरहत्व प्राप्तिको निमित्त यिनीहरू प्रव्रजित भएका हुन्। यिनीहरू अनर्थलाई अर्थ झैं र असारलाई सार झैं सम्झन्छन्। आनन्द ! आऊ, ती भिक्षुहरूलाई निष्कासन गर।' यसै कुरालाई लक्षित गरी सूत्रमा 'केही कारणमा भिक्षुसङ्घलाई निष्कासन गरी' भन्ने उल्लेख भएको हो।

३. निष्कासन गरेको भोलिपल्ट भगवान् कपिलवस्तुमा भिक्षाटनको निमित्त जानुभयो। त्यसपछि दिवाविहार गर्न भगवान् महावनमा जानुभएको थियो। सार. प. II. पृ. २१८: पिण्डोल्यसुत्तवण्णना। महावन कहाँ थियो भन्ने बारेमा लेखकको बु. रा. भा–१; पृ. १२६–२७ मा हेर्नू।

उनीहरूमा अन्यथा हुनसक्छ अथवा विपरिणाम पनि हुन सक्छ। जस्तै—भरखरको बाछाले आमालाई देख्न नपाउँदा शायद (उसको) अन्यथा हुनसक्छ अथवा विपरिणाम पनि हुनसक्छ। त्यस्तै—यहाँ जो नयाँ भिक्षुहरू छन्, प्रव्रजित भएको धेरै समय नबितेका छन् तथा भरखरै यस धर्मविनयमा आएका छन्—मलाई देख्न नपाउँदा शायद उनीहरूमा अन्यथा हुनसक्छ अथवा विपरिणाम पनि हुनसक्छ। जस्तै—भरखरै रोपेको बिउ वा बिरुवाले पानी नपाउँदा शायद (त्यो बिउ वा बिरुवा) अन्यथा हुनसक्छ अथवा विपरिणाम पनि हुनसक्छ। त्यस्तै—यहाँ जो नयाँ भिक्षुहरू छन्, प्रव्रजित भएको धेरै समय नबितेका छन् तथा भरखरै यस धर्मविनयमा आएका छन्—मलाई देख्न नपाउँदा शायद उनीहरूमा अन्यथा हुनसक्छ अथवा विपरिणाम पनि हुनसक्छ। अतः जस्तो मैले भिक्षुसङ्घलाई अघि अनुगृहीत गरेको थिएँ त्यस्तै अहिले पनि भिक्षुसङ्घलाई अनुगृहीत गर्नुपर्‍यो।"

अनि भगवान्को चित्तमा भइरहेको वितर्कनालाई जानी जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ अथवा पसारेको बाहुलाई खुम्च्याउँछ त्यस्तैगरी सहम्पति ब्रह्मा ब्रह्मलोकबाट अन्तर्धान भई भगवान्को अगाडि प्रकट भए। अनि सहम्पति ब्रह्माले उत्तरासङ्ग-लाई एकांश पारी भगवान्तिर हातजोरी नमस्कार गरी भगवान्लाई यस्तो बिन्तिगरे—

"सौंचंहो, भगवान्! सौंचंहो, सुगत! भन्ते! भगवान्ले भिक्षुसङ्घलाई निष्कासन गर्नुभयो। यहाँ (केही) भिक्षुहरू नयाँ छन्,

(केही) प्रव्रजित भएको धेरै समय नबितेका छन्, (केही) भरखरै यस धर्मविनयमा आएका छन् । भगवान्‌लाई देखन नपाउँदा शायद उनीहरूमा अन्यथा हुनसक्छ अथवा विपरिणाम पनि हुनसक्छ । जस्तै— भरखरको बाछाले आमालाई देखन नपाउँदा (उसको) अन्यथा हुनसक्छ अथवा विपरिणाम पनि हुनसक्छ । त्यस्तै—यहाँ जो नयाँ भिक्षुहरू छन्, प्रव्रजित भएको धेरै समय नबितेका छन् तथा भरखरै यस धर्मविनयमा आएका छन्—भगवान्‌लाई देखन नपाउँदा शायद उनीहरूमा अन्यथा हुनसक्छ अथवा विपरिणाम पनि हुनसक्छ । जस्तै—भरखरै रोपेको बिउ वा बिरुवाले पानी नपाउँदा शायद (त्यो बिउ वा बिरुवा) अन्यथा हुनसक्छ अथवा विपरिणाम पनि हुनसक्छ । त्यस्तै—यहाँ जो नयाँ भिक्षुहरू छन्, प्रव्रजित भएको धेरै समय नबितेका छन् तथा भरखरै यस धर्मविनयमा आएका छन्—भगवान्‌लाई देखन नपाउँदा शायद उनीहरूमा अन्यथा हुनसक्छ अथवा विपरिणाम पनि हुनसक्छ । भन्ते ! भिक्षुसङ्घ-प्रति प्रसन्न हुनुहोस्, भन्ते ! भिक्षुसङ्घप्रति खुशी हुनुहोस् । जस्तो भगवान्‌ले भिक्षुसङ्घलाई अघि अनुगृहीत गर्नुभएको थियो त्यस्तै अहिले पनि भगवान्‌ले भिक्षुसङ्घलाई अनुगृहीत गर्नुहोस् ।"

अनि भगवान्‌ले तूष्णीभावद्वारा स्वीकार गर्नुभयो । भगवान्‌ले स्वीकार गर्नुभएको कुरा बुझी सहम्पति ब्रह्मा भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी उहीं अन्तर्धान भए ।

अनि सन्ध्यासमयको ध्यानबाट उठ्नुभई जहाँ न्यग्रोधाराम हो त्यहाँ भगवान् जानुभयो । त्यहाँ पुगेपछि बिछ्याइराखेको आसनमा

बस्नुभयो। अनि त्यहाँ भगवान्ले त्यस्तो ऋद्धि अभिसंस्करण गर्नुभयो जस्तो ऋद्धि अभिसंस्करण गर्दा ती भिक्षुहरू एक एक जना, दुइ दुइ जना भई डराइडराई भगवान्कहाँ आउन सकुन्। ती भिक्षुहरू पनि एक एक जना, दुइ दुइ जना भई, डराइडराई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए[१]। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूलाई भगवान्ले यस्तो भन्नुभयो—

"भिक्षुहो! 'हातमा भिक्षा-पात्रलिई विचरण गर्छौं' भनी भन्ने बचन यो लोकवासीहरूको एक अभिशाप (=गाली) हो[२]। भिक्षुहो! तैपनि कुलपुत्रहरू[३] त्यस्तो जीविकामा कुनै खास उद्देश्यको कारणले आउँछन्—राजभयबाट बच्नको निमित्त होइन, चोरभयबाट बच्नको

१. भगवान्को ऋद्धिको प्रभाव अनुसार एक एक, दुइ दुइ जना गरी निकालेका सबै भिक्षुहरू त्यहाँ गए। सार. प. II. पृ. २२०: पिण्डोल्यसुत्तवण्णना।

२. त्यसताकामा कसैलाई गालीगर्दा खास गरी शत्रुलाई गाली गर्दा 'हातमा भिक्षा-पात्र लिई हिँड्न पर्ला' भनी गालिदिने चलन थियो। अर्थात् मागेर खान पर्ला भनी गाली दिइन्थ्यो। सार. प. II. पृ. २२०: पिण्डोल्यसुत्तवण्णना।

३. आचरणद्वारा कुलपुत्र भएका तथा जातिद्वारा कुलपुत्र भएका दुवैथरीलाई कुलपुत्र भन्दछन्। सार. प. II. पृ. २२०: पिण्डोल्यसुत्तवण्णना।

निमित्त होइन, ऋणबाट बचनको निमित्त होइन अथवा अरू कुनै किसिमको दुर्भिक्ष भयबाट बचनको निमित्त पनि होइन, न त पुत्रदार-हरूलाई ख्वाउन नसकेर नै हो; परन्तु डुबिरहेको जन्म, जरा, मरण, शोक, परिदेव, दुःख-दौर्मनस्यउपायास आदिबाट मुक्त हुनको निमित्त तथा यी नै दुःखस्कन्धहरूको अन्तः जान्नको निमित्त आएका हुन् ।

"भिक्षुहो ! कुलपुत्र यसरी प्रव्रजित हुन्छ । यसरी प्रव्रजित भएको कुलपुत्र यदि अभिध्यालु (=लोभी), विषमवासनामा तीव्ररागी, हिंसक-चित्त, प्रदुष्टसंकल्प, विस्मृति, अज्ञानी, असमाहित-चित्त, विभ्रान्त-चित्त तथा असंयमी भयो भने उ मानो मसानमा फ्याकेको, दुवैतिर आगो लागेको बीचमा गुहू पनि लागेको दाउराको टुक्रा जस्तै न गाउँमा काम लाग्छ न जंगलमा काम लाग्छ । भिक्षुहो ! त्यस्तै त्यो पुरुषलाई म गृहीभोगबाट पनि बञ्चित भएको तथा सामान्यफल (=यसै जीवनमा प्राप्त गर्नुपर्ने धर्मावबोध) पनि प्राप्त नभएको भनी भन्दछु ।

"भिक्षुहो ! यी तीन प्रकारका अकुशलहरू छन्—(१) काम-वितर्कना, (२) ब्यापादबितर्कना तथा (३) विहिंसावितर्कना । भिक्षुहो ! यी तीन प्रकारका वितर्कनाहरू कहाँ सम्पूर्णरूपले निरुद्ध हुन्छन् भने ?—चार सतिपट्ठानमा[1] राम्ररी चित्तराखी विहार गर्दा

---

१. चार सतिपट्ठान वा चार स्मृतिप्रस्थान सम्बन्धी बारेका कुराहरू लेखकको बु. प. भा–१, पृ. ४६ को पादटिप्पणीमा उल्लेख भएका छन् ।

वा अनिमित्त[1] समाधिमा अभ्यस्त चित्त गरी विहार गर्दा (उपरोक्त वितर्कनाहरू सम्पूर्णरूपले निरुद्ध हुन्छन्)। भिक्षुहो! अनिमित्त समाधिको अभ्यास गर्नु राम्रो हो। भिक्षुहो! अनिमित्त समाधिको अभ्यास गर्दा बहुलिकृत गर्दा महत्फल तथा महानिशंस फल पाइन्छ।

"भिक्षुहो! दुइ प्रकारका दृष्टिहरू छन्—(१) भवदृष्टि[2] र (२) बिभवदृष्टि[3]। भिक्षुहो! यहाँ श्रुतवान् आर्यश्रावकले यस्तो विचार गर्छ—'यो लोकमा त्यस्तो कुनै वस्तु छ के जसलाई समातीराख्दा (=उपादियमानो) म दोषी हुने छैन?' अनि उसलाई यस्तो ज्ञान हुन्छ—'यो लोकमा त्यस्तो कुनै वस्तु छैन जसलाई समातीराख्दा म

---

१. अनिमित्त समाधि भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. श्रावि. च. भा–१, पृ. ४६० को पादटिप्पणीमा उल्लेख भएको छ।

२. 'भवदृष्टि' भनेको केहो भन्ने प्रश्नको उत्तर धम्म. सं. पृ. २८५: सुत्तन्तमातिकाले यसरी दिएको छ—

"भविस्सति अत्ता च लोकोचाति या एवरूपा दिट्ठि, दिट्ठिगतं ....तित्थायतनं, विपरियासग्गाहो—अयं वुच्चति भवदिट्ठि।"

अर्थात्—"आत्मा पनि लोक पनि हुनेछन् भन्ने जुन प्रकारको दृष्टि (=धारणा), दृष्टिगत (=विश्वास),.. तीर्थिय आयतन, विपरीतग्राही हो –यसैलाई 'भवदृष्टि' भन्दछन्। विभं. पा. पृ. ४२८: दुकमातिकनिद्देस्सोले पनि यस्तै कुरा उल्लेख गरेको छ।

३. 'विभवदृष्टि' भनेको के हो भन्ने प्रश्नको उत्तर धम्म. सं. पृ. २८५: सुत्तन्तमातिकाले यसरी दिएको छ—

"न भविस्सति अत्ता च लोकोचाति या एवरूपा दिट्ठि, दिट्ठिगतं,.........तित्थायातनं, विपरियासग्गाहो—अयं वुच्चति विभवदिट्ठि ।"

अर्थात्—"आत्मा पनि लोक पनि हुने छैनन् भन्ने जुन प्रकारको दृष्टि, दृष्टिगत,...तीर्थिय आयतन, विपरीतग्राही हो — यसैलाई 'विभवदृष्टि' भन्दछन् ।" विभं. पा. पृ. ४२८: दुकमातिकनिद्देस्सोले पनि यस्तै कुरा उल्लेख गरेको छ ।

साधारणतया 'भवदृष्टि' भन्नाले 'शाश्वतदृष्टि' र 'विभवदृष्टि' भन्नाले 'उच्छेददृष्टि' हो भनी सबैजसो अर्थकथाहरूले समुल्लेख गरेका छन् । जस्तै—पपं. सू. II पृ. ९: चूलसीहनादसुत्तवण्णना; सुमं. वि. III. पृ. ३१४: सङ्गीतिसुत्तवण्णना ।

यसप्रकार 'दृष्टि' सम्बन्धी अनेक कुराहरूको वर्णन — पटि. म. पा. पृ. १४९–८८: दिट्ठिकथामा भएको छ । त्यहाँ दृष्टि सम्बन्धी—(१) दृष्टि भनेको के हो, (२) दृष्टि उत्पन्न हुने कारणहरू कति छन्, (३) कतिप्रकारले दृष्टि उत्पन्न हुन्छ, (४) कतिप्रकारका दृष्टिहरू छन्, (५) दृष्टि बस्ने ठाउँहरू कति छन् तथा (६) कसरी दृष्टिलाई हटाउन सकिन्छ भन्ने आदि विषयहरूमा विशदरूपले वर्णन गरिएको छ ।

दोषी नहूँ । मैले रूपलाई नै समाती राखेको खण्डमा (=उपादियमाना), वेदनालाई नै समाती राखेको खण्डमा, संज्ञालाई नै समाती राखेको खण्डमा, संस्कारलाई नै समाती राखेको खण्डमा तथा विज्ञानलाई नै समाती राखेको खण्डमा समातीराख्न सक्छु (=उपादियेय्युं), तर त्यसबाट समाती राख्नाको कारणद्वारा (=उपादानपच्चया)—मलाई भव[1] (=जन्मिनुपर्ने कारण) हुनसक्छ, भवको कारणद्वारा जन्म हुन सक्छ, जन्मको कारणद्वारा जरामरण-शोकपरिदेद, दुःख-दौर्मनस्य उपायास हुन सक्छन् । यसरी केवल दुःखस्कन्ध (=दुःखको पुञ्ज) को समुदय मात्र हुन्छ ।'

"भिक्षुहो ! के भन्छौ त, रूप नित्य हो कि अनित्य हो ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो, परिवर्तनस्वभावको हो, के त्यसलाई —'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

"भिक्षुहो ! के भन्छौ त, वेदना...संज्ञा...संस्कार...तथा विज्ञान नित्य हो कि अनित्य हो ?"

---

१. 'भव' शब्दको अर्थ लेखकको बु. श्रा. च. भा-१, पृ. ८७ को पादटिप्पणीमा उल्लेख भएको छ ।

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो, परिवर्तनस्वभावको हो, के त्यसलाई —'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

"भिक्षुहो ! त्यसैले जो जति भूत, भविष्य, वर्तमानका रूपहरू हुन्; जे जति भित्री वा बाहिरी रूपहरू हुन्; जे जति स्थूल वा सूक्ष्म रूपहरू हुन्; जे जति हीन वा प्रणीत रूपहरू हुन् अथवा जे जति टाढाका वा नजिकका[1] रूपहरू हुन्—ती सबै रूपहरू—'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक् प्रज्ञाद्वारा हेर्नुपर्छ ।

"जे जति भूत, भविष्य, वर्तमानका वेदना... संज्ञा... संस्कार तथा विज्ञानहरू हुन्; ...अथवा जे जति टाढाका वा नजिकका विज्ञानहरू हुन्—ती सबै विज्ञानहरू—'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक् प्रज्ञाद्वारा हेर्नुपर्छ ।

"भिक्षुहो ! त्यसैले जुनसुकै रूप—भूत, भविष्य, वर्तमान, भित्री बाहिरी, स्थूल सूक्ष्म, हीन-प्रणीत तथा टाढाका वा नजिकका रूपहरू

---

१. यहाँ उल्लेख भएका 'भूत, भविष्य' आदि रूपहरूका पण्टिकरण लेखकको बु. श्रा. च. भा-१, पृ. २०४ देखि २२२ सम्मको पाद-टिप्पणीमा लेखिदिएको छु ।

हुन्—ती सबै रूपहरू—'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी यथार्थत सम्यक् प्रज्ञाद्वारा हेर्नुपर्छ । जुनसुकै वेदना... जुनसुकै संज्ञा जुनसुकै संस्कार.. तथा जुनसुकै विज्ञान—भूत, भविष्य, वर्तमान, भित्री-बाहिरी, स्थूल-सूक्ष्म, हीन-प्रणीत तथा टाढाका वा नजिकका विज्ञानहरू हुन्—ती सबै विज्ञानहरू—'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी यथार्थतः सम्यक् प्रज्ञाद्वारा हेर्नुपर्छ ।

"भिक्षुहो ! यसैलाई भन्दछन् कि—आर्यश्रावकले बिगार्छ बनाउँदैन, त्याग्छ लिदैन, परित्याग गर्छ संग्रह गर्दैन, निवाउँछ बाल्दैन ।

'भिक्षुहो ! के बिगार्छ, के बनाउँदैन ?—रूपलाई बिगार्छ, रूपलाई बनाउँदैन; वेदनालाई.. संज्ञालाई.. संस्कारलाई तथा विज्ञान-लाई बिगार्छ, विज्ञानलाई बनाउँदैन ।

"केलाई त्याग्छ, केलाई लिदैन ?—रूपलाई त्याग्छ, रूपलाई लिदैन; वेदनालाई ..संज्ञालाई...संस्कारलाई तथा विज्ञानलाई त्याग्छ, विज्ञानलाई लिदैन ।

"केलाई परित्याग गर्छ, केलाई संग्रह गर्दैन ?—रूपलाई परित्याग गर्छ, रूपलाई संग्रह गर्दैन; वेदनालाई...संज्ञालाई...संस्कार-लाई...तथा विज्ञानलाई परित्याग गर्छ, विज्ञानलाई संग्रह गर्दैन ।

"केलाई निभाउँछ, केलाई बाल्दैन ?—रूपलाई निभाउँछ, रूपलाई बाल्दैन; वेदनालाई...संज्ञालाई...संस्कारलाई.. तथा विज्ञान-लाई निभाउँछ, विज्ञानलाई बाल्दैन ।

"भिक्षुहो ! यसरी हेर्ने श्रुतवान् आर्यश्रावक रूपमा पनि विरक्त हुन्छ, (=निब्बिन्दति), वेदनामा पनि...... संज्ञामा पनि...... संस्कारमा पनि...तथा विज्ञानमा पनि विरक्त हुन्छ । विरक्त भएपछि त्याग्छ, त्यागेपछि विमुक्त हुन्छ । विमुक्त भएपछि विमुक्त भएँ भन्ने ज्ञान पनि हुन्छ । 'जन्म क्षीण भयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त गर्नुपर्ने केही छैन' भन्ने पनि उसले जान्दछ ।"

× × ×

मूल सूत्र--

७-भगवान्‌लाई प्रसन्नपारे

(चातुमसुत्त बाट[1])

यस्तो मैले सुनें ।

एक समय भगवान् चातुमको[2] अमलाको बनमा विहार गर्नुभएको थियो ।

त्यसबखत सारिपुत्र मौद्गल्यायन सहित पाँचशय भिक्षुहरू[3] भगवान्‌को दर्शनार्थ चातुममा आइपुगेका थिए । ती आगन्तुक (=पाहुना) भिक्षुहरू नेवासिक (=नित्य बस्ने अथवा स्थानीय) भिक्षुहरूसँग सम्मोदनीय कुराकानी गरी शयनासनहरू बिछ्याइरहेको बेलामा पात्र-चीवर ठाउँ-ठाउँमा राखिरहेको बेलामा त्यहाँ—उच्चशब्द र महाशब्द भएको थियो[4] ।

अनि भगवान्‌ले आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो— "आनन्द ! माछा समात्ने ठाउँमा माझीहरू (=केवट्टा) कराए जस्तै उच्चशब्द र महाशब्द गरी कराइरहेका को हुन् तिनीहरू ?"

१. म. नि. II. पृ. १४१; अ. क. III. पृ. ११८.

२. चातुम भन्ने गाउँ शाक्य जनपदभित्र पर्दछ । हेर लेखकको बु. रा. भा–१, पृ. १२५ र १२६ मा ।

३. हालसाल मात्र प्रव्रजित भएका पाँचशय भिक्षुहरू सारिपुत्रसँग थिए । अनि वहाँले उनीहरूका सम्बन्धमा यस्तो सोच्नुभयो—"यी कुलपुत्रहरू दशबल सम्यक्सम्बुद्धलाई नदेखिकनै प्रव्रजित भएका हुन् । भगवान्कहाँ लैजान पाएदेखि शायद वहाँको धर्मोपदेश सुनेर आ-आफ्ना उपनिश्रय सम्पत्ति अनुसार यी आयुष्मान्हरूका प्रतिष्ठा हुने थियो ।" यति विचार गरी आयुष्मान् सारिपुत्र ती पाँचशय भिक्षुहरूका साथ चातुममा जानुभएको थियो । त्यसैले सूत्रमा "सारिपुत्र मौद्गल्यायन सहित पाँचशय भिक्षुहरू चातुममा आइपुगेका थिए" भनी उल्लेख भएको हो । पपं. सू. II. पृ. ११८: चातुमसुत्तवण्णना ।

४. आगन्तुकको रूपमा आएका ती भिक्षुहरूले नेवासिक भिक्षुहरूलाई "भन्ते ! यो मेरो पात्र हो, यो मेरो चीवर हो, यो मेरो थाल हो, यो मेरो पानी राखने तुम्बा हो, यो मेरो लौरो हो" भन्दै आ-आफ्ना सामानहरू राखिरहेको बेलामा ठूलो हो-हल्लाको आवाज निस्केको थियो । यसैलाई लक्षित गरी 'उच्चशब्द र महाशब्द' भनी भनिएको हो । चिच्च्याई कराएको आवाजलाई 'उच्चशब्द' र फैलिएर गएको सो आवाजलाई 'महाशब्द' भनी भनिएको हो । पपं. सू. II. पृ. ११८: चातुमसुत्तवण्णना ।

"भन्ते ! यिनीहरू भगवान्को दर्शनार्थ चातुममा आइपुगेका सारिपुत्र मौद्गलयायन सहित पाँचशय भिक्षुहरू हुन् । यी आगन्तुक भिक्षुहरू नेवासिक भिक्षुहरूसँग सम्मोदनीय कुराकानी गरी शयनासनहरू बिछ्याइरहेको र पात्र-चीवरहरू ठाउँ-ठाउँमा राखिरहेको बेलाको उच्च-शब्द र महाशब्द हो ।"

"आनन्द ! त्यसोभए मेरो वचनले ती भिक्षुहरूलाई आमन्त्रण गर—'आयुष्मान्हरूलाई शास्ता आमन्त्रण गर्दछन्' ।"

"हवस्, भन्ते !" भनी भगवान्लाई प्रत्युत्तर दिई आयुष्मान् आनन्द जहाँ ती भिक्षुहरू थिए त्यहाँ गए; त्यहाँ पुगेपछि ती भिक्षुहरूलाई यस्तो भन्नुभयो—

"आवुसो ! आयुष्मान्हरूलाई शास्ताले आमन्त्रण गर्दै हुनुहुन्छ ।"

"हवस्, आवुसो" भनी आयुष्मान् आनन्दलाई प्रत्युत्तर दिई ती भिक्षुहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका ती भिक्षुहरूलाई भगवान्ले यस्तो भन्नुभयो—

"भिक्षुहो ! माछा समात्ने ठाउँमा माझीहरू कराए जस्तै तिमीहरू किन उच्चशब्द र महाशब्द गरी कराइरहेका ?"

"भन्ते ! यी सारिपुत्र मौद्गलयायन सहित पाँचशय भिक्षुहरू भगवान्को दर्शनार्थ चातुममा आइपुगेका हुन् । ती हामी आगन्तुक

भिक्षुहरू नेवासिक (=स्थानीय) भिक्षुहरूसँग सम्मोदनीय कुराकानी गरी शयनासनहरू बिछ्याइरहेको र पात्र-चीवरहरू ठाउँ-ठाउँमा राखिरहेको वेलाको सो उच्चशब्द र महाशब्द हो।"

"भिक्षुहो! जाऊ, तिमीहरूलाई जाऊ भन्दछु (=पणामेमि[1]), मकहाँ बस्न पर्दैन।"

"हवस्, भन्ते!" भनी भगवान्‌लाई प्रत्युत्तर दिई ती भिक्षुहरू आसनबाट उठी भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी शयनासनहरू पट्याई पात्र-चीवर ग्रहण गरी (निस्केर) गए।

त्यस समय चातुमका शाक्यहरू केही कामले संस्थागारमा[2] एकत्रित भएका थिए। अनि चातुमका शाक्यहरूले ती भिक्षुहरूलाई टाढैदेखि आइरहेको देखे; देखेर जहाँ ती भिक्षुहरू थिए त्यहाँ गए; त्यहाँ पुगेपछि ती भिक्षुहरूलाई यस्तो भने—

---

१. 'पणामेमी ति नीहरामि' भन्ने अर्थले यस शब्दको अर्थ 'निकाल्नु' भनेको हो। पपं. सू. III. पृ. ११६: चातुमसुत्तवण्णना।

यो पणाम शब्द भुवादिगणको 'पन-गतिम्हि' अर्थात् 'पन' जाने भन्ने धातुशब्दबाट बनेको हो। यसको भावार्थ हो—नम्न गराउनु, दमन गर्नु, शीर झुकाउन लगाउनु तथा निकाल्नु।

२. कस्तोलाई संस्थागार भन्दछन् भन्ने कुरा लेखकको बु. रा. भा–१; पृ. १२७ र १२८ मा उल्लेख भएका छन्।

"हन्द ! तपाइँ आयुष्मान्हरू कहाँ जाँदै हुनुहुन्छ[१] ?"

"आवुसो ! भगवान्ले भिक्षुसङ्घलाई (बाहिर) जानको निमित्त भन्नुभयो ।"

"त्यसोभए आयुष्मान् केहीछिन् यहीं बस्नुहोस्, शायद हामीहरूले भगवान्लाई प्रसन्न पार्न सकौंला ।"

"हुन्छ, आवुसो" भनी ती भिक्षुहरूले चातुमका शाक्यहरूलाई प्रत्युत्तर दिए ।

अनि चातुमका शाक्यहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका चातुमका शाक्यहरूले भगवान्लाई यस्तो बिन्तिगरे—

(१) "भन्ते ! भिक्षुसङ्घप्रति भगवान प्रसन्न हुनुहोस् (=अभिनन्दतु), भन्ते ! भिक्षुसङ्घ प्रति भगवान् खुशी हुनुहोस् (=अभिवदतु) । भन्ते ! जस्तै—भगवान्ले अघि भिक्षुसङ्घलाई अनुगृहित गर्नुहुन्थ्यो त्यस्तै—अहिले पनि भगवान्ले भिक्षुसङ्घलाई अनुगृहीत गर्नुहोस् । भन्ते ! यहाँ भिक्षुहरू नयाँ छन्, प्रव्रजित भएको धेरै समय नभएका तथा हालैमात्र यस धर्मविनयमा आएका छन् । भगवान्को

१. ती भिक्षुहरू केही समय अघिमात्र विहारतिर गइरहेका शाक्यहरूले देखेका थिए । पुनः तुरन्तै फर्केर आइरहेको देखेर 'किनहोला' भन्ने मनमा लागेर उपरोक्ताकारले सूत्रमा सोधेका हुन् भनी पपं. सू-III. पृ. ११८: चातुमसुत्तवण्णनाले उल्लेख गरेको छ ।

दर्शन नपाउँदा उनीहरूको चित्त अन्यथा (=अञ्ञथत्तं) पनि हुनसक्छ, विपरिणाम (=परिवर्तन) पनि ।

(२) "भन्ते ! जस्तै—भरखरै रोपेको बिउ अथवा बिरुवाले पानी नपाउँदा शायद (त्यो बिउ अथवा बिरुवा) अन्यथा पनि हुनसक्छ, बिपरिणाम पनि । भन्ते ! त्यस्तै—यहाँ भिक्षुहरू नयाँ छन्, प्रव्रजित भएको धेरै समय नभएका तथा हालैमात्र यस धर्मविनयमा आएका छन् । भगवान्‌को दर्शन नपाउँदा उनीहरूको चित्त अन्यथा पनि हुनसक्छ, विपरिणाम पनि ।

(३) "भन्ते ! जस्तै—भरखरको बाछाले आमालाई नदेख्दा शायद (उसको) अन्यथा पनि हुनसक्छ, विपरिणाम पनि । भन्ते ! त्यस्तै—यहाँ भिक्षुहरू नयाँ छन्, प्रव्रजित भएको धेरै समय नभएका तथा हालै मात्र यस धर्मविनयमा आएका छन् । भगवान्‌को दर्शन नपाउँदा उनीहरूको चित्त अन्यथा पनि हुनसक्छ, विपरिणाम पनि ।

(४) "भन्ते ! भिक्षुसङ्घ प्रति भगवान् प्रसन्न हुनुहोस्, भन्ते ! भिक्षुसङ्घ प्रति भगवान् खुशी हुनुहोस् । भन्ते ! जस्तै—भगवान्‌ले अघि भिक्षुसङ्घलाई अनुगृहित गर्नुहुन्थ्यो त्यस्तै—अहिले पनि भगवान्‌ले भिक्षु-सङ्घलाई अनुगृहित गर्नुहोस् ।"

अनि सहम्पति ब्रह्माले भगवान्‌को चित्तमा (त्यसबखत) [भइरहेको वितर्कनालाई जानी जस्तै—कुनै बलवान् पुरुषले खुम्चेको

बाहुलाई पसाछं अथवा पसारेको बाहुलाई खुम्च्याउँछ त्यस्तैगरी—ब्रह्मलोकबाट अन्तर्धान भई भगवान्‌को अगाडि प्रकट भए। अनि सहम्पति ब्रह्माले उत्तरासँगलाई एकांश पारी भगवान्‌तिर हातजोरी नमस्कार गरी भगवान्‌लाई यस्तो बिन्तिगरे—

(१) "भन्ते! भिक्षुसङ्घ प्रति भगवान् प्रसन्न हुनुहोस्, भन्ते! भिक्षुसङ्घ प्रति भगवान् खुशी हुनुहोस्। भन्ते! जस्तै – भगवान्‌ले अघि भिक्षुसङ्घलाई अनुगृहित गर्नुहुन्थ्यो त्यस्तै—अहिले पनि भगवान्‌ले भिक्षुसङ्घलाई अनुगृहित गर्नुहोस्। भन्ते! यहाँ भिक्षुहरु नयाँ छन्, प्रव्रजित भएको धेरै समय नबितेका तथा हालैमात्र यस धर्मविनयमा आएका छन्। भगवान्‌को दर्शन नपाउँदा उनीहरूको चित्त अन्यथा पनि हुनसक्छ, विपरिणाम पनि।

(२) "भन्ते! जस्तै—भरखरै रोपेको बिउ अथवा बिरुवाले पानी नपाउँदा शायद (त्यो बिउ अथवा बिरुवा) अन्यथा पनि हुनसक्छ, विपरिणाम पनि। भन्ते! त्यस्तै—यहाँ भिक्षुहरू नयाँ छन्, प्रव्रजित भएको धेरै समय नभएका तथा हालैमात्र यस धर्मविनयमा आएका छन्। भगवान्‌को दर्शन नपाउँदा उनीहरूको चित्त अन्यथा पनि हुनसक्छ, विपरिणाम पनि।

(३) "भन्ते! जस्तै—भरखरको बाछाले आमालाई नदेख्दा (उसको) अन्यथा पनि हुनसक्छ, विपरिणाम पनि। भन्ते! त्यस्तै—यहाँ भिक्षुहरू नयाँ छन्, प्रव्रजित भएको धेरै समय नभएका तथा हालैमात्र यस धर्मविनयमा आएका छन्। भगवान्‌को दर्शन

नपाउँदा उनीहरूको चित्त अन्यथा पनि हुनसक्छ, विपरिणाम पनि ।

(४) "भन्ते ! भिक्षुसङ्घ प्रति भगवान् प्रसन्न हुनुहोस्, भन्ते ! भिक्षुसङ्घ प्रति भगवान् खुशी हुनुहोस् । भन्ते ! जस्तै— भगवान्‌ले अघि भिक्षुसङ्घलाई अनुगृहित गर्नुहुन्थ्यो त्यस्तै - अहिले पनि भगवान्‌ले भिक्षुसङ्घलाई अनुगृहित गर्नुहोस् ।"

चातुमका शाक्यहरूले र सहम्पति ब्रह्माले बिउको उपमा र बिरुवाको उपमाद्वारा भगवान्‌लाई प्रसन्न पार्नसके । अनि आयुष्मान् महामौद्गल्यायनले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"आवुसो ! उठ्नुहोस् पात्र-चीवर ग्रहण गर्नुहोस् । चातुमका शाक्यहरूद्वारा र सहम्पति ब्रह्माद्वारा बिउको उपमाद्वारा र बिरुवाको उपमाद्वारा भगवान्‌लाई प्रसन्न पारे[1] ।"

---

१. भिक्षुहरूसँगै पर्खिरहनुभएका महामौद्गल्यायन महास्थविरले सहम्पति ब्रह्मा पनि भगवान्‌कहाँ आएका कुरा दिव्यचक्षुद्वारा देखनुभयो । ब्रह्माले बुद्धसँग प्रार्थना गरेका कुरा पनि दिव्यश्रोत-द्वारा सुन्नुभयो । अनि भगवान् प्रसन्न हुनुभएको कुरा पनि चेतोपरियज्ञान (=परचित्तज्ञान) द्वारा जान्नुभएको थियो । त्यसैले वहाँले भिक्षुहरूलाई 'पात्र-चीवर ग्रहण गर्नुहोस्' भनी भन्नुभएको हो र भगवान्‌ले वहाँहरूलाई बोलाउन पठाउनुभन्दा अगावै वहाँहरू भगवान्‌कहाँ जानलाग्नु भएको हो भनी पपं. सू. III. पृ. १२०: चातुमसुत्तवण्णनाले उल्लेख गरेको छ ।

"हवस्, आवुसो !" भनी आयुष्मान् महामौद्गल्यायनलाई प्रत्युत्तर दिई ती भिक्षुहरू आसनबाट उठी पात्र-चीवर ग्रहण गरी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । अनि एक छेउमा बसेका आयुष्मान् सारिपुत्र-लाई भगवान्ले यस्तो भन्नुभयो—

"सारिपुत्र ! मैले भिक्षुसङ्घलाई (बाहिर) जाऊ भनी भन्दा तिमीलाई कस्तो लागेको थियो नि ?"

"भन्ते ! मलाई यस्तो लागेको थियो—'भगवान्ले भिक्षुसङ्घलाई (बाहिर) जाऊ' भनी भन्नुभयो । अब भगवान् अल्पोत्सुकी भई दृष्टधर्म सुख विहारमा अनुयुक्त हुनुभई विहार गर्नु हुनेछ । हामी पनि अब अल्पोत्सुकी भई दृष्टधर्म सुख विहारमा अनुयुक्त भई विहार गर्नेछौं ।"

"सारिपुत्र ! पर्ख, सारिपुत्र ! पर्ख—दृष्टधर्म सुख विहारको कुरा पर्ख ।"

अनि भगवान्ले आयुष्मान् महामौद्गल्यायनलाई सम्बोधन गर्नुभयो—"मौद्गल्यायन ! मैले भिक्षुसङ्घलाई (बाहिर) जाऊ भनी भन्दा तिमीलाई कस्तो लागेको थियो त ?"

"भन्ते ! मलाई यस्तो लागेको थियो—'भगवान्ले भिक्षुसङ्घ-लाई (बाहिर) जाऊ' भनी भन्नुभयो । अब भगवान् अल्पोत्सुकी भई दृष्टिधर्म सुख विहारमा अनुयुक्त भई विहार गर्नु हुनेछ । मैले र

आयुष्मान् सारिपुत्रले अब भिक्षुसङ्घको परिहरण (=रेखदेख) गर्नेछौं[1] ।"

"साधु, साधु, मौद्गल्यायन ! चाहे म भिक्षुसङ्घको परिहरण गरूँ, चाहे सारिपुत्र मौद्गल्यायनहरूले परिहरण गरुन् ।"

× × ×

---

१. महामौद्गल्यायन महास्थविरले—भगवान्ले भिक्षुसङ्घलाई छाडेको खण्डमा—सङ्घको रेख-देख गर्ने जवाफदेही आफू दुइजनामा आइपर्ने कुराको महसूस गर्नुभएको हुनाले वहाँले सूत्रमा 'मैले र आयुष्मान् सारिपुत्रले अब भिक्षुसङ्घको परिहरण गर्नेछौं' भनी भन्नुभएको हो । यसै सम्बन्धमा सारिपुत्र महास्थविरले जवाफदेहीको कुरा महसूस गर्न सक्नु भएन । त्यसैले सारिपुत्र महास्थविरलाई भगवान्ले 'पर्ख' भनी सूत्रमा भन्नुभएको हो भनी पपं. सू. III. पृ. १२०: चातुमसुत्तवण्णनाले उल्लेख गरेको हो ।

मूल सूत्र—

८—हजारौं मुक्त भए

(अन्धकविन्दसुत्त[1])

एक समय भगवान्, मगध (देश) को अन्धकविन्द[2] (गाउँ) मा बिहार गर्दै हुनुहुन्थ्यो। त्यसबखत भगवान् रात्र्यान्धकारको समयमा खुला ठाउँमा बस्नुभएको थियो। अनि सहम्पति ब्रह्मा रात बितिसकेपछि सुन्दर रूप धारण गरी अन्धकविन्द जम्मै आलोकित पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए[3]। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए। एक छेउमा उभिएका सहम्पति ब्रह्माले भगवान् समक्ष यी गाथाहरू भने—

---

१. सं. नि. I. पृ १५४: ब्रह्मसंयुत्त; अ. क. I. पृ. १७१.

२. अन्धकविन्द भन्ने गाउँ वर्तमान समयमा कहाँ पर्छ भन्ने बारेमा अहिलेसम्म कुनै निष्कर्षमा आउन सकिएको छैन। समन्तपासादिकाले उल्लेख गरे अनुसार यति त पक्का छ कि अन्धकविन्द भन्ने गाउँ राजगृहबाट केवल ३ गाउत अर्थात् करीब ६ माइल जति टाढा पर्छ। सम. पा. III. पृ. ११०६: उपोसथकन्धकवण्णना।

३. भगवान् अन्धकविन्द गाउँको खुला ठाउँमा बसिरहनुभएको देखेर

१–"निर्जन स्थानको सेवन गर्नुहोस्, संयोजन दूर गर्नको निमित्त चर्या गर्नुहोस्, यदि त्यसमा चित्त लाग्दैन भने संयत स्मृतिमान् भई सङ्घको बीच बस्नुहोस् ।

२–"इन्द्रिय संयम गरी प्रज्ञावान्, स्मृतिमान् भई घर घरमा पिण्डार्थ गई निर्जन शयनासनमा बसी भयबाट प्रमुक्त भई अभयमै मुक्त हुनुहोस् ।

३–"जहाँ भयावह सर्पादिहरू छन्, जहाँ बिजुली चम्की आकाश गर्जिरहेछ, रातको अन्धकारमा त्यस्तो ठाउँमा पनि लोमहर्षण रहित भई भिक्षुहरू बस्छन् ।

४–"कसैको कुरा सुनेर मैले यो विश्वास गरेको होइन, यो त स्वयं मैले देखेको हुँ कि एउटै धर्मोपदेशद्वारा हजारौंले आस्रव क्षीण गरे ।

५–"पाँचशयभन्दा बढी शैक्षहरू र अझ बढी अरू एकशय दश तिरश्चीन गतिबाट मुक्त भई स्रोतापन्न भए ।

६–"बाँकी अरू प्रजाहरू पुण्यभागी भए भनी म ठान्दछु; मृषावाद भएको कारणले गर्दा म उनीहरूको संख्या बताउन सक्दिन ।"

× × ×

सहम्पति ब्रह्माको मनमा 'भगवान् अहिलेसम्म पनि ध्यानमा बसिरहनुभएको रहेछ । वहाँकहाँ गई सानुकूल कुराहरू सुनाउनेछु' भन्ने लागेपछि उनी भगवान्कहाँ गएका हुन् भनी सार. प. I. पृ. ७१: अन्धकविन्दसुत्तवण्णनाले उल्लेख गरेको छ ।

मूल सूत्र—

९–ब्रह्माको आहुति

(ब्रह्मदेवसुत्त[1])

यस्तो मैले सुनें ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो । त्यस समय एक ब्राह्मणीका ब्रह्मदेव भन्ने पुत्र घरछाडी अनगारिक भई भगवान्‌कहाँ प्रव्रजित भएका थिए ।

अनि आयुष्मान् ब्रह्मदेव एक्लै एकान्तमा बसी अप्रमादी भई आतप्त गरी प्रहीतात्म भई विहार गरिरहेको बेलामा—जसको लागि कुलपुत्रहरू सम्यक्‌रूपले घरछाडी अनगारिक भई प्रव्रजित हुन्छन्— ती अनुत्तर ब्रह्मचर्य पूरा गरी यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी विहार गरे । 'जन्म क्षीण भयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसकें[2],

१. सं. नि. I. पृ. १४१: ब्रह्मसंयुत्त; अ. क. I. पृ. १५६.

२. 'गर्नुपर्ने गरिसकें' को मतलब चतुरार्यसत्यलाई चार मार्गद्वारा परिज्ञा, प्रहाण, साक्षात्कार तथा भावनाका रूपले सोह्र प्रकारका कृत्यहरू पूरा गरिसकेको हो भन्ने अर्थ हो भनी सार. प. I. पृ. १६०: ब्रह्मदेवसुत्तवण्णनाले उल्लेख गरेको छ ।

अब उप्रान्त गर्नुपर्ने केही बाँकी छैन' भन्ने अवबोध पनि गरे । आयुष्मान् ब्रह्मदेव अरहत्‌हरूमध्येमा एक हुनुभयो ।

अनि आयुष्मान ब्रह्मदेव पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा पिण्डार्थ जानुभयो । श्रावस्तीमा सपदानपूर्वक पिण्डार्थ जानुहुँदा जहाँ आफ्नी आमाको घर हो त्यहाँ जानुभयो ।

त्यस समय आयुष्मान् ब्रह्मदेवकी आमा ब्राह्मणीले प्रतिदिन ब्रह्मालाई आहुति दिन्थिन्[1] । अनि सहम्पति ब्रह्मालाई यस्तो लाग्यो— "यी आयुष्मान् ब्रह्मदेवकी आमा ब्राह्मणी प्रतिदिन ब्रह्मालाई आहुति चढाउँछिन् । अतः किन म उनकहाँ गई उनलाई मैले संवेग नपारुँ ।" यति सोची सहम्पति ब्रह्मा जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ अथवा पसारेको बाहुलाई खुम्च्याउँछ, त्यस्तैगरी ब्रह्मलोकमा अन्तर्धान भई आयुष्मान ब्रह्मदेवकी आमाको घरमा प्रकट भए ।

---

१. आयुष्मान् ब्रह्मदेवकी आमा प्रतिदिन ब्रह्माको नाउँमा आहुति पिण्ड चढाउँदथिन् । तर त्यसदिन उनको घरमा भूतलाई बलिपूजा गर्ने काम थियो । अतः जम्मै घर हरियो गोबरले लिपी, अनेक प्रकारका ध्वजा पताकाहरू तथा फूलमालाहरू सजाई पञ्चलाजहरू छरी, ठाउँ ठाउँमा पूर्ण घडाहरू राखी चिराकहरू बाली घरको चारैतिर धूपदानीमा धूप जलाई राखिएको थियो ।

ब्राह्मणी पनि बिहान सबेरै सोह्र घडा सुगन्धित पानीले

नुहाई खूब ठाँट-बाँटका साथ आफूलाई सजाई बसेकी थिइन् । त्यसै समयमा भिक्षाटन् आएका आफ्नो पुत्रलाई देखी भिक्षापात्र हातमा लिई घरभित्र ल्याई एक ठाउँमा बसालिन् । छोरा ब्रह्मदेवलाई कुनै यागु आदि भिक्षा-भोजन नदिई महाब्रह्मालाई भोजन चढाउने विचारले सुवर्णको भाँडा भरी पायस राखी; घ्यू, मह, सखरहरू मिलाई घरको पछाडि लिपी राखेको भूत-पीठमा गई चारै दिशामा एक एक पायस पिण्ड राखी बीचमा पनि एक पिण्ड राखी एउटा घुँडाले भुइमा टेकी कुहिनासम्म घ्यूको रस बग्ने गरी हातमा पिण्ड लिई 'हे महाब्रह्मे ! तपाइँ ब्रह्माले यो पिण्ड खानुहोस्, स्वाद लिनुहोस्, ग्रहण गर्नुहोस्' भन्दै महाब्रह्मालाई पिण्ड चढाइरहेकी थिइन् । अनि सहम्पति ब्रह्माले उनलाई देखेर त्यहाँ आई "यस्तो पिण्ड महाब्रह्माले खाँदैनन्, ग्रहण गर्दैनन्; बरु ब्रह्माभन्दा पनि महाब्रह्मा समान भएका तिम्रा पुत्र आयुष्मान् ब्रह्मदेवलाई स्वागत सत्कार गरी भोजन चढाऊ । ब्रह्माहरू यस्ता पिण्डद्वारा यापन पनि गर्दैनन् । उनीहरूत प्रीतियुक्त ध्यानद्वारा यापन गर्छन् । तिमी त अग्रदक्षिणेय्यलाई छाडी महाब्रह्मालाई भोजन दिन्छु भन्दै मानो काँटा छाडी हातले तौलने झैं, भेरी छाडी पेट बजाउने झैं, आगो छाडी जुनकिरीले बाल्ने झैं—भूतवली आदि चढाउँदैछ्यौ । यसबाट तिम्रो कुनै हित हुन सक्तैन । ब्रह्मलोकगामी चारप्रकारका ध्यानहरू गर" भनी आदि कुराहरू सुनाए । सार. प. I. पृ. १६०: ब्रह्मदेवसुत्तवण्णना ।

अनि आकाशमा उभिई सहम्पति ब्रह्माले आयुष्मान् ब्रह्मदेवकी आमा ब्राह्मणीलाई यसो भने—

१–"ब्राह्मणी ! जसको निमित्त तिमी सधैं आहुति चढाउँछयौ —त्यो ब्रह्मलोक यहाँबाट धेरै टाढा[1] छ; ब्राह्मणी ! ब्रह्माले यस्तो (आहुति) खाँदैनन्; ब्रह्मपथलाई नजानी के यस्तो कल्पना गरिरहेकी-छयौ[2] ?

२–"ब्राह्मणी ! यी तिम्रा ब्रह्मदेव नै क्लेशरूपी बन्धन रहित भई ब्रह्माहरूभन्दा पनि महाब्रह्मा समान भएका छन्, सो भिक्षु अकिञ्चन

---

१. ब्रह्मलोक धेरै टाढा छ भन्ने सम्बन्धमा कति टाढा छ भन्ने अन्नाज दिनको निमित्त सारत्थपकासिनीले यस्तो दृष्टान्त दिएको छ—

"कूटागार जत्रै विशाल ढुंगा ब्रह्मलोकबाट खसाल्दा एक रातदिनमा अठचालीस हजार (४८,०००) योजनहरू खस्ने प्रमाणको हिसाबले चारमहीनासम्ममा पृथ्वीमा पुग्नसक्छ । सबै-भन्दा तल्लो ब्रह्मलोक त्यति टाढा पर्छ । सार. प. I. पृ. १६१: ब्रह्मदेवसुत्तवण्णना ।

२. "दूरे इतो ब्राह्मणी ब्रह्मलोको,
यस्साहुतिं पग्गण्हासि निच्चं ।
नेतादिसो ब्राह्मणि ब्रह्मभक्खो,
किं जप्पसि ब्रह्मपथं अजानं ।।"
सं. नि. I. पृ. १४२: ब्रह्मदेवसुत्तं ।

छन्, उनले कसैलाई पोषण गर्दैनन्—जो तिम्रो घरमा पिण्डार्थ पसेका छन् ।

३–"उनी आह्वान योग्य छन्, सबै जान्ने र भावितात्मा छन्, मनुष्यहरूको र देवहरूको दक्षिणेय्य छन्, सबै पापलाई बगाई निर्लिप्त भएका छन् र शान्तपूर्वक भिक्षाटन्को निमित्त आएका छन् ।

४–"उनको न अगाडि छ न पछाडि छ[1], उनी अक्रोधीनि निदुःखी, आशारहित तथा शान्त छन्; अनि प्राणीहरू प्रति दण्डरहित छन्—उनलाई तिम्रो आहुति पिण्ड खुवाऊ ।

५–"उपशान्त भई क्लेशरूपी सेनारहित भएका, तृष्णारहित नाग जस्तै दान्त भई हिंडिरहेका—सो भिक्षु सुशील छन्, सुविमुक्त छन्—उनलाई तिम्रो आहुति पिण्ड खुवाऊ ।

६–"अकम्पित भई उनीप्रति प्रसन्न भई दक्षिणेयमाथि दक्षिणा प्रतिस्थापित गर । ब्राह्मणी ! क्लेशरूपी बाढीबाट उत्तीर्ण भएका मुनिलाई दर्शन गरी भविष्यको निमित्त पुण्य गर ।"

---

१. पछाडि भनेको भूतकाल हो, अगाडि भनेको भविष्यकाल हो । भूत र भविष्यकालका स्कन्धहरू सम्बन्धमा कुनै आसक्त नभएकोलाई अगाडि र पछाडि नभएको भनी भनिएको हो । सार. प. I. पृ. १६१: ब्रह्मदेवसुत्तवण्णना ।

(संगीतिकार भन्दछन्—)

"अनि क्लेशरूपी बाढीबाट उत्तीर्ण हुनुभएका मुनिलाई देखी वहाँ अति अति प्रसन्न भई अविकम्पित भई ब्राह्मणीले दक्षिणेयलाई दक्षिणा (=दान) दिइन् ।"

× × ×

मूल सूत्र—

१०–लाभसत्कारद्वारा विनाश हुन्छ

(देवदत्तसुत्त[1])

यस्तो मैले सुनें ।

एक समय देवदत्त (भिक्षु) फर्केको[2] केही समयपछि भगवान् राजगृहस्थित गृद्धकूट पर्वतमा बस्नुभएको थियो । अनि सहम्पति ब्रह्मा रात बितिसकेपछि सुन्दर रूप धारण गरी गृद्धकूट पर्वत जम्मै आलोकित पारी जहां भगवान् हुनुहुन्थ्यो त्यहां गए । त्यहां पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका सहम्पति ब्रह्माले देवदत्त (भिक्षु) को बारेमा भगवान् समक्ष यो गाथा भने—

---

१. सं. नि. I. पृ. १५४: ब्रह्मसंयुत्तं; अ. क. I. पृ. १७१.

२. सङ्घभेद गरी देवदत्त भिक्षु गयाशीर्ष पर्वतमा गइसकेपछि । सार. प. I. पृ. १७१: देवदत्तसुत्तवण्णना । देवदत्त भिक्षुले सङ्घभेद गरेका कुराहरू चुल्ल. व. पा. पृ. ३००: सङ्घभेदक्खन्धकमा वर्णित भएका छन् ।

"फलं वे कदलिं हन्ति, फलं वेलुं फलं नलं।
सक्कारो कापुरिसा हन्ति, गब्भो अस्सातरिं यथा'ति ॥"

अर्थ—

"केराको फलद्वारा केराको बोट, बाँसको फलद्वारा बाँसको बोट, नलको फलद्वारा नलको बोट तथा गधाहाले बच्चा (गाँडु) जन्माउँदा गधाहाकै विनाश हुने झैं—लाभसत्कारद्वारा नीच पुरुष विनाश हुन्छ।"

× × ×

मूल सूत्र—

११-कोकालिक भिक्षु नरकमा गए

(कोकालिकसुत्त[1])

श्रावस्तीमा।

अनि कोकालिक भिक्षु जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका कोकालिक भिक्षुले भगवान्लाई यस्तो भने—

"भन्ते! सारिपुत्र मौद्गल्यायनहरू लोभी (=पापिच्छा) छन् र लोभको वशमा छन्[2]।"

---

१. सं. नि. I. पृ. १५०: ब्रह्मसंयुत्त; अ. क. I. पृ. १६८; यस्तै सूत्र अं. नि–१०, पृ. २३६ र सुत्तनिपात पृ. ३६८ मा पनि उल्लेख भएको छ।

२. कोकालिक भिक्षुले सारिपुत्र मौद्गल्यायनहरू प्रति किन ईर्ष्या गरे भन्ने बारेका कुराहरू लेखकको बु. ब्र. भा–१, पृ. २९० को पादटिप्पणीमा उल्लेख गरिसकेकेछु।

जब दिन ल्याएका वस्तुहरू स्वीकार नगरी महास्थविरहरू त्यहाँबाट फर्केर जानुभयो; तबदेखि उनले वहाँहरू प्रति दागा राखेका थिए ।

फेरि अर्को एक पल्ट सारिपुत्र मौद्गल्यायन महास्थविरहरू कोकालिक नगरमा पुग्दा त्यहाँका नागरिकहरूले वहाँहरूलाई चिनी नगरको बीचमा मण्डप बनाई परिष्कारहरू सहित महादान दिए । महास्थविरहरूले ती दान वस्तुहरू सबै सङ्घलाई दिनुभयो ।

यो देखेर कोकालिक भिक्षुले सोच्नथाले कि—यी स्थविरहरू अघि अल्पेच्छी जस्ता थिए । तर अबत यिनीहरू पापेच्छी (लोभ मनोवृत्तिका) भए । यति सोची महास्थविरहरूकहाँ गई 'आवुसो ! अघि त तपाइँहरू अल्पेच्छी, सन्तोषी जस्ता हुनुहुन्थ्यो, अहिले त तपाइँहरू लोभी हुनुभयो' भन्दै कुरा सुनाई पुनः 'मूल स्थानमा नै वहाँको प्रतिष्ठामा बाधा पुऱ्याइदिनेछु' भन्ने सोची हतारो हतारो गरी श्रावस्तीमा गई भगवान्कहाँ चुक्ली लगाउन गए ।

भगवान्ले हतारो हतारो गरी उनलाई आइरहेको देखी; उनको बारेमा विचार गर्नु हुँदा "यी भिक्षु अग्रश्रावकहरूलाई गालिगर्न आइरहेछन्" भन्ने बुझी पुनः "यिनलाई यसबाट हटाउन सकिएला के" भनी विचार गर्नु हुँदा "अग्रश्रावकहरू प्रति अपराध गरी आएको र निषेध पनि गर्न नसक्ने कुरा समेत जान्नु भएको

यस्तो भन्दा भगवान्‌ले कोकालिक भिक्षुलाई यस्तो भन्नुभयो —

"कोकालिक! यस्तो नभन, कोकालिक! यस्तो नभन। कोकालिक! सारिपुत्र मौद्‌गल्यायन प्रति चित्त प्रसन्न पार। सारिपुत्र मौद्‌गल्यायनहरू शीलवान्‌ हुन्‌।"

दोश्रो पटक पनि कोकालिक भिक्षुले भगवान्‌लाई यस्तो भने—

"भन्ते! यद्यपि भगवान्‌ प्रति मेरो श्रद्धा तथा विश्वास छ, तथापि भन्ते! सारिपुत्र मौद्‌गल्यायनहरू लोभी छन्‌ र लोभको वशमा छन्‌।"

दोश्रो पटक पनि भगवान्‌ले कोकालिक भिक्षुलाई यस्तो भन्नुभयो—

मात्र होइन सो अपराधको फल स्वरूप उनी अवश्य पनि पद्मनर्कमा जाने छन्" भन्ने कुरा समेत ज्ञात गर्नुभयो।

अनि "सारिपुत्र मौद्‌गल्यायनहरूलाई गालिगर्दा पनि केही भन्नुभएन" भन्ने "लोकापवाद दूर गर्नुको निमित्त र आर्यहरूको अपवाद गर्नु महादोष हो भन्ने कुरा समेत बोध गराउनको निमित्त" वहाँले कोकालिक भिक्षुलाई तीन तीन पटकसम्म सम्झाउनुभएको हो भन्ने कुरा सार. प. I. पृ. १६९–७०: कोकालिकसुत्तवण्णनाले उल्लेख गरेको छ।

"कोकालिक! यस्तो नभन, कोकालिक! यस्तो नभन। कोकालिक! सारिपुत्र मौद्गल्यायन प्रति चित्त प्रसन्न पार। सारिपुत्र मौद्गल्यायनहरू शीलवान् हुन्।"

तेश्रो पटक पनि कोकालिक भिक्षुले भगवान्‌लाई यस्तो भने—

"भन्ते! यद्यपि भगवान् प्रति मेरो श्रद्धा तथा विश्वास छ, तथापि भन्ते! सारिपुत्र मौद्गल्यायनहरू लोभी छन् र लोभको वशमा छन्।"

तेश्रो पटक पनि भगवान्‌ले कोकालिक भिक्षुलाई यस्तो भन्नुभयो—

"कोकालिक! यस्तो नभन, कोकालिक! यस्तो नभन। कोकालिक! सारिपुत्र मौद्गल्यायन प्रति चित्त प्रसन्न पार। सारिपुत्र मौद्गल्यायनहरू शीलवान् हुन्।"

अनि कोकालिक भिक्षु आसनबाट उठी भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए। फर्केर गएको केहीछिन पछि कोकालिक भिक्षुको आङ्भरी सस्यौं जत्रा खटीराहरू निस्कनथाले। सस्यौं जत्रा खटीराहरू निस्की मुगी जत्रा हुनथाले; मुगी जत्राबाट मटर जत्रा हुनथाले; मटर जत्राबाट बयर जत्रा हुनथाले; बयरको गेडा जत्राबाट अमला जत्रा हुनथाले; अमला जत्राबाट स्यानो बेल जत्रा हुनथाले; स्यानो बेल जत्राबाट ठूलो बेल जत्रा हुनथाले; ठूलो बेल जत्राबाट पाकेका बेल जत्रा हुनथाले; पाकेका बेल जत्रा भएपछि फुट्नथाले र

त्यसबाट पीप र रगत बग्नथाले । अनि सोही रोगले कोकालिक भिक्षुको मृत्युभयो[१]। सारिपुत्र मौद्गल्यायनहरू प्रति आघात (=द्वेष) चित्त राखी मृत्युपछि कोकालिक भिक्षु पद्म नर्कमा उत्पन्न भए ।

अनि सहम्पति ब्रह्मा रात बितिसकेपछि सुन्दर रूप धारण गरी जेतवन जम्मै आलोकित पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका सहम्पति ब्रह्माले भगवान्लाई यस्तो बिन्तिगरे—

---

१. जब कोकालिक भिक्षुको शरीरका खटिराहरू फुटेर त्यसबाट— पाकेको भुइकटहरबाट रस निस्कने झैं—रगत र पीपहरू बग्नथाले तब उनी जेतवनको द्वार-कोठामा विष खाएको माछा जस्तै छटपटाई केराको पातमा सुते । अनि जेतवनाराममा पस्ने सबैले "धिक्कारहोस्, आफ्नै मुखले गर्दा यस्तो व्यसन पायो" भनी उनलाई सुनाउनथाले । मानिसहरूले मात्र धिक्कारेका होइनन् देवहरूले समेत धिक्कार्नथाले र अन्तमा यो धिक्कारेको आवाज अकनिष्ठ लोकमा समेत पुग्यो । जब उनका अधिका उपाध्याय हुने तुदु प्रत्येक ब्रह्माले पनि यो आवाज सुनें तब उनी आएर कोकालिक भिक्षुलाई सम्झाउँदा पनि सम्झाउन नसकेपछि उनले पनि छाडेर गए । उनले छाडेर गएपछि कोकालिक भिक्षुको मृत्यु भएको थियो । त्यसैले सूत्रमा 'सोही रोगले कोकालिक भिक्षुको मृत्यु भयो' भनी उल्लेख भएको हो । सार. प. I. पृ. १७०: कोकालिकसुत्त-वण्णना ।

"भन्ते ! कोकालिक भिक्षुको मृत्यु भयो । भन्ते ! सारिपुत्र मौद्गल्यायनहरू प्रति आघात चित्त राख्ने कोकालिक भिक्षुको मृत्यु भयो । त्यसपछि पद्म नरकमा उत्पन्न भए ।"

यति बिन्ति गरिसकेपछि भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी सहम्पति ब्रह्मा उहीं अन्तर्धान भए ।

अनि त्यस रात बितेपछि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"भिक्षुहो ! यो बितेको रातमा रात बितिसकेपछि सुन्दर रूप धारण गरी जेतबन जम्मै आलोकित पारी जहाँ म थिएँ त्यहाँ सहम्पति ब्रह्मा आए । त्यहाँ आएपछि मलाई अभिवादन गरी एक छेउमा उभिए । भिक्षुहो ! एक छेउमा उभिएका सहम्पति ब्रह्माले मलाई यस्तो बिन्तिगरे—'भन्ते ! कोकालिक भिक्षुको मृत्यु भयो । भन्ते ! सारिपुत्र मौद्गल्यायनहरू प्रति आघात चित्त राख्ने कोकालिक भिक्षु मृत्युपछि पद्म नरकमा उत्पन्न भए ।' भिक्षुहो ! यति बिन्ति गरी मलाई अभिवादन तथा प्रदक्षिणा गरी सहम्पति ब्रह्मा उहीं अन्तर्धान भए ।"

यस्तो भन्नुहुँदा एक भिक्षुले भगवान्लाई यस्तो बिन्तिगरे— "भन्ते ! पद्म नरकमा कति लामो आयु हुन्छ ?"

"भिक्षुहो ! पद्म नरकमा धेरै लामो आयु हुन्छ । त्यसलाई यति वर्ष, यति शय वर्ष, यति हजार वर्ष अथवा यति लाख वर्ष भनी संख्या निश्चित गर्नु सजिलो छैन ।"

"भन्ते ! उपमा दिन सकिन्छ के ?"

"भिक्षु ! सकिन्छ" भनी भगवान्‌ले यस्तो भन्नुभयो—

"भिक्षु ! जस्तै—कोशलको नापले बीस खारी[1] भएको गाडा छ भने कुनै पुरुषले त्यसबाट शय वर्षको एकपल्ट एउटा तीलको गेडा झिक्छ

---

१. 'खारी' भनेको एक नापको प्रमाण हो । सार. प. I. पृ. १७०: कोकालिकसुत्तवण्णनाले 'खारी' भनेको कति हो भन्ने बारेमा यसरी उल्लेख गरेको छ—

मागधीय पसर (=पत्थ) ले चार पसरको कोशल देशको एक पसर हुन्छ । त्यस पसरले चार पसरको एक आल्हक हुन्छ, चार आल्हकको एक द्रोणी हुन्छ, चार द्रोणीको एक मणिका हुन्छ, चार मणिकाको एक 'खारी' हुन्छ । त्यस खारीको बीस खारीलाई 'वाह' भन्दछन् ।

यस नाप सम्बन्धमा अभिधानप्पदीपिकाको गा. नं. ४८२–८३ ले यसरी उल्लेख गरेका छन्

१ मुट्ठी (=पसत) । ४ मुट्ठीको १ पसर (=पत्थ), ४ पसरको १ आल्हक, ४ आल्हकको १ द्रोण, ४ द्रोणको १ मणिका, ४ मणिकाको १ खारी, २० खारीको १ वाह ।

अमरकोष—श्रीमन्नालालको भाषाटीका पृ. २१२ को श्लोक नं. ८८ अनुसार यसप्रकार छ—

४ सेरको १ आढक, ८ आढकको १ द्रोण, ३ द्रोणको १ खारी, ८ द्रोणको १ वाह ।

भने भिक्षु ! यस क्रमद्वारा कोशलको नापले बीस खारी भएको तीलको गाडाको तीलका गेडाहरू सिद्धिए ता पनि (१) एक अब्बुद नरक (को आयु) सिद्धिदैंन । (२) भिक्षु ! बीस अब्बुद नरक समान (लामो आयु) एक निरब्बुद नरक (को आयु) हुन्छ । (३) भिक्षु ! बीस निरब्बुद नरक समान (लामो आयु) एक अबब नरक हुन्छ । (४) भिक्षु ! बीस अबब नरक समान एक अटट नरक हुन्छ । (५) भिक्षु ! बीस अटट नरक समान एक अहह नरक हुन्छ । (६) भिक्षु ! बीस अहह नरक समान एक कुमुद नरक हुन्छ । (७) भिक्षु ! बीस कुमुद नरक समान एक सौगन्धिक नरक हुन्छ । (८) भिक्षु ! बीस सौगन्धिक नरक समान एक उत्पल नरक हुन्छ । (९) भिक्षु ! बीस उत्पल नरक समान एक पुण्डरीक नरक हुन्छ । (१०) भिक्षु ! बीस पुण्डरीक नरक समान एक पद्म[1] नरक हुन्छ । भिक्षु ! सारिपुत्र मौद्गल्यायनहरू प्रति आघात चित्त राखी कोकालिक भिक्षु पद्म नरकमा उत्पन्न भए ।

भगवान्‌ले यति भन्नुभयो । यति भन्नुभएपछि सुगत शास्ताले पुनः यस्तो भन्नुभयो—

---

१. यी अब्बुददेखि लिएर पद्म भन्ने शब्द संख्या गणनाको क्रम हो । यी अब्बुदादि नरकहरू अलग अलग कुनै ठाउँमा छैनन् । यी सबै अवीचि नरकमै अब्बुदादि संख्या विपाक भोग्ने प्रमाण अनुसारका नामहरू हुन् भनी सार. प. I. पृ. १७०: कोकालिक-सुत्तवण्णनाले उल्लेख गरेको छ ।

१–"जन्मको साथ सार्थ मूर्ख पुरुषको मुखमा बञ्चरो उत्पन्न हुन्छ जसद्वारा दुर्भाषी भई उसले स्वयं आफूलाई नै छेदन गर्छ ।

२–"जसले निन्दनीयलाई प्रशंसा र प्रशंसनीयलाई निन्दा गरी मुखद्वारा अपराध (=कलि) कमाउँछ उसले त्यो अपराधको कारण-द्वारा सुख पाउन सक्दैन ।

३–"जुवामा आफू समेत सबै धनहरू हार्नुभन्दा बुद्धप्रति द्वेषभाव राखी चित्त बिगार्नु ठूलो अपराध हो ।

४–"मन र वचन लगाई पाप गर्ने, आर्यहरू (=अरहन्तहरू) लाई अपवाद गर्ने पुरुष शतसहस्र निर्बुद (=निब्बुदं) र १८० अर्बुद (=अब्बुद) सम्म नरकमा पाक्छ ।"

× × ×

मूल सूत्र—

१२–सम्बुद्ध परिनिर्वाण हुनुभयो

(परिनिब्बानसुत्तं[१])

एक समय भगवान् कुशीनगरस्थित मल्लहरूको उपवत्तन[२] भन्ने शालवनमा दुइ शालका बीच'मा परिनिर्वाण समयमा विहार गर्दै हुनुहुन्थ्यो।

अनि भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"हन्त भिक्षुहो! अब म भन्दछु कि—सबै संस्कारहरू नःश्वर हुन्, अप्रमादपूर्वक सम्पादन गर[४]। (वयधम्मा सङ्खारा अप्पमादेन सम्पादेथ)।" तथागतको यो अन्तिम वाक्य हो।

अनि भगवान् (१) प्रथम ध्यानमा बस्नुभयो। (२) प्रथम ध्यानबाट उठ्नुभई द्वितीय ध्यानमा बस्नुभयो। (३) द्वितीय ध्यानबाट उठ्नुभई तृतीय ध्यानमा बस्नुभयो। (४) तृतीय ध्यानबाट उठ्नुभई चतुर्थ ध्यानमा बस्नुभयो[५]। (५) चतुर्थ ध्यानबाट उठ्नुभई आकाशा-

१. सं. नि. I. पृ. १५७: ब्रह्मसंयुत्तं; अ. क. I. पृ. १७३; दी. नि. II. पृ. १२०: महापरिनिब्बानसुत्तं।

२. हिरण्यवती नदीको पारिपट्टि एक शालवन थियो । त्यो शालवनमा शालवृक्षका पंक्तिहरू पूर्वतिरबाट उत्तरसम्म गई त्यहाँबाट पुनः फर्केका हुँदा 'उपवत्तन' भन्ने नाम रहन गएको हो । सार. प. I. पृ. १७३: परिनिब्बानसुत्तवण्णना ।

३. परस्पर हांगा-बिंगाहरू छोइरहेका दुइ शालवृक्षको बीचमा । सार. I. पृ. १७३.

४. जस्तै मरणमञ्चमा लेटेका कुनै महाधनीले आफ्ना पुत्रहरूलाई सारधनहरू बताउने हो त्यस्तैगरी भगवान्‌ले पनि परिनिर्वाण मञ्चमा लेट्नुभई ४५ वर्षसम्म निरन्तर दिनुभएका उपदेशहरूलाई सम्पिण्डन गर्नु भई एकै 'अप्रमाद' पदमा समावेश गरी भिक्षुहरू-लाई अन्तिम अर्ति दिनुभएको हो भनी सार. प. I. पृ. १७३ ले उल्लेख गरेको छ ।

५. भगवान्‌ले यहाँनिर संक्षेपरूपमा चौवीस (२४) ठाउँहरूमा प्रथम ध्यानहरू गर्नुभयो, तेह्र (१३) ठाउँहरूमा द्वितीय र तृतीय ध्यानहरू गर्नुभयो र पन्ध्र (१५) ठाउँहरूमा चतुर्थ ध्यानहरू गर्नुभयो । कसरी भने ?—

दश अशुभहरू (१०), द्वात्रिंसाकार (१) आठ कसिण हरू (८), मैत्री, करुणा, मुदिता (३), आनापानस्मृति (१) तथा अवकाशपरिच्छेद (१) गरी जम्मा चौवीस (२४) स्थानहरू-मा प्रथम ध्यानहरू गर्नुभयो । द्वात्रिंसाकार र दशैवटा कसिणहरू

नन्त्यायन (ध्यान) मा बस्नुभयो। (६) आकाशानन्त्यायतनबाट उठ्नुभई विज्ञानन्त्यायतन (ध्यान) मा बस्नुभयो। (७) विज्ञानन्त्यायतनबाट उठ्नुभई आकिञ्चन्यायतन (ध्यान) मा बस्नुभयो। (८) आकिञ्चन्यायतनबाट उठ्नुभई नैवसंज्ञानासंज्ञायतन (ध्यान) मा बस्नुभयो। (९) नैवसंज्ञानासंज्ञायतनबाट उठ्नुभई संज्ञावेदयितनिरोध (ध्यान) मा बस्नुभयो।

(९) संज्ञावेदयितनिरोधबाट उठ्नुभई (८) नैवसंज्ञानासंज्ञायतनमा बस्नुभयो। (७) नैवसंज्ञानासंज्ञायतनबाट उठ्नुभई आकिञ्चन्या-

---

छाडी बाँकी तेह्र (१३) स्थानहरूमा द्वितीय र तृतीय ध्यानहरू गर्नुभयो। आठ (८) कसिणहरू, उपेक्षा ब्रह्मविहार (१), आनापानस्मृति (१), अवकाश परिच्छेद (१), र चार (४) अरूपहरू गरी जम्मा पन्ध्र (१५) स्थानहरूमा चतुर्थ ध्यानहरू गर्नुभयो। यो पनि संक्षेप रूपमा हो। निर्वाणपुरमा प्रवेश गर्नुभन्दा अगाडि विदेशमा जानेहरूले आफ्ना सबै ज्ञातिबन्धुहरूलाई भेट्ने झैं धर्मस्वामी तथागतले पनि सबै चौबीसकोटी एकलाख (२४,०१,००,०००) (चतुवीसतिकोटिसतसहस्स सङ्खाता) समापत्ति सुखहरू अनुभव गर्नु भई निर्वाणपुरमा प्रवेश गर्नुभएको थियो भनी सार. प. I. पृ. १७४: परिनिब्बानसुत्तवण्णनाले उल्लेख गरेको छ। यस्तैगरी सुमं. वि. II. पृ. ३०६–०७: महापरिनिब्बाणसुत्तवण्णनाले र उदा. अ. क. पृ. २८३: चुन्दसुत्तवण्णनाले पनि उल्लेख गरेका छन्।

यतनमा बस्नुभयो। (६) आकिञ्चन्यायतनबाट उठ्नुभई विज्ञानन्त्यायतनमा बस्नुभयो। (५) विज्ञानन्त्यायतनबाट उठ्नुभई आकाशानन्त्यायतनमा बस्नुभयो। (४) आकाशानन्त्यायतनबाट उठ्नुभई चतुर्थ ध्यानमा बस्नुभयो। (३) चतुर्थ ध्यानबाट उठ्नुभई तृतीय ध्यानमा बस्नुभयो। (२) तृतीय ध्यानबाट उठ्नुभई द्वितीय ध्यानमा बस्नुभयो। (१) द्वितीय ध्यानबाट उठ्नुभई प्रथम ध्यानमा बस्नुभयो।

(त्यसपछि फेरि) प्रथम ध्यानबाट उठ्नुभई द्वितीय ध्यानमा बस्नुभयो। द्वितीय ध्यानबाट उठ्नुभई तृतीय ध्यानमा बस्नुभयो। तृतीय ध्यानबाट उठ्नुभई चतुर्थ ध्यानमा बस्नुभयो। चतुर्थ ध्यानबाट उठ्नुभई तदनन्तर भगवान् परिनिर्वाण हुनुभयो[1]।

---

१. 'परिनिर्वाण हुनुभयो' भन्ने कुराको स्पष्टिकरणको निमित्त अर्थात् कुन अवस्थामा परिनिर्वाण हुनुभयो भन्ने कुरा जान्नको निमित्त यी कुराहरू उल्लेखनीय हुन्छ—

यहाँ (१) ध्यानसमनन्तर र (२) प्रत्यवेक्षणासमनन्तर भन्ने दुइ समनन्तरहरू छन्।

(१) चतुर्थ ध्यानबाट उठी भवाङ्ग अवस्थामा अवतरण भई सोही अवस्थामै परिनिर्वाण हुनेलाई 'ध्यानसमनन्तर' भन्दछन्।

(२) चतुर्थ ध्यानबाट उठी पुनः ध्यानाङ्गहरूको प्रत्यवेक्षणा गरी भवाङ्ग अवस्थामा अवतरण भई सोही अवस्थामै परिनिर्वाण हुनेलाई 'प्रत्यवेक्षणासमनन्तर' भन्दछन्।

भगवान् परिनिर्वाण भएपछि परिनिर्वाणको साथ-साथै सहम्पति ब्रह्माले यो गाथा प्रकट गरे—

"सब्बे निक्खिपिसन्ति, भूता लोके समुस्सयं ।
यत्थ एतादिसो सत्था, लोके अप्पटिपुग्गलो ।
तथागतो बलप्पत्तो, सम्बुद्धो परिनिब्बुतो'ति ।।"

अर्थ—

"लोकका सबै प्राणीहरूले एकन एकदिन छाडेर जानेछन्, जहाँ कि लोकका अद्वितीय शास्ता दशविधज्ञान-बल प्राप्त तथागत सम्बुद्ध जस्ता पनि परिनिर्वाण हुनुभयो ।"

भगवान् परिनिर्वाण भएपछि परिनिर्वाणको साथ-साथै शक्र देवेन्द्रले यो गाथा प्रकट गरे—

तथागत भने ध्यानबाट उठ्नुभई ध्यानाङ्गहरू प्रत्यवेक्षणा गर्नु भई भवाङ्ग चित्तमा अव्याकृत अवस्थामा दुःखसत्यमा परिनिर्वाण हुनुभयो । बुद्ध, प्रत्येकबुद्ध, आर्यश्रावकहरू मात्र होइनन् बल्कि स्यानासे स्याना प्राणीहरूको मृत्यु पनि भवाङ्ग चित्तमा, अव्याकृत अवस्थामा तथा दुःखसत्यमा नै हुन्छन् । सार. प. I. पृ. १७४: परिनिब्बानसुत्तवण्णना र सुमं. वि. II. पृ. ३०७: महापरिनिब्बानसुत्तवण्णना ।

"अनिच्चा वत सङ्खारा, उप्पादवय धम्मिनो ।
उप्पज्जित्वा निरुज्झन्ति, तेसं वूपसमो सुखो'ति ॥"

अर्थ—

"सबै संस्कारहरू अनित्य हुन्, उत्पन्न हुनु र विनाश हुनु—स्वभावधर्म हुन्, उत्पन्न भई निरुद्ध हुन्छन्, ती संस्कारहरूको उपशान्त हुनु नै सुख हो ।"

भगवान् परिनिर्वाण भएपछि परिनिर्वाणको साथ-साथै आयुष्मान् आनन्दले यो गाथा प्रकट गरे—

"तदासि यं भिंसनकं, तदासि लोमहंसनं ।
सब्बाकारवरुपेता, सम्बुद्ध परिनिब्बुते'ति ॥"

अर्थ—

"सबै प्रकारले श्रेष्ठतामा पुग्नुभएका सम्बुद्ध परिनिर्वाण भएको बेलामा रोमाञ्चित भएको थियो, लोमहर्षण भएको थियो ।"

भगवान्को परिनिर्वाणको साथ-साथै आयुष्मान् अनुरुद्धले यी गाथाहरू प्रकट गर्नुभयो—

१. "नाहु अस्सासपस्सासो, ठितचित्तस्स तादिनो ।
अनेजो सन्तिमारब्भ, चक्खुमा परिनिब्बुतो ॥

२. "असल्लीनेन चित्तेन, वेदनं अज्झवासयि[1]।
पज्जोतस्सेव निब्बानं, विमोक्खो चेतसो अहू'ति ॥"

अर्थ—

१—"स्थितचित्त तथा अचल हुनुभएका (तथागत) को आश्वास-प्रश्वास भएन, तृष्णारूपी रजबाट मुक्त भई अनेज (=निर्मल) हुनुभएका चक्षुमान् शान्तिको कारण परिनिर्वाण[2] हुनुभयो ।

२—"निर्लिप्त प्रफुल्ल चित्तद्वारा वेदनालाई अधिवासन गर्नुभयो, प्रद्योत निभ्ने झैं चित्त पनि विमोक्ष भयो ।"

---

१. सिहलमा: 'अज्झवासयी' ।

२. स्कन्धपरिनिर्वाणद्वारा परिनिर्वाण हुनुभयो । सार. प. I. पृ. १७५: परिनिब्बानसुत्तवण्णना ।

४५।४. सुब्रह्मा देवपुत्र

प रि च य

यो सुब्रह्मा देवपुत्र एकदिन स्वर्गलोकमा एकहजार अप्सराहरू सहित नन्दन बनमा क्रीडा गर्नको निमित्त पारिच्छत्तक रुखमनि गए । अनि उनी पारिच्छत्तक रुखमनि बसे । पांचशय देवपुत्रीहरूले उनलाई घेरे । बांकी पांचशय देवकन्याहरू पारिच्छत्तक रुखमा चढे ।

रुखमा चढेका देवकन्याहरूले मधुर स्वरले गीत गाउँदै फूल टिपी खसाल्नथाले । भुइमा बसिरहेका देवकन्याहरूले ती फूलहरू टिपी माला बुन्नथाले ।

रुखमा चढेका देवकन्याहरू उपच्छेदक कर्मको[1] प्रभावले केहि छिनमै च्युत भई अवीचि नरकमा उत्पन्न भई महान दुःखभोग गरिरहे ।

---

१. यो उपच्छेदक कर्म भनेको कस्तो हो भन्ने कुरा बुझ्नको लागि लेखकको बु प्रे. पृ. ७१ को पादटिप्पणीमा हेर्नू ।

अनि धेरैबेरसम्म पनि रुखमा चढेका देवकन्याहरूको गीतस्वर नसुनेको र फूलहरू पनि नखसालेपछि यिनीहरू कहाँ गएछन् भनी हेर्दा ती सबै देवकन्याहरू च्युत भई अवीचि नरकमा दुःखभोग गरिरहेका देखे। यस्तो देखेर प्रेमको कारणले उनको मनमा सारै दुःख लाग्यो। अनि उनले "उनीहरू त यस्ता भए मेरो चाहिं के गति हुने होला" भनी विचार गरी हेर्दा सातदिनपछि आफ्नो आयु पनि सिद्धिई आफ्नो पनि उही नै गति हुनेछ भन्ने थाहापाएपछि मनमा सारै डर लाग्यो। अनि उनले "यो मेरो मनको भय त्रास र शोकलाई तथागतले बाहेक अरू कसैले दूर गर्न सक्ने छैनन् भन्ने लागेपछि तुरुन्त देवलोकमा अन्तरधान भई ५०० देवकन्याहरूका साथ उनी राजगृहस्थित वेणुवनमा प्रकट भए। अनि भगवान्कहाँ गई उनले आफ्नो मनमा भइरहेको भय र त्रासको कुरा जुन रूपले प्रकट गरे ती सबै अगाडि अनुदित मूल सूत्रमा उल्लेख भएका छन्। भगवान्को उत्तर सुनी सबै देवकन्याहरूका साथ सुब्रह्मा देवपुत्र स्रोतापन्न भए भनी सं. नि. अ. क. I. पृ. ८८–८९: सुब्रह्मसुत्तवण्णना, देवपुत्तसंयुत्तं; दी. नि. अ. क. III. पृ. ६२–६३: महासतिपट्ठानसुत्तवण्णना र म. नि. अ. क. I. पृ. २१२–१३: सतिपट्ठानसुत्तवण्णनाले उल्लेख गरेका छन्।

× × ×

केही सुब्रह्मा नामहरू

(१) सुब्रह्मा—यो चाहिं एक ब्रह्माको नाम हो। यिनका बारेका कुरा अगाडिको छयालिसौं 'सुब्रह्मा भन्ने प्रत्येकब्रह्मा' शीर्षकमा उल्लेख भएको छ। यी सुब्रह्मा प्रत्येकब्रह्मा कपिलवस्तुमा भएको देवसमागममा पनि उपस्थित भएका थिए। दी. नि. II. पृ. १९५: महासमयसुत्तं।

(२) सुब्रह्मा—यो चाहिं सुब्रह्मा देवपुत्रको नाम हो। जसको सम्बन्धमा यहाँ अगाडि उल्लेख गरेको छु।

× × ×

मूल सूत्र—

सँधैं उत्रस्त छु

(सुब्रह्मसुत्त[1])

राजगृहमा ।

एक छेउमा उभिएका सुब्रह्मा देवपुत्रले भगवान्‌लाई गाथाद्वारा यस्तो भने—

"निच्चं उत्रस्त मिदंचित्तं, निच्चं उब्बिग्गमिदं मनो ।
अनुप्पन्नेसु किच्छेसु[2], अथो अप्पतितेसु च ।
सचे अत्थि अनुत्रस्तं, तं मे अक्खाहि पुच्छितो'ति ।।"

अर्थ—

"दुःख उत्पन्न हुनुभन्दा अगाडि तथा दुःखमा उत्पन्न भएकाहरूलाई देखेर यो मेरो चित्त सँधैं उत्रस्त छ', यो मेरो मन सँधैं चिन्तित छ;

---

१. सं. नि. I. पृ. ५१: देवपुत्तसंयुत्त ; अ. क. I. पृ. ८८.

२. सिंहल, स्याम तथा रोमनमा: 'किच्चेसु' ।

३. यहाँ 'सँधै उत्रस्त छ' भन्नाले सुब्रह्मा देवपुत्र देवलोकमा उत्पन्न भएदेखि 'उत्रस्त छ' भनेको होइन । बरु जुन दिनमा उनले आफू देवलोकबाट च्युत हुने कुरा थाहापाए त्यसदिनदेखि उनको चित्त उत्रस्त भएको थियो ।

यस सम्बन्धमा अर्थकथाले यसरी उल्लेख गरेको छ—

एकदिन सो देवपुत्र क्रडा गर्नको निमित्त एकहजार अप्सराहरू लिई नन्दन उदयानमा गए । अनि पाँचशय अप्सराहरूले उनलाई घेरी बसे र अरू पाँचशय अप्सराहरू रुखमाथि चढी गीत गाउँदै फूलहरू टिपी खसाल्नथाले । अनि त्यहाँ बसिरहेका अप्सराहरूले खसालेका फूलहरू टिपी, गीत गाउँदै मालाहरू बुन्नथाले ।

रुखमा चढेका ती देवपुत्रीहरू उपच्छेदक कर्मको कारण-द्वारा क्षणमै च्युत भई अवीचि नरकमा उत्पन्न भई महादुःखभोग गर्नथाले ।

केही समयसम्म पनि उनीहरूको गीतस्वर नसुनेपछि, फूलहरू खसालेको पनि नदेखेपछि देवपुत्रले—'यिनीहरू गीत पनि गाउँदैनन्, फूलहरू पनि खसाल्दैनन्, यिनीहरूलाई के भएको रहेछ ?' भनी विचार गर्दा उनीहरू सबै अवीचि नरकमा उत्पन्न भई त्यहाँ महादुःख अनुभव गरिरहेका थाहापाएपछि उनले आफ्नो आयु कति बाँकीरहेछ भनी हेर्दा आफ्नो आयु पनि सिद्धिनलागेको

यदि कुनै अनुत्रस्त स्थान छ भने—भगवान् म सोध्दछु—त्यस्तो स्थान मलाई बताइदिनु होस् ।"

(भगवान् भन्नुहुन्छ—)

"नाञ्ञत्र बोज्झङ्ग तपसा[1], नाञ्ञत्रिन्द्रियसंवरा ।
नाञ्ञत्र सब्बनिस्सग्गा, सोत्थिं पस्सामि पाणिनं'ति ॥"

अर्थ—

"बोध्यङ्ग[2] तपस्या बाहेक इन्द्रिय संयम बाहेक तथा सबै त्यागनु बाहेक अरू कुनै स्वस्ति प्राणीको म देखिदन ।"

भगवान्ले यति भन्नुभएपछि सन्तुष्ट भई भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी सुब्रह्मा देवपुत्र उहीं अन्तर्धान भए ।

मात्र होइन आफू पनि सोही नर्कमै उत्पन्न हुने कुरा समेत थाहापाई उनी त्यहाँदेखि अत्यधिक त्रसित भएका थिए ।

त्यसपछि त्यस भयबाट मुक्ति पाउने विचारले बुद्धकहाँ गई उनले प्रश्न सोधेका हुन् । बुद्धको उपदेश सुनेर उनी स्रोतापत्तिफलमा प्रतिष्ठित भए भन्ने कुरा पनि सार. प. I. पृ. ८८–८९: सुब्रह्मसुत्तवण्णनामा उल्लेख भएका छन् ।

१. बर्मीमा: 'बोज्झा तपसा' ।

२. बोध्यङ्ग भनेको के हुन् भन्ने सम्बन्धमा लेखकको बु. प. भा–१, पृ. ४६ को पादटिप्पणीमा हेर्नू ।

४६।५. सुब्रह्मा भन्ने प्रत्येकब्रह्मा

परिचय

यी सुब्रह्मा भन्ने प्रत्येकब्रह्मा र शुद्धावास भन्ने प्रत्येकब्रह्मा साथी हुन् ।

एकदिन यिनीहरू दिनको समयमा भगवान् बसिरहनुभएको जेतवनाराममा गई बंलोको दुबैतिर उभिइरहे । त्यसबखत भगवान् ध्यानमा बसिरहनुभएको थियो । यो देखेर अहिले भगवान्सँग भेट गर्न सकिने छैन भनी उनीहरू त्यहाँबाट ब्रह्मलोकमा अर्को एक साथीकहाँ गए ।

ती ब्रह्मा भने घमण्डी थिए । जब उनीसँग सुब्रह्मा भन्ने प्रत्येकब्रह्माले "तिमी पनि बुद्धको उपस्थानमा जाने गर्छौ के ?" भनी मित्रतापूर्वक सोधे तब उनले त्यो कुरालाई नसुने झैं गरी आफ्नो चमत्कार देखाई यस्तो चमत्कार हुने मैले कसको उपस्थान गर्नें र ! भन्ने घमण्ड देखाए । यस्तो घमण्ड देखाएको हुनाले उनको घमण्ड तोडनको लागि सुब्रह्मा भन्ने प्रत्येकब्रह्माले त्योभन्दा दोब्बर चमत्कार

देखाए । यस्तो देखाएर सुब्रह्मा भन्ने प्रत्येकब्रह्माले "हामीहरूभन्दा बुद्ध भगवान् धेरै श्रेष्ठतर हुनुहुन्छ" भनी बुद्धको बयान गरी उनीहरू फर्केपछि सो घमण्डी ब्रह्मा पनि बुद्धको उपस्थानमा गएको कुरा अगाडि अनुदित पहिलो सूत्रले उल्लेख गरेको छ ।

अर्को एकपटक यी सुब्रह्मा भन्ने प्रत्येकब्रह्मा जेतवनाराममा गई दैलोको दुबैतिर उभिएको बेलामा सुब्रह्मा भन्ने प्रत्येकब्रह्माले कोकालिक भिक्षुको सम्बन्धमा र अर्को पटक शुद्धावास भन्ने प्रत्येकब्रह्माले कतमोदकतिस्सक भिक्षुको सम्बन्धमा भगवान्को छेउमा आ-आफ्नो विचार प्रकट गरेका थिए । यी कुराहरू अगाडि अनुदित दोस्रो तेस्रो सूत्रमा उल्लेख भएका छन् ।

× × ×

मूल सूत्र—

१—घमण्डी ब्रह्मा बुद्धकहाँ गए

(ब्रह्मलोकसुत्त[1])

श्रावस्तीमा।

त्यसबखत भगवान् दिवाविहारको निमित्त ध्यानमा बसिरहनुभएको थियो। अनि सुब्रह्मा भन्ने प्रत्येकब्रह्मा र शुद्धावास भन्ने प्रत्येकब्रह्मा जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि उनीहरू बुर्ब दैलोको दुबैतिर उभिए। अनि सुब्रह्मा भन्ने प्रत्येकब्रह्माले शुद्धावास भन्ने प्रत्येकब्रह्मालाई यस्तो भने—

"मारिष! भगवान्को उपासना गर्ने समय भएको छैन। भगवान् दिवाविहारको निमित्त ध्यानमा बसिरहनुभएको छ। अमुक ब्रह्मलोक समृद्ध तथा विस्तृत छ। किन्तु त्यहाँका ब्रह्मा प्रमादी भई बस्दछन्। मारिष! अतः हामी जहाँ त्यो ब्रह्मलोक हो त्यहाँ जाऔं र त्यहाँ गई सो ब्रह्मालाई संवेग (=विरक्त) पारौं।"

---

१. सं. नि. I. पृ. १४७: ब्रह्मसंयुत्त; अ. क. I. पृ. १६६.

"हुन्छ, मारिष !" भनी शुद्धावास भन्ने प्रत्येकब्रह्माले सुब्रह्मा भन्ने प्रत्येकब्रह्मालाई प्रत्युत्तर दिए।

अनि सुब्रह्मा भन्ने प्रत्येकब्रह्मा र शुद्धावास भन्ने प्रत्येक-ब्रह्मा—जस्तै—कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ अथवा पसारेको बाहुलाई खुम्च्याउँछ त्यस्तैगरी—उनीहरू भगवान्को अगाडि अन्तर्धान भई त्यस ब्रह्मलोकमा प्रकट भए। अनि त्यहाँको ब्रह्माले ती ब्रह्माहरूलाई टाढैबाट आइरहेको देखे। देखेपछि ती ब्रह्माहरूलाई यसो भने—

"मारिष ! तपाईंहरू कहाँबाट आउनुभएका हौ ?"

"मारिष ! हामीहरू वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धकहाँबाट आएका हौं। मारिष ! तपाईं पनि वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धको उपस्थानमा जानुहुन्छ के ?"

यसोभन्दा (सुब्रह्माको कुरा सुनी) सो ब्रह्माले त्यस वचनलाई नसुने झैं गरी सहस्रप्रकारले आफूलाई निर्मित गरी सुब्रह्मा भन्ने प्रत्येक-ब्रह्मालाई यस्तो भने—

"मारिष ! मेरो यस्तो ऋद्धिको प्रभाव तपाईंले देखनुहुन्छ के ?"

"मारिष ! तपाईंको यस्तो ऋद्धिको प्रभाव म देखदछु।"

"मारिष ! यस्तो ऋद्धि शक्ति हुने यस्तो ऋद्धिको प्रभाव हुने म अरू कुन श्रमण वा ब्राह्मणको उपस्थानमा जाऊँ ?"

अनि सुब्रह्मा भन्ने प्रत्येकब्रह्माले आफूलाई दुइ सहस्त्रप्रकारले निर्मित गरी सो ब्रह्मालाई यस्तो भने—"मारिष ! देख्नुहुन्छ के तपाईंले मेरो यस्तो ऋद्धिको प्रभाव ?"

"मारिष ! तपाईंको यस्तो ऋद्धिको प्रभाव म देखदछु ।"

"मारिष ! तपाईंभन्दा पनि मभन्दा पनि वहाँ भगवान् नै महर्द्धिकतर र महानुभाव सम्पन्नतर हुनुहुन्छ । मारिष ! जानुहुन्छ के तपाईं पनि वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धको उपस्थानमा ?"

अनि सो ब्रह्माले सुब्रह्मा भन्ने प्रत्येकब्रह्मालाई गाथा सुनाए—

"तयो[1] सुपण्णा चतुरो च हंसा,
ब्यग्घीनिसा[2] पञ्चसता च झायिनो ।
तयिदं विमानं जलते च[3] ब्रह्मे,
ओभासयं उत्तरस्सं दिसायं'ति ।।"

अर्थ—

"तीनशय तेजिला सुपर्णहरू, चारशय तेजिला हंसहरू तथा पाँचशय तेजिला व्याघ्रिनी जस्ता मृगहरू छन्; हे ब्रह्मे ! सो मेरो

१. रोमनमा: 'तयो च' ।
२. सिंहलमा: 'व्यग्घिनिया' ।
३. सिंहल र रोमनमा: 'व' ।

विमान ज्वलित छ, उत्तरदिशा प्रकाशमान्[1] छ।"

(सुब्रह्माले भन्दछन्—)

"किञ्चापि ते तं जलते विमानं,
ओभासयं उत्तरस्सं दिसायं।
रूपे रणं दिस्वा सदा पवेधितं,
तस्मा न रूपे रमती[2] सुमेधो'ति ॥"

अर्थ—

"यद्यपि तपाईंको त्यो विमान ज्वलित छ, उत्तरदिशा प्रकाशमान् छ, तर रूपको उत्पत्ति-स्थिति-भङ्ग भन्ने तीन दोषलाई हेरी सँधै थरकमान हुनु पर्ने रूपमा बुद्धिमानी पुरुष रमण गर्दैन।"

अनि सो ब्रह्मालाई विरक्तपारी सुब्रह्मा भन्ने प्रत्येकब्रह्मा र शुद्धावास भन्ने प्रत्येकब्रह्मा उहीं अन्तर्धान भए। यसपछि सो ब्रह्मा पनि भगवान् अरहत् सम्यक्सम्बुद्धको उपस्थानमा गए।

× × ×

---

१. महाब्रह्माहरू बस्ने ठाउँबाट उत्तरतिर सो ब्रह्माको कनकविमान भएको हुँदा सो ब्रह्माले 'उत्तरदिशा प्रकाशमान् छ' भनी भनेका हुन् भनी सार. प. I. पृ. १६७: ब्रह्मलोकसुत्तवण्णनाले उल्लेख गरेको छ।

२. रोमनमा: 'रमति'।

मूल सूत्र –

२–कोकालिक भिक्षुको सम्बन्धमा

(कोकालिकसुत्त[1])

श्रावस्तीमा।

त्यस बखत दिवाविहार गर्नको निमित्त भगवान् ध्यानमा बसिरहनुभएको थियो। अनि सुब्रह्मा भन्ने प्रत्येकब्रह्मा र शुद्धावास भन्ने प्रत्येकब्रह्मा जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि दैलोको दुवैतिर उभिए। अनि सुब्रह्मा भन्ने प्रत्येकब्रह्माले कोकालिक भिक्षुको सम्बन्धमा भगवान् छेउ यो गाथा भने—

"अप्पमेय्यं पमिनन्तो, कोध विद्वा विकप्पये।
अप्पमेय्यं पमायिनं, निवुतं[2] तं[2] मञ्ञे पुथुज्जनं'ति ॥"

१. सं. नि. I. पृ. १४६: ब्रह्मसंयुत्त; अ. क. I. पृ. १६७.
२–२. स्याममा: 'निधुतन्तं'; रोमनमा: 'निवुतं'।

अर्थ—

"यो लोकमा कुन विद्वानले अप्रमेय पुरुषको प्रमाण लिनसक्ला। अप्रमेय पुरुषको प्रमाण लिन खोज्ने पृथग्जनलाई म त घोप्टो बुद्धि हुने पुरुष भनी ठान्दछु[1]।"

× × ×

---

१. एक अर्को समयमा श्रावस्तीमै यी दुबै प्रत्येकब्रह्माहरू आई बुद्धलाई कतमोदक तिस्स भिक्षु सम्बन्धी यस्तै अप्रसन्नता व्यक्त गरेका कुरा पनि सं. नि. I. पृ. १४९: कतमोदकतिस्ससुत्तमा उल्लेख भएको पाइन्छ। यस सूत्रलाई स्याममा: 'तिस्सकसुत्त'; रोमनमा: 'तिस्सको' भनिएका छन्। कतमोदक तिस्स भिक्षुलाई कटमोदक तिस्स भिक्षु पनि भन्दछन् र कतमोरक तिस्स पनि। यी कतमोदक भिक्षु देवदत्त पक्षका थिए। हेर पाचि. पा. पृ. ९६: थुल्लनन्दा-भिक्खुनीवत्थु र पृ. ४६५: थुल्लनन्दाय देवदत्तपक्खगमनवत्थु; तथा चुल्ल. व. पा. पृ. २९८: पञ्चवत्थुयाचनकथा, सङ्घभेदकक्खन्धकं।

मूल सूत्र—

३—कतमोदकतिस्सक भिक्षुको सम्बन्धमा

(कतमोदकतिस्ससुत्तं[1])

श्रावस्तीमा।

त्यसबखत दिवाविहार गर्नको निमित्त भगवान् ध्यानमा बसिरहनुभएको थियो। अनि सुब्रह्मा भन्ने प्रत्येकब्रह्मा र शुद्धावास भन्ने प्रत्येकब्रह्मा जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि दंलोको दुबैतिर उभिए। अनि शुद्धावास भन्ने प्रत्येकब्रह्माले कतमोदकतिस्सक भिक्षुको सम्बन्धमा भगवान् छेउ यो गाथा भने—

"अप्पमेय्यं पमिनन्तो, कोध विद्वा विकप्पये।
अप्पमेय्यं पमायिनं, निवुतं तं मञ्ञे अकिस्सवं'ति॥"

---

१. सं. नि. I. पृ. १४९: ब्रह्मसंयुत्तं; अ. क. I. पृ. १६७.

अर्थ—

"यो लोकमा कुन विद्वानले अप्रमेय पुरुषको प्रमाण लिनसक्ला । अप्रमेय पुरुषको प्रमाण लिन खोज्ने पृथक्जनलाई त म निर्बुद्धि पुरुष भनी भन्दछु ।"

४७।६. सुसीम देवपुत्र

परिचय

यो सुसीम देवपुत्र यसभन्दा अघि मनुष्यलोकमा छँदा सारिपुत्र महास्थविरका शिष्य थिए[१]। त्यसैले जब यिनले सारिपुत्र महास्थविरको सम्बन्धमा आनन्द स्थविर र भगवान बुद्धको बीचमा कुरा चलिरहेको थियो[२] तब देवगणहरूले पनि वहाँहरूले झैं प्रशंसा गरेका थिए। यो सुनेर यिनले पनि आफना उपाध्यायको प्रशंसा गर्ने मनमा राखी यिनी श्रावस्तीस्थित जेतवनाराममा बसी आनन्द स्थविरसँग कुरा गरिरहनुभएका भगवान्कहाँ आएका थिए। सारिपुत्र महास्थविरको सम्बन्धमा जुन गाथा यिनले भनेका थिए त्यो गाथा अगाडि अनुदित सूत्रमै समावेश भएको छ।

× × ×

१. सं. नि. अ. क. I. पृ. ६८: सुसीमसुत्तवण्णना, देवपुत्तसंयुत्तं।

२. भगवान् र आनन्दको वीच के कस्तो कुरा चलिरहेको थियो भन्ने कुरा लेखकको बु. श्रा. च. भा–५, पृ. १२२ मा उल्लेख भएको छ।

केही सुसीम नामहरू

(१) सुसीम—यो एक जातकको नाम हो। यो जातक जा. अ. क. I–II. पृ. ४१० मा उल्लेख भएको छ। नं. १६३.

श्रावस्तीमा सामुहिकरूपले दानदिने चलन थियो। एक सामुहिक दानदिने कार्यमा केही मतभेद भयो। अनि बहुमतद्वारा निर्णय गर्ने भन्ने निर्णय भएपछि मत लिदा बुद्धलाई दानदिने पक्षमा बहुमत भयो।

यसै कुराको प्रसंगमा यो जातकको कुरा भनिएको हो।

(२) सुसीम—यो चाहिं सुसीम जातकमा उल्लिखित बाराणसी राजाको नाम हो। जा. अ. क. I–II. पृ. ४१०: सुसीमजातक, नं. १६३.

(३) सुसीम—यो पनि एक जातकको नाम हो। यो जातक जा. अ. क. III. पृ. २७६ मा उल्लेख भएको छ। नं. ४११.

यस जातकमा पुरोहित सुसीम प्रति बडामहारानी आसक्त भएको कुरा उल्लेख भएको छ। यो जातक भगवान्को नैष्क्रम्यको कारणमा बताइएको हो।

(४) सुसीम—यो चाहिं उक्त जातकमा उल्लिखित बाराणसीका ब्रह्मदत्त राजाका पुरोहितको नाम हो। जा. अ. क. III. पृ. २७६: सुसीमजातकं, नं. ४११.

(५) सुसीम—यो चाँहि अत्थदस्सी बुद्धको पालामा चम्पक नगरमा जन्मेका बोधिसत्वको नाम हो। उनी एक धनाढ्य ब्राह्मण कुलमा जन्मेका थिए। बु. वं. अ. क. पृ. १८०: अत्थदस्सीबुद्ध-वंसवण्णना।

(६) सुसीम—यो एक देवपुत्रको नाम हो। जसको कुरा अगाडि उल्लेख भएको छ।

(७) सुसीम—यो एक सूत्रको नाम हो। जुन सूत्र सं. नि. I. पृ. ६१ मा उल्लेख भएको छ। यस सूत्रमा आनन्द स्थविरले सारिपुत्रको बयान गरेका कुरा उल्लेख भएको छ। त्यस्तैगरी यसमा सुसीम देवपुत्रले पनि सारिपुत्र महास्थविरको बयान गरेका छन्। यसको अनुवाद अगाडि भएको छ।

(८) सुसीम—यो एक सूत्रको नाम हो। जुन सूत्र सं. नि. I. पृ. २१९: सक्कसंयुत्तमा उल्लेख भएको छ।

(९) सुसीम—यो चाँहि शक्र देवेन्द्रका हजार पुत्रहरूमध्ये एक पुत्रको नाम हो। सं. नि. अ. क. I. पृ. २६२: सुसिमसुत्त-वण्णना, सक्कसंयुत्तं।

(१०) सुसीम—यो एक परिब्राजकको नाम हो। यी परिब्राजक भगवान्‌को धर्म थाहापाउनको निमित्त बुद्धशासनमा प्रव्रजित भएका थिए। भिक्षु भएपछि यिनले अरहत्व प्राप्त गरेका थिए। सं. नि. II. पृ. १०२: सुसिमपरिब्बाजकसुत्तं, निदानसंयुत्तं।

(११) सुसीम—यो चाहिं अतीतकालमा तक्षशिलाका शंख भन्ने ब्राह्मणको छोराको नाम हो। पछि यी सुसीम ब्राह्मण पुत्र बाराणसीमा गई शास्त्र पढ्न गए। पछि ऋषिपतन मृगदायमा प्रत्येकबुद्ध भई परिनिर्वाण भए। धम्म. प. अ. क. पृ. ६९४: गङ्गारोहणवत्थु, पकिण्णकवग्गो।

× × ×

मूल सूत्र—

सारिपुत्र पण्डित छन्

(सुसीमसुत्त[1])

श्रावस्तीमा।

पनि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् आनन्दलाई भगवान्ले यस्तो भन्नुभयो—

"आनन्द! तिमी पनि सारिपुत्रलाई रुचाउँछौ के[2] ?"

---

१. सं. नि. I. पृ. ६१: देवपुत्तसंयुत्तं; अ. क. I. पृ. ९३.

२. कुनै पुरुषको गुणबखान कुनै योग्य पुरुषको अगाडि गर्न सक्नुपर्छ। अयोग्य पुरुषको अगाडि गुणबखान गर्दा उसले त्यो गुण कथालाई सहन नसकी 'के तिमीले अरू कुनै गुणवान्लाई देखेका छैनौ र ?' भन्दै सो पुरुषको गुण कथामा बाधा हाल्छ। यस्तै कुरालाई जानी सारिपुत्र महास्थविरको गुणलाई प्रकाश पार्ने अभिप्रायले भगवान्ले 'आनन्द ! तिमी पनि सारिपुत्रलाई रुचाउँछौ के ?' भनी कुरा उठाउनु भएको हो।

किन कि वहाँहरू दुवैजना परस्पर सद्भावराख्ने हुनुहुन्छ। कुनै उत्तम वस्तु लाभ हुँदा आनन्द स्थविरले सारिपुत्र महास्थविरलाई दिनुहुन्छ। आफ्ना उपस्थाक कुमारहरूलाई प्रव्रजित गराई महास्थविरको उपाध्यायत्व ग्रहण गराई वहाँले उपसम्पदा गराउनु हुन्छ। सारिपुत्र महास्थविरले पनि यस्तैगरी आनन्द स्थविर प्रति सद्भाव देखाउनु हुन्छ। 'हाम्रा जेष्ठ भ्राता एक असंख्य र एकलाख कल्प अघिदेखि पारमी पूरा गरी सोह्र प्रकारका प्रज्ञालाई (पटि. म. पा. पृ. ४१५-६३) अवबोध गरी धर्मसेनापति स्थानमा प्रतिष्ठित हुनुभएका' भन्दै महास्थविरको गुणमा प्रसन्न भई आनन्द स्थविर वहाँमाथि ठूलो सद्भाव राख्नुहुन्छ।

सारिपुत्र महास्थविरले पनि—'सम्यक्सम्बुद्ध प्रति मले गर्नुपर्ने मुख धुने पानी राख्ने जस्ता आदि सबै काम आनन्द स्थविरले गरिदिनुहुन्छ। आनन्द स्थविरको कारणद्वारा मैले आफ्नो इच्छा भएको बेलामा समापत्तिध्यानमा तल्लीन भई बस्ने मौका पाएको छु' भन्ने आदि गुणमा प्रसन्न भई वहाँप्रति ठूलो सद्भाव राख्नु हुन्छ।

यही परस्परको सद्भावलाई बुझ्नुभई सारिपुत्र महास्थविरको गुण प्रकट गर्ने विचारले भगवान्ले आनन्द स्थविरलाई 'आनन्द ! तिमी पनि सारिपुत्रलाई रुचाउँछौ के' भनी कुरा उठाउनु भएको हो भनी सार. प. I. पृ. ६३-६४ ले उल्लेख गरेको छ।

"भन्ते ! कुनचाहिं अमूर्ख, अदुष्ट, अमूढ र अविपर्यासचित्त (=अविपल्लत्थचित्त) हुनेले आयुष्मान् सारिपुत्रलाई नरुचाउला[1] !

(१) "भन्ते ! आयुष्मान् सारिपुत्र पण्डित हुनुहुन्छ, (२) भन्ते ! आयुष्मान् सारिपुत्र महाप्राज्ञ हुनुहुन्छ, (३) भन्ते ! आयुष्मान् सारिपुत्र पृथुलप्राज्ञ हुनुहुन्छ, (४) भन्ते ! आयुष्मान् सारिपुत्र हास (=हर्ष) प्राज्ञ हुनुहुन्छ, (५) भन्ते ! आयुष्मान् सारिपुत्र जवन (=तेजिला) प्राज्ञ हुनुहुन्छ, (६) भन्ते ! आयुष्मान् सारिपुत्र तीक्ष्ण-प्राज्ञ हुनुहुन्छ, (७) भन्ते ! आयुष्मान् सारिपुत्र निर्वेध प्राज्ञ हुनुहुन्छ, (८) भन्ते ! आयुष्मान् सारिपुत्र अल्पेच्छी[2] हुनुहुन्छ, (९) भन्ते ! आयुष्मान् सारिपुत्र सन्तोषी हुनुहुन्छ, (१०) भन्ते ! आयुष्मान् सारिपुत्र प्रविविक्त[3] हुनुहुन्छ, (११) भन्ते ! आयुष्मान् सारिपुत्र असंसर्गी[4] हुनुहुन्छ, (१२) भन्ते ! आयुष्मान् सारिपुत्र वीर्यवान् हुनुहुन्छ, (१३) भन्ते ! आयुष्मान् सारिपुत्र वक्ता (=अर्तिबुद्धिदिने) हुनुहुन्छ, (१४) भन्ते ! आयुष्मान् सारिपुत्र वचनक्षम[5] हुनुहुन्छ, (१५) भन्ते ! आयुष्मान् सारिपुत्र चोदक (=दोषलाई दोष भनी देखाउने) हुनुहुन्छ,

---

१. यस वाक्यको भनाइको तात्पर्य यो हो कि—मूर्खहरूले बाहेक अरू सबै विद्वानहरूले आयुष्मान् सारिपुत्रलाई रुचाउँछन् भनिएको हो ।

२. आफूमा भएका गुणहरूलाई प्रकाश नगरी गोप्य गर्ने र प्रत्यय वस्तुहरू ग्रहण गर्नमा मात्रज्ञ हुने जस्ता लक्षण हुनेलाई 'अल्पेच्छी' भनिएको हो । सार. प. I. पृ. ९९: सुसिमसुत्तवण्णना ।

३. (१) कायविवेक, (२) चित्तविवेक तथा (३) उपधिविवेक भन्ने

तीन प्रकारका विवेकहरूमा तल्लीन भई बस्नेलाई 'प्रविवित्त' भन्दछन् । सार. प. I. पृ. ६६: सुसिमसुत्तवण्णना ।

४. संसर्ग अथवा सम्बन्धहरू पाँच प्रकारले हुन सक्छन्—(१) दर्शन संसर्ग, (२) श्रवण संसर्ग. (३) समुल्लपन संसर्ग, (४) परिभोग संसर्ग तथा (५) काय संसर्ग (=कायिक सम्बन्ध) । यी पाँच प्रकारका संसर्गहरू नभएका 'असंसर्गी' हुन् ।

यी पाँच प्रकारका संसर्गहरू (१) राजाहरूसँग, (२) अमात्याहरूसँग, (३) तीर्थीयहरूसँग, (४) तीर्थीय श्रावकहरूसँग, (५) उपासकहरूसँग, (६) उपासिकाहरूसँग, (७) भिक्षुहरूसँग तथा (८) भिक्षुणीहरूसँग हुनसक्छन् । सारिपुत्र महास्थविरसँग यीमध्ये कुनै प्रकारका संसर्ग नभएको हुँदा वहाँलाई 'असंसर्गी' भनिएको हो । सार. प. I. पृ. ६६: सुसिमसुत्तवण्णना ।

५. साधरणतया मानिसहरू अर्कालाई अर्ति-बुद्धि (=ओवाद) दिनचाहन्छन् तर आफूलाई दिइने अर्ति-बुद्धि भने सुन्नचाहन्नन् । सारिपुत्र महास्थविर अर्कालाई पनि अर्ति-बुद्धि दिनुहुन्छ आफूलाई दिएको अर्ति-बुद्धि पनि सुन्नसक्नु हुन्छ । जस्तै—

एकदिन सातवर्षीय श्रामणेरले वहाँको चीवरको कुना भुइँमा लत्रिरहेको देखेर—"भन्ते ! तपाइँको चीवरको कुना भुइँमा लत्रिरहेको छ" भन्दा महास्थविरले सो श्रामणेरको कुरालाई सहर्ष

(१६) भन्ते ! आयुष्मान् सारिपुत्र पाप गर्हौ (=खराब कुरालाई निन्दा गर्ने) हुनुहुन्छ। भन्ते ! कुनचाहिं अमूर्ख, अदुष्ट, अमूढ, अविपर्यासचित्त हुनेले आयुष्मान् सारिपुत्रलाई न रुचाउला ?"

"यस्तैहो आनन्द ! यस्तैहो आनन्द ! कुनचाहिं अमूर्ख, अदुष्ट, अमूढ, अविपर्यासचित्त हुनेले सारिपुत्रलाई न रुचाउला ! आनन्द ! सारिपुत्र पण्डित हुन्, आनन्द ! सारिपुत्र महाप्राज्ञ हुन्, आनन्द ! सारिपुत्र पृथुलप्राज्ञ हुन्, आनन्द ! सारिपुत्र हासप्राज्ञ हुन्, आनन्द ! सारिपुत्र जवनप्राज्ञ हुन्, आनन्द ! सारिपुत्र तीक्ष्णप्राज्ञ हुन्, आनन्द ! सारिपुत्र निर्वेधप्राज्ञ हुन्, आनन्द ! सारिपुत्र अल्पेच्छी हुन्, आनन्द !

स्वीकार गर्नुभएको मात्र होइन श्रामणेरलाई गुरु झैं सम्झनु भई यस्तो पनि भन्नुभएको छ—

"तदहु पब्बजितो सन्तो, जातिया सत्तवस्सिको।
सो पि मं अनुसासेय्य, सम्पतिच्छामि मत्थके'ति ॥"

अर्थ—

उही दिन प्रव्रजित भएका र "जन्मले सातवर्ष भएकाले भए पनि मलाई अनुशासन गरुन्—म उनको अनुशासनालाई शीरमा राखी स्वीकार्नेछु।" त्यसैले वहांलाई 'वचनक्षम' भनिएको हो भनी सार. प. I. पृ. ९७: सुसिमसुत्तवण्णनाले उल्लेख गरेको छ।

सारिपुत्र सन्तोषी हुन्, आनन्द ! सारिपुत्र प्रविविक्त हुन्, आनन्द ! सारिपुत्र असंसर्गी हुन्, आनन्द ! सारिपुत्र वीर्यवान् हुन्, आनन्द ! सारिपुत्र वक्ता हुन्, आनन्द ! सारिपुत्र बचनक्षम हुन्, आनन्द ! सारिपुत्र चोदक हुन्, आनन्द ! सारिपुत्र पापगर्ही हुन्, आनन्द ! कुनचाहिं अमूर्ख, अदुष्ट, अमूढ, अविपर्यासचित्त हुनेले सारिपुत्रलाई न रुचाउला !"

अनि सुसीम देवपुत्र आयुष्मान् सारिपुत्रको गुणवर्णना भइरहेको बखतमा महत् परिषद्द्वारा परिवृत्त भई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका सुसीम देवपुत्रले भगवान्लाई यस्तो भने[1]—

---

१. जब भगवान्ले आनन्द स्थविरद्वारा सोह्र पदले वर्णन गरिएको कुरालाई राजमुद्राको छाप लगाउने जस्तो गरी भगवान्ले पनि सोह्र पदद्वारा सारिपुत्र महास्थविरको गुणलाई वर्णन गर्नुभयो तब सबै देवलोकहरूमा पनि त्यस्तैगरी सारिपुत्र महास्थविरको वर्णन हुनथाल्यो । अनि सुसीम देवपुत्र - जो अघि सारिपुत्र महास्थविरका शिष्य थिए - आफ्नो उपाध्यायको गुण वर्णन जताततै भइरहेको देखी अति हर्षित भई आफू स्वयं पनि भगवान्कहाँ आई महास्थविरको वर्णन गरेका हुन् । त्यसैले सूत्रमा 'सुसीम देवपुत्रले भगवान्लाई यस्तो भने' भन्ने उल्लेख भएको हो भनी सार. प. I. पृ. ९८: सुसिमसुत्तवण्णनाले उल्लेख गरेको छ ।

"यस्तैंहो, भगवान् ! यस्तैंहो, भगवान् ! भन्ते कुनचाहिं अमूर्ख, अदुष्ट, अमूढ, अविपर्यासचित्त हुनेले आयुष्मान् सारिपुत्रलाई न रुचाउला ! भन्ते ! आयुष्मान् सारिपुत्र पण्डित हुनुहुन्छ,...[1] भन्ते ! आयुष्मान् सारिपुत्र पापगर्हो हुनुहुन्छ । भन्ते ! कुनचाहिं अमूर्ख,.. अविपर्यासचित्त हुनेले आयुष्मान् सारिपुत्रलाई न रुचाउला !

"भन्ते ! जुन जुन देवपरिषद्मा म गएँ त्यहाँ त्यहाँ मैले धेरैजसो यही नै कुरा सुनें कि—आयुष्मान् सारिपुत्र पण्डित हुनुहुन्छ,...[1] आयुष्मान् सारिपुत्र पापगर्हो हुनुहुन्छ । भन्ते ! कुनचाहिं अमूर्ख,... अविपर्यासचित्त हुनेले आयुष्मान् सारिपुत्रलाई न रुचाउला !"

अनि सुसीम देवपुत्रद्वारा आयुष्मान् सारिपुत्रको गुण वर्णन गरिंदा देवपुत्र परिषद् सन्तुष्ट भई तथा प्रमुदित भई ती देवपुत्रहरूले प्रीतिसौमनस्यजन्य अनेकविध वर्णहरू निकाले[2] ।

१–जस्तै—अष्टांशपारी राम्ररी कुँदेको असल जातको वैदूर्यमणि पण्डुकम्बलमा राख्दा—त्यसबाट भास निस्कन्छ, तेज निस्कन्छ तथा

१. माथि पृ. १४६ मा उल्लेख सोह्र पदका कुराहरू जम्मै दोहऱ्याई पढ्नू ।

२. नील परिषद् देवपुत्रहरूले अझ वढी नीलोवर्ण निकाले, पीत परिषद् देवपुत्रहरूले अझ वढी पीतवर्ण निकाले, लोहित परिषद् देवपुत्रहरूले अझ वढी लोहितवर्ण निकाले तथा शुभ्र परिषद् देवपुत्रहरूले अझ वढी शुभ्रवर्ण निकाले । यसैलाई सूत्रमा 'अनेकविध वर्णहरू निकाले' भनी भनिएको हो । सार. प. I. पृ. ९८: सुसिमसुत्तवण्णना ।

चमक निस्कन्छ त्यस्तै—सुसीम देवपुत्रद्वारा देवपुत्र परिषद्मा आयुष्मान् सारिपुत्रको गुण वर्णन गरिंदा सन्तुष्ट तथा प्रमुदित भई ती देवपुत्रहरूले प्रीतिसौमनस्यजन्य अनेकविध वर्णहरू निकाले ।

२–जस्तै—सु-कुशल सुवर्णकारले शुद्ध तथा असल सुन गाली आभरणहरू बनाई पण्डुकम्बलमा राख्दा—त्यसबाट भास निस्कन्छ, तेज निस्कन्छ तथा चमक निस्कन्छ त्यस्तै—सुसीम देवपुत्रद्वारा देवपुत्र परिषद्मा आयुष्मान् सारिपुत्रको गुण वर्णन गरिंदा सन्तुष्ट तथा प्रमुदित भई ती देवपुत्रहरूले प्रीति सौमनस्यजन्य अनेकविध वर्णहरू निकाले ।

३–जस्तै—शरद समयको बादल हटेको निर्मल आकाशमा प्रत्यूष समयको वेलामा ओसधितारा (=शुक्रतारा) बाट भास निस्कन्छ, तेज निस्कन्छ तथा चमक निस्कन्छ त्यस्तै—सुसीम देवपुत्रद्वारा देवपुत्र परिषद्मा आयुष्मान् सारिपुत्रको गुण वर्णन गरिंदा सन्तुष्ट तथा प्रमुदित भई ती देवपुत्रहरूले प्रीति सौमनस्यजन्य अनेकविध वर्णहरू निकाले ।

४–जस्तै—शरद समयको बादल हटेको निर्मल आकाशमा सूर्योदय हुँदा आकाशमा भएका सबैप्रकारका अन्धकारलाई दूर गरी भास निस्कन्छ...त्यस्तै—सुसीम देवपुत्रद्वारा देवपुत्र परिषद्मा आयुष्मान् सारिपुत्रको गुण वर्णन गरिंदा सन्तुष्ट तथा प्रमुदित भई ती देवपुत्रहरूले प्रीति सौमनस्यजन्य अनेकविध वर्णहरू निकाले ।

अनि सुसीम देवपुत्रले आयुष्मान् सारिपुत्रको सम्बन्धमा भगवान् समक्ष यो गाथा भने—

"पण्डितोति समञ्ञातो, सारिपुत्तो अकोधनो ।
अप्पिच्छो सारतो दन्तो, सत्थुवण्णभतो इसी'ति ।।"

अर्थ—

"अक्रोधी हुनुभएका सारिपुत्रलाई सबैले पण्डित भनी जान्दछन्; अल्पेच्छी, शुद्धशील तथा शान्त-दान्त हुनुभएका सारिपुत्र-ऋषि बुद्धद्वारा प्रशंसित हुनुहुन्छ ।"

अनि भगवान्ले आयुष्मान् सारिपुत्रको सम्बन्धमा सुसीम देवपुत्रलाई गाथाद्वारा प्रत्युत्तर दिनुभयो—

"पण्डितोति समञ्ञातो, सारिपुत्तो अकोधनो ।
अप्पिच्छो सारतो दन्तो, कालं कङ्खति सुदन्तो[1]'ति ।।"

अर्थ—

"अक्रोधी हुने सारिपुत्रलाई सबैले पण्डित भनी जान्दछन्; अल्पेच्छी, शुद्धशील तथा शान्त-दान्त भएका सारिपुत्र समयको प्रतीक्षामा छन्[2] ।"

---

१. सिहलमा: 'भतको सुदन्तो', स्याममा: 'भावितो सुदन्तो', रोमनमा: 'भतिको सुदन्तो' ।

२. परिनिर्वाणको प्रतीक्षामा छन् भनिएको हो । सार. प. I. पृ. ९९: सुसिमसुत्तवण्णना ।

४८।७. सूचिलोम यक्ष

परिचय

यी सूचिलोम यक्ष गयाको आसपासको एक गाउँको कसिंगर फाल्ने ठाउँमा बस्दथे। यिनको खर यक्ष भन्ने एक साथी पनि थियो। यी दुवैजना उहीं बस्दथे। के कारणले यिनीहरूलाई सूचिलोम यक्ष र के कारणले खर यक्ष भनिएको हो भन्ने बारेमा अगाडि अनुदित सूत्रको सम्बन्धित पादटिप्पणीमा उल्लेख गरिदिएको छ।

एकदिन बिहान भगवान्‌ले सूचिलोम यक्ष स्रोतापन्न हुनेछन् भन्ने कुरा बुझ्नुभई भगवान् यिनी बस्ने फोहर ठाउँमा जानुभएको थियो[1]।

भगवान् त्यस ठाउँमा गई बस्नुहुँदा यिनीहरू दुवैजना खाना खोजनको लागि कहीं गएका थिए। पछि सर्वप्रथम खर यक्षले भगवान्‌लाई त्यहां बसिरहनुभएको देखे। जब खर यक्षले भगवान्‌लाई देखे तब यिनले सूचिलोम यक्षलाई देखाउँदै "हेर यी श्रमण!" भनी भने। त्यसैले अगाडिको सूत्रमा "यी श्रमण हुन्" भनी उल्लेख भएको हो।

---

१. सं. नि. अ. क. I. पृ. २३३: सूचिलोमसुत्तवण्णना, यक्खसंयुत्तं।

यी सूचिलोम यक्ष चाहिं आफूलाई देखेर भाग्ने श्रमणलाई 'श्रमणक' र नभाग्नेलाई 'श्रमण' भन्थे। यिनी देखेर भगवान् पनि भाग्लान् भन्ने ठानेर यिनले "यी श्रमण होइनन् यी त श्रमणक हुन्" भनी भनेका हुन्।

त्यसपछि उनी भगवान् बसिरहनुभएको ठाउँमा गई भगवान्सँगै टाँसिएर बस्न गए। उनको घृणायुक्त शरीर देखेर भगवान् अलि पर सर्नुभयो। जब यिनलाई देखेर भगवान् नडराउनुभएको मात्र होइन भाग्न पनि नभागेको देखेर उनी बडो आश्चर्य चकित भएका थिए। यसै कारणले गर्दा पछि उनले भगवान्सँग प्रश्न सोधेका हुन्। यहाँ पनि उनले भगवान्लाई यदि मेरो प्रश्नको उत्तर दिन सक्दैनौ भने तिमीलाई फालिदिनेछु भन्ने तर्जन समेत देखाएका थिए। भगवान्ले चाहिं "तिमी जे चाहन्छौ सोध" भनी भन्नुभयो।

अनि उनले प्रश्न सोधे र भगवान्ले उत्तर दिनुभयो। जुन कुरा अगाडि अनुदित मूल सूत्रमा प्रष्टिएको छ। प्रश्नको उत्तर सुनिसकेपछि उनी प्रसन्न मात्र भएका होइनन् स्रोतापन्न पनि भए। जब उनले स्रोतापत्तिफल प्राप्त गरे तब स्वतः उनको कुरूपता लोपभयो र सुन्दर रूप धारण गरी भूमस्थ देवताहरूको स्थानमा प्रतिष्ठित भए भनी सं. नि. अ. क. I. पृ. २३५: सूचिलोमसुत्तवण्णना, यक्खसंयुत्तले उल्लेख गरेको छ।

× × ×

केही सूचिलोम नामहरू

(१) सूचिलोमसुत्तं—यो सूत्र सं. नि. II. पृ. २१३: लक्खण-संयुत्तमा उल्लेख भएको छ।

यसमा गृद्धकूट पर्वतबाट ओर्लिहरहनुभएका आयुष्मान् महामौद्गल्यायनले सूचिलोम नामक पुरुष आकाशमा गइरहँदा उसको शरीरबाट निस्केका सूचिहरूले (सियोहरूले) उसँको शरीरमा घोचिरहेको देख्नुभएको कुरा उक्त सूत्रमा उल्लेख भएको छ। यही कुरा पारा. पा. पृ. १४५: चतुत्थपाराजिकमा पनि उल्लेख भएको पाइन्छ।

(२) सूचिलोमसुत्तं—यो सूत्र चाहिं सं. नि. I. पृ. २०८: यक्ख-संयुत्तमा उल्लेख भएको छ। यसको अनुवाद यहाँ अगाडि गरिदिएको छु।

(३) सूचिलोम यक्ष—यो एक यक्षको नाम हो। यिनकै कुरा यहाँ अगाडि उल्लेख गरिदिएको छु।

× × ×

मूल सूत्र—

रागद्वेषको हेतु के हो ?

(सूचिलोमसुत्त[1])

एक समय भगवान् गयास्थित टङ्कितमञ्चमा[2] सूचिलोम[3] (=रोम) यक्षको भवनमा बस्नुभएको थियो[3] ।

त्यस बखत खर[4] यक्ष र सूचिलोम यक्ष भगवान्को नगिचबाट गइरहेका थिए । अनि खर यक्षले सूचिलोम यक्षलाई यस्तो भने—

"यी श्रमण हुन् ।"

---

१. सं. नि. I. पृ. २०८: यक्खसंयुत्त, अ. क. I. पृ. २३२ यस्तै सूत्र सुत्त. नि. पृ. ३०८: चूलवग्गोमा पनि उल्लेख भएको छ ।

२. लामो खटिया जस्तोलाई 'टङ्कितमञ्च' भनिन्छ । चारवटा ढुँगा-माथि सम्मपरेको ढुँगा वछ्याई त्यसमाथि बनाइएको घरलाई पनि 'टङ्कितमञ्च' भन्दछन् भनी सार. प. I. पृ. २३२: सूचिलोमसुत्त-वण्णनाले उल्लेख गरेको छ ।

३. सीयो जस्तो तीखो रौं भएको हुनाले 'सूचिलोम' भनिएको हो ।

काश्यप बुद्धको पालामा यी सूचिलोम यक्ष एक भिक्षु थिए । शरीरमा पसिना र मैलो हुंदा हुँदै पनि एकदिन टाढाबाट आई सो भिक्षु राम्ररी बिछ्याइराखेको सांघिक खाट्मा अनादरपूर्वक सुते । उनको यो कर्म शुद्ध वस्त्रमा दाग लागेको जस्तो भयो । उनले त्यस आत्मभावमा कुनै विशेष फल प्राप्त गर्न सकेनन् र मृत्युपछि गया गाउँको एक छेउमा एक फोहर ठाउँमा यक्ष भएर उत्पन्न भए । उत्पन्न हुंदा उनको आङ्भरी घोच्ने तीखो सीयो जस्तै रौंहरू थिए । त्यसैले उनलाई 'सूचिलोम' भनिएको हो ।

एकदिन विहान सबेरै लोकमा ध्यानद्वारा हेर्नुभएको वेलामा भगवान् बुद्धले प्रथम आवर्जनमै उनलाई आफ्नो ज्ञान-पथमा आएको देखनुभयो । अनि वहाँले 'म गएको खण्डमा यिनको कल्याण हुन सक्ला के ?' भनी विचार गर्नुहुँदा 'प्रथम मार्गफलको उपनिश्रय छ' भन्ने बुझ्नुभई भगवान् उनको संग्रहको निमित्त, रातो दोपट्टा सुगतचीवर पहिरी, देवविमान समान गन्धकुटी छाडी, हात्ती, घोडा, गाई, गोरु, कुक्कुर तथा मानिस आदिको दुर्गन्ध भएको फोहर ठाउँमा जानुभई गन्धकुटीमा बस्ने झैं त्यहाँ बस्नुभयो । त्यसैले सूत्रमा 'सूचिलोम यक्षको भवनमा बस्नु-भएको थियो' भनी उल्लेख भएको हो भनी सार. प. I. पृ. २३३: सूचिलोमसुत्तवण्णनाले उल्लेख गरेको छ ।

४. गोहीको पीठ्युं जस्तो खस्रो भएको हुँदा 'खर' यक्ष भनिएको हो । यिनी पनि काश्यप बुद्धको पालामा एक शीलवान् उपासक थिए ।

(सूचिलोम यक्ष भन्दछन्—)

"यी श्रमण होइनन्, यी त श्रमणक[1] हुन्। उनी श्रमण हुन् अथवा श्रमणक हुन् भन्ने कुरा जान्नेछु।"

(यति भनी) सूचिलोम यक्ष भगवान्सँग टाँसिएर बस्नगए[2]।

एकदिन विहारमा राम्ररी वछ्याइराखेको सांघिक वछ्यानमा आफ्नो कुनै कपडा नबिच्छ्याइकन त्यसैमा सुते। सांघिक तेल लिई आफ्नो आङ्मा घसेका थिए पनि भन्दछन्। उनी त्यस कर्मको प्रभावले स्वर्गमा उत्पन्न हुन नसकी गया गाउँको द्वार निर एक फोहर ठाउँमा यक्ष भई उत्पन्न भएका थिए। उत्पन्न हुने बेलामा उनको शरीर गोहीको शरीर जस्तै खस्रो भएको थियो। त्यसैले उनलाई 'खर यक्ष' भनिएको हो भनी सार. प. I. पृ. २३३: सूचिलोमसुत्तवण्णनाले उल्लेख गरेको छ।

१. जो श्रमण आफूलाई देखेर भागेर जान्छ त्यस्ता श्रमणलाई यी सूचिलोम यक्ष 'श्रमणक' भनी भन्दथे। जो श्रमण आफूलाई देखेर भागेर जान्न त्यस्ता श्रमणलाई यिनी 'श्रमण' भनी भन्दथे। आफूलाई देखेर भागेर जानेछन् भन्ने ठानी यिनले सूत्रमा 'श्रमणक हुन्' भनी भनेका हुन् भनी सार. प. I. पृ. २३३: सूचिलोमसुत्त-वण्णनाले उल्लेख गरेको छ।

२. बडो भयावह शरीर निर्माण गरी विशाल मुख बनाई आङ्भरीका रौंहरू ठाडोपारी आफ्नो शरीर भगवान्को शरीरसँग छुने गरी टाँसिन गए। सार. प. I. पृ. २३३: सूचिलोमसुत्तवण्णना।

भगवान् अलिकता हट्नुभयो । अनि सूचिलोम यक्षले भगवान्लाई यस्तो भने—

"श्रमण ! म देखेर डराउँछौ के ?"

"आवुसो ! म तिमी देखेर डराउँदिन; किन्तु तिम्रो स्पर्श अप्रिय (=घृणा) लाग्छ ।"

"श्रमण ! (त्यसोभए) तिमीसँग प्रश्न सोध्नेछु । यदि प्रश्नको उत्तर दिन सकेनौ भने तिम्रो चित्तलाई विक्षिप्त[1] पारिदिनेछु, अथवा तिम्रो मुटु फोरिदिनेछु, अथवा खुट्टा समाती गङ्गापारीसम्म फ्याकिदिनेछु ॥'

"आवुसो ! देव, मार, ब्रह्मलोकमा; श्रमण ब्राह्मणहरू सहित प्रजागणमा तथा देव सहित मनुष्यहरूमा—म त्यस्ता कुनै पनि पुरुष

---

१. जुन यक्षहरू अर्काको चित्त विक्षिप्त पार्न चाहन्छन् अर्थात् पागल जस्तै बनाउन चाहन्छन् तिनीहरूले सेतो मुख, नीलो पेट, राता हातखुट्टाहरू, आगो जस्तै आंखाहरू तथा भयावह रूप धारण गरी देखाउँछन् अथवा भयभैरव शब्द निकाली कराउँछन्; अनि कराउँदा कराउँदै मुखभित्र हात पसाली मुटु सुस्सुम्याउँछन्; अनि त्यसबाट प्राणीहरू पागल झैं हुन्छन् र चित्त विक्षिप्त हुन्छ । भनाइको मतलब चित्त थातमा राख्न सक्दैनन् भनिएको हो । त्यस्तै गर्ने विचारले सूचिलोम यक्षले सूत्रमा 'तिम्रो चित्तलाई विक्षिप्त पारिदिने छु' भनी भनिएको हो भनी सार. प. I. पृ. २३४: सूचिलोमसुत्तवण्णनाले उल्लेख गरेको छ ।

देखिदन जसले मेरो चित्तलाई विक्षिप्त पार्न सकोस् अथवा मेरो मुटु फोर्न सकोस् अथवा मेरो खुट्टा समाती मलाई गङ्गापारसम्म फ्याँक्न सकोस् । आवुसो ! बरु सोध जहिले तिमी चाहन्छौ ।"

अनि सूचिलोम यक्षले भगवान्‌लाई गाथाद्वारा यस्तो भने—

"रागो च दोसो च कुतोनिदाना,
अरती रती लोमहंसो कुतोजा ।
कुतो समुट्ठाय मनोवितक्का,
कुमारका धङ्कमिवोस्सज्जन्ती'ति ।।"

अर्थ—

"राग र द्वेष कहाँबाट हुन्छन् ? अरती, रती, लोमहर्षण कहाँबाट उत्पन्न हुन्छन् ? अनि कुमारकहरूले कौवालाई उडाउने झैं यो मनको वितर्कना कहाँबाट उत्पन्न हुन्छ ?"

(भगवान् भन्नुहुन्छ—)

१. "रागो च दोसो च इतोनिदाना,
अरती रती लोमहंसो इतोजा ।
इतो समुट्ठाय मनोवितक्का,
कुमारका धङ्कमिवोस्सज्जन्ति ।।

२. "स्नेहजा अत्तसम्भूता, निग्रोधस्सेव खन्धजा।
पुथू विसत्ता कामेसु, मालुवा व वितता[1] बने ।।

३. "ये नं पजानन्ति यतोदिनं,
ते नं विनोदन्ति सुणोहि यक्ख ।
ते दुत्तरं ओघमिमं तरन्ति,
अतिण्णपुब्बं अपुनब्भवाया'ति ।।"

अर्थ—

१–"यसै (शरीर) बाट राग द्वेष उत्पन्न हुन्छन् । अरती रती तथा लोमहर्षण पनि यसै (शरीर) बाट उत्पन्न हुन्छन् । यसै (शरीर) बाट मनका वितर्कनाहरू पनि कुमारकहरूले कौवा उडाए जस्तै गरी उत्पन्न हुन्छन् ।

२–"बरको बिउबाट बोट उत्पन्न हुने जस्तै यसै आत्मभावबाट स्नेहहरू उत्पन्न हुन्छन् जुन वृक्षको आश्रय लिई मालुवा लता उत्पन्न भई उसै वृक्षलाई बेर्छ । त्यस्तै अनेकप्रकारका कामवितर्कनादिमा विभिन्न पुरुषहरू अल्झेका हुन्छन् ।

३–"हे यक्ष ! सुन, जसले त्यसलाई यहाँबाट हुन्छ भन्ने कुरा जान्दछ उसले त्यसलाई त्यहाँबाट हटाउन सक्छ; अनि यस्ताहरू पहिले नतरेको तर्न गाह्रो संसाररूपी बाढी (=ओघ) बाट पुनर्भव नहुने गरी उत्तीर्ण हुन्छन् ।"

---

१. स्याममा: 'वितथता' ।

४६।८. सूर्य देवपुत्र

परिचय

पालि भाषामा (मागधि भाषामा) 'सुरियो' र संस्कृत भाषामा 'सूर्य' भनिने यी 'सुरियो देवपुत्तो' अथवा 'सूर्य देवपुत्र' चातुर्महाराजिक देवलोकवासी हुन् । त्यसैले "खिड्डापदोसिका, मनोपदोसिका, सीतवलाहका, उण्हवलाहका, चन्दिमा देवपुत्तो, सुरिय देवपुत्तो ति एते सब्बे पि चातुम्महाराजिकदेवलोकट्ठका येव" भनी उल्लेख भएको हो[1] ।

यी सूर्य देवपुत्र सूर्य विमानमा बस्छन्[2] र यिनको आयु दिव्य-वर्षले ५०० वर्ष हुन्छ । किनभने चातुर्महाराजिक देवताहरूको आयु दिव्यवर्षले ५०० वर्ष आयु हुन्छ[3] । यो चातुर्महाराजिक देवलोक छ कामावचार देवलोक भित्र पर्छ ।

---

१. सम्मो. वि. पृ. ५२७: धम्महदयविभङ्गो; महा. नि. अ. क. पृ. १०८: गुहट्ठसुत्तनिद्देसवण्णना ।

२. सं. नि. अ. क. I. पृ. ८५: सुरियसुत्तवण्णना, देवपुत्तसंयुत्तं ।

३. विभं. पा. पृ. ५०४: आयुप्पमाणानि, धम्महदयविभङ्गो । छ कामावचर देवताहरूमध्ये क-कस्को कति कति आयु छ भन्ने कुरा लेखकको बु. म. भा–१, पृ. १७६ मा उल्लेख भएको छ ।

कपिलवस्तुमा भएको देवसमागममा यी सूर्य देवपुत्र पनि सम्मिलित भएका थिए[1] र उहीं यिनले स्रोतापत्तिफल प्राप्त गरेको कुरा संयुत्तअट्ठकथाले[2] उल्लेख गरेको छ ।

अगाडि अनुदित सूत्र अनुसार जब यिनलाई राहुले समाते तब यिनले बुद्धको संस्मरण गरेका थिए । किनभने यिनी स्रोतापन्न थिए । स्रोतापन्नले बुद्ध बाहेक अरूको शरण लिन सक्दैन । यदि यिनी पृथक्जन देवपुत्र भएका भए धजग्गसुत्तंमा[3] उल्लेख भए झैं यिनले इन्द्रहरूमध्ये कुनै देवतासँग शरण माग्नु पर्थ्यो ।

यी सूर्य देवपुत्रका सम्बन्धमा अरू कुरा बुझ्न लेखकको बु. ब्र. भा–१, पृ. २२६: चन्द्र देवपुत्रको परिचय पनि हेर्नु बेश हुनेछ ।

जो राहु असुरेन्द्रले चन्द्र सूर्यलाई समातेका थिए सो राहु पनि पछि बुद्धको शरणमा गएको कुरा दी. नि. अ. क. I. पृ. ३१३: सोणदण्डसुत्तवण्णना र पपं. सू. III. पृ. २९०: चंकीसुत्तवण्णना-बाट बुझिन्छ ।

× × ×

१. दी नि. II. पृ. १९४: महासमयसुत्तं ।

२. I. पृ. ८६: सुरियसुत्तवण्णना, देवपुत्तसंयुत्तं ।

३. सं. नि. I. पृ. २२०: सक्कसंयुत्तं । यसको अनुवाद लेखकको बु. ब्र. भा–२, पृ. १५५ मा भएको छ ।

केही सूर्य वा सुरिय नामहरू

(१) सुरियवग्गो—यो एक वर्गको नाम हो । यो वर्ग सं. नि. I. पृ. ४६: देवपुत्तसंयुत्तको पहिलो वर्गको नाम हो ।

(२) सुरियपेय्यालवग्गो—यो पनि एक वर्गको नाम हो । यो चाहिं सं. नि. IV. पृ. २८: मग्गसंयुत्तमा उल्लिखित वर्गको नाम हो ।

(३) (पठम) सुरियसुत्तं—यो सूत्र चाहिं सं. नि. IV. पृ. ७३: बोज्झङ्गसंयुत्तमा उल्लेख भएको छ ।

यसमा सूर्योदय हुनुभन्दा अगाडि जसरी अरुणोदय देखिने हो त्यसरी नै सप्तबोध्यङ्ग भाविता गर्नको निमित्त कल्याणमित्रको आवश्यकता पर्छ भन्ने कुरा समुल्लेख भएको छ ।

(४) (दुतिय) सुरियसुत्तं—यो सूत्र सं. नि. IV. पृ. ७३: बोज्झङ्गसंयुत्तमा उल्लेख भएको छ ।

यसमा चाहिं सूर्योदयको उपमा देखाई बोध्यङ्ग भाविता गर्नको निमित्त ज्ञानपूर्वक (योनिसोमनसिकार) विचार गर्नु आवश्यक पर्छ भन्ने कुरा उल्लेख भएको छ ।

(५) (पठम) सुरियसुत्तं—यो सूत्र सं. नि. IV. पृ. ३७८: सच्चसंयुत्तमा उल्लेख भएको छ ।

यसमा चाहिं माथि जस्तै सूर्योदयको उपमा देखाई चतुरार्यसत्य अवबोध गर्नको निमित्त पहिले सम्यक्‌दृष्टिको आवश्यकता पर्छ भन्ने कुरा उल्लेख भएको छ ।

(६) (दुतिय) सुरियसुत्तं—यो सूत्र सं. नि. IV. पृ. ३७६: सच्च-संयुत्तमा उल्लेख भएको छ ।

यसमा जबसम्म लोकमा चन्द्रसूर्य उदय हुन्नन् तबसम्म लोकमा उज्यालो हुन्न । त्यस्तैगरी जबसम्म लोकमा तथागत उत्पन्न हुन्नन् तबसम्म लोकमा चतुरार्यसत्यको देशना हुन्न भन्ने कुरा उल्लेख भएको छ ।

(७) (सत्त) सुरियसुत्तं—यो सूत्र चाहिं अं. नि–७, पृ. २३०: महावग्गोमा उल्लेख भएको छ ।

यसमा संस्कार अनित्य तथा अध्रुव हो भन्ने कुराको साथ भविष्यमा सातवटा सूर्यहरू उत्पन्न हुने कुरा उल्लेख भएको छ ।

(८) सुरियसुत्तं—यो सूत्र सं. नि. I. पृ. ४८: देवपुत्तसंयुत्तमा उल्लेख भएको छ । यसको अनुवाद अगाडि भएको छ ।

(९) सुरियकुमार—यो चाहिं बाराणसी राजाकी कान्छी महारानीका छोराको नाम हो । धम्म. प. अ. क. पृ. ४७१: बहुभण्डिकत्थेरवत्थु, दण्डवग्गो । जा. अ. क. I–II. १०१:

देवधम्मजातक। यसको अनुवाद लेखकको जा. सं. भा–३, पृ. १ मा भएको छ।

(१०) सुरियकुमार—यो चाहिं जा. अ. क. IV. पृ. ११५: खण्डहाल जातक नं. ५४२ मा उल्लिखित गौतमीका चन्द्र सूर्य भन्ने दुइ छोराहरूमध्ये एकको नाम हो।

(११) सुरियदेव—यो चाहिं जा. अ. क. IV. पृ. १०४: घतजातक नं. ४५४ मा उल्लिखित देवगब्भाका चौथो छोराको नाम हो। यसको अनुवाद लेखकको जा. सं. भा–२, पृ. ८८ मा भएको छ।

(१२) सुरियगब्भ – यो चाहिं चूलकालपब्बं, महाकालपब्बं भन्ने आदि सात पर्वतमध्येको एक पर्वतको नाम हो। सुत्त. नि. अ. क. I. पृ. ८२: खग्गविसानसुत्तवण्णना, उरगवग्गो।

(१३) सुरियगुत्त—यो चाहिं महाकाश्यप महास्थविरका शिष्यहरूमध्ये एक शिष्यको नाम हो। सं. नि. अ. क. III. पृ. १२५: सील-सुत्तवण्णना, बोज्झङ्गसंयुत्तं।

(१४) सुरियवच्चसा—यो चाहिं तिम्बरु भन्ने गन्धर्व देवताकी छोरीको नाम हो। दी. नि. II. पृ. १९३: महासमयसुत्तं र दी. नि. II. पृ. १९७: सक्कपञ्हसुत्तं। यो सूत्र लेखकको बु. व्र. भा–२, पृ. १८१ मा अनुवाद भएको छ।

(१५) सूर्य—यो चाहिं जा. प्र. क. IV. पृ. ९०, नं. ४५०: बिलार-कोसिय जातकमा उल्लिखित शक्र देवेन्द्रका छोराको नाम हो। यसको अनुवाद लेखकको जा. सं. भा–३, पृ. १३७ मा भएको छ।

(१६) सूर्य—यो चाहिं जा. प्र. क. VI. पृ. २२४, नं. ५३५: सुधा-भोजन जातकमा उल्लिखित चन्द्र देवपुत्रको छोराको नाम हो। यसको अनुवाद लेखकको जा. सं. भा–३, पृ. १५० मा भएको छ।

× × ×

मूल सूत्र—

राहु असुरेन्द्रले समातें
(सुरियसुत्त[1])

श्रावस्तीमै।

त्यसबखत सूर्य देवपुत्र[2]लाई राहु असुरेन्द्रले समातिराखेको थियो। अनि सूर्य देवपुत्रले भगवान्को अनुस्मरण गरी त्यसबेला यो गाथा भने—

"नमो ते बुद्ध वीरत्थु, विप्पमुत्तोसि सब्बधि।
सम्बाधपटिपन्नोस्मि, तस्स मे सरणं भवा'ति ॥"

अर्थ—

"सर्व प्रकारबाट मुक्त हुनुभएका तपाइं बुद्धवीरलाई नमस्कार छ। म विपत्तिको बाटोमा परेकोछु। तपाइं मेरो शरण हुनुहोस्।"

---

१. सं. नि. I. पृ. ४८: देवपुत्तसंयुत्तं; अ. क. I. पृ. ८५.

२. सूर्यविमानमा बस्ने एक देवपुत्र। सार. प. I. पृ. ८५: सुरियसुत्त-वण्णना।

अनि भगवान्ले सूर्य देवपुत्रको कारणमा राहु असुरेन्द्रलाई गाथाद्वारा भन्नुभयो—

१. "तथागतं अरहन्तं, सुरियो सरणं गतो।
राहु सुरियं पमुञ्चस्सु, बुद्धा लोकानुकम्पका।।

२. "यो अन्धकारे तमसि[१] पभङ्करो,
वेरोचनो मण्डली उग्गतेजो।
मा राहु गिली चरन्तलिक्खे,
पजं ममं[२] राहु पमुञ्च सुरियं'ति।।"

अर्थ—

१–"हे राहु ! सूर्य देवपुत्र तथागतको शरणमा गए। सूर्यलाई छाडिदेऊ। बुद्ध लोकानुकम्पिक हुन्।

२–"हे राहु ! जसले अँध्यारो अन्धकारलाई हटाउँछ, जो तेजिलो छ, जसको गोलाकार उग्रतेज छ, जो आकाशचर छ; हे राहु ! मेरा प्रजा[३] सूर्यलाई ननिल[४] छाडिदेऊ।"

---

१. सिंहलमा: 'तमसी'।

२. सिंहल, स्याम र रोमनमा: 'मम'।

३. यी सूर्य देवपुत्र र चन्द्रमा देवपुत्रहरू कपिलवस्तुमा भगवान्ले देशना गर्नुभएको महासमय सूत्र (दी. नि. II. पृ. १८९) को धर्मोपदेश सुनी धर्माभिसमय लाभ गरी यिनीहरू स्रोतापन्न भएका थिए। त्यसैले सूत्रमा 'मेरा प्रजा' भनी भनिएको हो भनी सार-

प. I. ८६: सुरियसुत्तवण्णनाले उल्लेख गरेको हो ।

४. **'सूर्यलाई न निल'** भनी सूत्रमा उल्लेख भएको वाक्य सम्बन्धी विषयमा सारत्थपकासिनीले यसरी उल्लेख गरेको छ—

"राहुले सूर्यलाई निल्न सक्छ के ? सक्छ । किनभने राहुको उचाई उत्कृष्टरूपले ४,८०० योजन छ । दुइ बाहुको बीचमा १,२०० योजन, चौडाइ ६०० योजन; शीर ६०० योजन, ललाट ३०० योजन, दुइ आँखिभौंको बीच ५० योजन; नाक ३०० योजन, मुख २०० योजन, मुखद्वार ३०० योजन गहिरो; हात र पैतालाको चौडाई २ शय २ शय योजनहरू तथा औंलाको एक एक खण्ड ५० योजन छ । यस्तै कुरा सुमं. वि. I. पृ. ३३२: महा-निदानसुत्तवण्णनामा पनि उल्लेख भएको छ ।

चन्द्र सूर्यहरू प्रकाशमान भएका देखेर राहुले स्वभावतः ईर्ष्या गर्दथ्यो । त्यसैले उ उनीहरूको गमन मार्गमा गई मुख पाई बस्छ । चन्द्रविमान वा सूर्यविमानका देवताहरू ३०० योजन भएको महानरकमा परेको झैं मृत्युभयद्वारा डराई एकदम चिच्च्याउँछन् । त्यस विमानलाई कहीले राहुले हातमा, कहीले बँगराको बीचमा राख्छ; कहीले जिभ्रो लत्पत्याउँछ, कहीले खाने जस्तो गरी गालाको बीचमा पनि राख्छ । विमानको वेगलाई भने उसले रोक्न सक्दैन । यदि विमानको वेगलाई रोक्छु भनी समाती राखेमा उसको मस्तक नै फोरी अगाडि वढ्छ अथवा उसलाई खसालिदिन्छ । त्यसैले उ विमान सँग सँगै दगुर्छ ।" सार. प. I. पृ. ८६: सूरिय-सुत्तवण्णना ।

चन्द्रसूर्यको सम्बन्धमा केही कुरा सुमंगलविलासिनी अग्गञ्ञसुत्तवण्णनाले यसरी उल्लेख गरेको छ—

(१) "यिनीहरू (=चन्द्र र सूर्य) मध्ये को अघि उत्पन्न भए? (२) को कहाँ बस्छ? (३) क-कस्को कति प्रमाण छ? (४) को माथि छ? (५) को चाँडै जान्छ? (६) उनीहरूका कति मार्गहरू छन्? (७) कसरी विचरण गर्छन् अनि (८) कति ठाउँमा आलोकित पार्छन्?

यसको उत्तरमा—(१) "दुवै एक साथ उत्पन्न हुन्छन् तर सूर्य अगाडि देखापर्छ। (यसो भनेको आदिकल्पको कुरालाई ध्यानमा राखी भनेको हो। आदिकल्पमा मानिसहरूको स्वयंप्रभा अन्तर्धान भएर गएपछि अन्धकार हुनथाल्यो। यी आदिकल्पका कुराहरू लेखकको बु. ज्ञा. भा–१, पृ. ३५४ मा उल्लेख भएका छन्।) अनि भयभीत भई उनीहरूले 'आलोक उत्पन्न भए हुन्थ्यो' भन्ने कल्पना गरे। अनि महाजनहरूको सुरलाई बढावादिन सूर्यमण्डल निस्क्यो। त्यसैले 'सूर्य=सुरियो' भन्ने नाम पर्न गएको हो। दिनभर आलोकित पारी सूर्य अस्त भएर गएपछि पुनः अन्धकार भयो। अनि ती मानिसहरूले 'यदि अर्को आलोक उत्पन्न भए कति असल हुन्थ्यो' भन्ने कल्पना गरे। उनीहरूको इच्छा (=छन्द) लाई जानी चन्द्रमण्डल निस्क्यो। त्यसैले 'चन्द्र' भन्ने नाम पर्न गएको हो।

(२) "को कहाँ बस्छ भन्ने प्रश्नको उत्तरमा—ती मध्ये मणिविमान भित्र चन्द्र बस्छन् र विमानको बाहिर चाँदीको प्राकारले घेरिएको हुन्छ। यी दुवै शीतल स्वभावका हुन्छन्। कनकविमान भित्र सूर्य बस्छन् र विमानको बाहिर स्फटिकले घेरेको हुन्छ। यी दुवै उष्णस्वभावका हुन्छन्।

(३) "क-कस्को कति प्रमाण छ भन्ने प्रश्नको उत्तरमा—प्रमाणको हकमा चन्द्र, सीधा ४९ योजन र गोलाइमा १४७ योजन छ। सूर्य, सीधा ५० योजन र गोलाइमा १५० योजन छ।

(४) "को माथि छ भन्ने प्रश्नको उत्तरमा चन्द्र तलतिर (मुनी) र सूर्य माथितिर पर्छ। यस बीचमा एक योजनको फरक पर्छ। चन्द्रको तल्लो भागबाट सूर्यको माथिल्लो भागसम्म शय (१००) योजन हुन्छ।

(५) "को चाँडै जान्छ भन्ने प्रश्नको उत्तरमा—सीधा जाँदा चन्द्र बिस्तारै जान्छन् र तेर्सो जाँदा छिटो जान्छन्। दुवैतिर नक्षत्रहरू जान्छन्। चन्द्र चाहीं बाछाहरूकहाँ धेनु जाने झैं त्यस त्यस नक्षत्रहरू कहाँ जान्छन्। नक्षत्रहरूले भने आफ्नो स्थान छाड्दैनन्। सूर्य चाहीं सीधा जाँदा छिटो र तेर्सो जाँदा बिस्तारै जान्छन्।

कृष्णपक्षको उपोसथ पछि प्रतिपदाको दिनदेखि सूर्य चन्द्रमण्डलबाट एकहजार (१,०००) योजन टाढाबाट जान्छन्।

त्यसबखत चन्द्र, रेखा समान देखिन थाल्छन् । यस्तै क्रमले द्वितीयाको दिनमा पनि एकहजार योजन टाढा हुँदै जान्छन् र अर्को उपोसथको दिन नआएसम्म एक एक हजार योजनको हिसाबले चन्द्रमण्डलबाट सूर्य टाढा हुँदै जान्छन् । अनि क्रमैसँग बढ्दै गई पूर्णिमाको दिन चन्द्र पनि परिपूर्ण हुन्छन् ।

फेरि प्रतिपदाको दिनमा चन्द्र, एकहजार (१,०००) योजन दगुर्छन्, द्वितीयाको दिनमा पनि एकहजार योजन, यस्तै क्रमले उपोसथको दिन नआएसम्म एक एक हजार योजनको हिसाबले दगुर्छन् र अनि क्रमसँगै कम हुँदै गई उपोसथको दिनमा चन्द्र मण्डल बिल्कुलै नदेखिने हुन्छन् । यसबखत चन्द्र तलतिर र सूर्य माथितिर हुन्छन् । ठूलो भाँडाले स्यानो भाँडालाई छोप्ने झैं चन्द्रमालाई सूर्यले छोपेको हुन्छ र मध्यान्ह समयमा घरको छाया नदेखिने जस्तै चन्द्रको छाया पनि देखिँदैन । छाया नदेखिँदा-खेरी टाढा बसेकालाई दिनको बत्ती झैं स्वयं पनि देखिंदैन ।

(६) "उनीहरूका कति मार्गहरू छन् भन्ने प्रश्नको उत्तरमा – यहाँ (१) अजमार्ग, (२) नागमार्ग, (३) गोमार्ग भन्ने तीनप्रकारका मार्गहरू छन् । अजहरूले पानी रुचाउँदैनन्, हात्तीहरूले पानी रुचाउँछन् र गाईहरूलाई समशीतोष्णता आराम-दायी हुन्छ । त्यसैले जुनबखत चन्द्रसूर्य अजमार्गमा लाग्छन् त्यसबखत एक थोपा पनि पानी पर्दैन, जुनबखत नागमार्गमा लाग्छन् त्यसबखत मुसलधारे पानी पर्छ र जुनबखत गोमार्गमा लाग्छन् त्यसबखत समशीतोष्ण हुन्छ ।

(७) "कसरी विचरण गर्छन् भन्ने प्रश्नको उत्तरमा—चन्द्रसूर्य छ महीनासम्म सुमेरुको बाहिरबाट विचरण गर्छन् र छ महीनासम्म भित्रबाट विचरण गर्छन्। तिनीहरू आषाढ महीनामा सुमेरु समीपबाट विचरण गर्छन्। दुइ महीना बाहिर निस्केर विचरण गर्छन्। प्रथम कार्तिक महीनामा माझबाट जान्छन्। त्यसपछि चक्रवाल समीप गई तीन महीनासम्म चक्रवाल समीपबाट विचरण गरी फेरि निस्केर चैत्र महीनामा माझबाट गई त्यसपछि दुइ महीना सुमेरुको अगाडिबाट दौडी पुनः आषाढ महीनामा सुमेरु समीपबाट विचरण गर्छन्।

(८) "कति ठाउँमा आलोकित पार्छन् भन्ने प्रश्नको उत्तरमा—एकैचोटि तीनै द्वीपहरूलाई आलोकित पार्छन्। कसरी भने ?—(१) यस द्वीप (=जम्बुद्वीप) मा सूर्योदयको समय पूर्वविदेहमा मध्यान्ह, उत्तर कुरूमा अस्तगमन र अपरगोयानमा मध्यान्ह समय हुन्छ। (२) पूर्वविदेहमा उद्‌गमन समय उत्तर-कुरूमा मध्यान्ह समय, अपरगोयानमा अस्तगमन समय र यहाँ मध्यान्ह समय हुन्छ। (३) उत्तरकुरूमा उद्‌गमन समय, अपर-गोयानमा मध्यान्ह समय, यहाँ अस्तगमन समय र पूर्वविदेहमा मध्यान्ह समय हुन्छ। (४) गोयानद्वीपमा उद्‌गमन समय, यहाँ मध्यान्ह समय, विदेहद्वीपमा अस्तगमन समय र उत्तरकुरूमा मध्यान्ह समय हुन्छ।" सुमं. वि. III. पृ. १८७–८९ अग्गञ्ञ-सुत्तवण्णना। यस्तै कुरा पटि. म. अ. क. पृ. २५२–५३: पुब्बेनि-वासानुस्सतिञाणनिद्देसवण्णना, महावग्गमा पनि उल्लेख भएको छ।

अनि राहु असुरेन्द्र सूर्य देवपुत्रलाई मुक्त गरी थरथर काँपी जहाँ वेपचित्ति असुरेन्द्र थिए त्यहाँ गए । त्यहाँ पुगेपछि डराइ-डराइ रोमाञ्चित भई एक छेउमा उभिए । एक छेउमा उभिएका राहु असुरेन्द्रलाई वेपचित्ति असुरेन्द्रले गाथा भने—

"किं नु सन्तरमानो व, राहु सुरियं पमुञ्चसि ।
संविग्गरूपो आगम्म, किं नु भीतो व तिट्ठसी'ति ।।"

अर्थ—

"हे राहु ! किन थरथर काँपी सूर्यलाई मुक्त गरेको ? डराइ-डराइ आई भयभीत भई किन खडा भएको ?"

(राहु असुरेन्द्र भन्दछन्—)

"सत्तधा मे फले मुद्धा, जीवन्तो न सुखं लभे ।
बुद्धगाथाभिगीतोम्हि[1], नो चे मुञ्चेय्य सुरियं'ति ।।"

अर्थ—

"बुद्धद्वारा गाथा गाएर पनि यदि सूर्यलाई मुक्त गरिन भने मेरो शीर सातटुक्रा पनि हुनसक्छ अथवा बाँचेर रहे पनि मैले सुख पाउन सक्ने छैन ।"

---

१. रोमनमा: 'गाथाभिहितोम्हि' ।

५०.१९ सेरी देवपुत्र

परिचय

जेतवनाराममा बसिरहनुभएका भगवान्कहाँ यी सेरी देवपुत्रले आफूले अघि गरेको दानको महिमा सुनाउन गएका थिए। त्यसैले यिनले "देवमनुष्य सबैले अन्नकै आशा गर्छन्" भन्ने इत्यादि भनेका हुन्।

अघि यिनी सिन्धवराष्ट्र र सोधिकराष्ट्रका राजा थिए। त्यसबखत यिनले रोरुव नगरका चारै दिशातिर चारवटा द्वारहरू बनाई त्यहाँ आउने सबै याचकहरूलाई दानदिन्थे[१]। जुन प्रकारले यिनले दानदिन्थे त्यो कुरा अगाडि अनुदित सूत्रको सम्बन्धित पादटिप्पणीमा उल्लेख गरेको छु। अतः कारणहरू त्यहाँबाट अष्ट हुने छन्। यिनी चाहिं त्यसबखत दानपतिको रूपले दानदिन्थे।

× × ×

१. सं. नि. अ. क. I. पृ. ९०. सेरीसुत्तवण्णना, देवपुत्तसंयुत्तं।

केही सेरी नामहरू

(१) सेरिणी—यो एक कुरुदेशवासी वेश्याको नाम हो । पेत. व. अ. क. पृ. १४३: सेरिणीपेतवत्थु ।

(२) सेरिणी पेतवत्थु—यो प्रेतकथाको नाम हो । पेत. व. पा. पृ. १८४: मा उल्लेख भएको छ ।

(३) सेरीसक—यो एक देवताको नाम हो । जो दी. नि. III. पृ. १५७: आटानाटिसुत्तमा उल्लेख भएको छ ।

(४) सेरीसक—यो एक यक्षको नाम हो । पेत. व. पा. पृ. २०७: सेरीसकपेतवत्थु ।

(५) सेरीसक पेतवत्थु—यो प्रेतकथा पेत. व. पा. पृ. २०४ मा उल्लेख भएको छ ।

(६) सेरीसक विमानवत्थु—यो विमानकथा विमा. व. पा. पृ. १२१ मा उल्लेख भएको छ ।

(७) सेरिस्स विमान—यो चाँहि चातुर्महाराजिक देवलोकको एक विमानको नाम हो । जुन विमानमा मृत्युपछि पायासि राजा उत्पन्न भएका थिए । दी. नि. II. पृ. २६५: पायासिराजञ्ञ-सुत्तं । यसको अनुवाद लेखकको बु. रा. मा–३, पृ. ७१ मा भएको छ ।

(८) सेरी देवपुत्र—यो एक देवपुत्रको नाम हो । यिनकै कुरा यहाँ अगाडि उल्लेख भएको छ ।

(९) सेरिवाणिज जातकं[1]—यो जातक जा. पा. I–II. पृ. ३ मा उल्लेख भएको छ । यसै जातकदेखि देवदत्तले बोधिसत्वमाथि शत्रुता शुरु गरेको थियो ।

(१०) सेरीसुत्तं—यो एक सूत्रको नाम हो । यो सूत्र सं. नि. I. पृ. ५५: देवपुत्तसंयुत्तमा उल्लेख भएको छ । यसको अनुवाद यहाँ अगाडि भएको छ ।

× × ×

१. सेरिववाणिज जातकं पनि भन्दछन् ।

मूल सूत्र –

सबैले अन्नकै आशा गर्छन्
(सेरीसुत्त[1])

श्रावस्तीमैं ।

एक छेउमा उभिएका सेरी देवपुत्रले भगवान्लाई गाथाद्वारा भने—

"अन्नमेवाभिनन्दन्ति, उभये[2] देवमानुसा ।
अथ को नाम सो यक्खो, यं अन्नं नाभिनन्दती'ति ।।"

अर्थ—

"देव र मनुष्य दुवैले अन्नकै प्रशंसा गर्छन् (=अन्न पाउनकै आशा राख्छन्), त्यो कुन यक्ष होला जसले अन्नको प्रशंसा नगरोस् ।"

---

१. सं. नि. I. पृ. ५५: देवपुत्तसंयुत्त; अ. क. I. पृ. ९०.
२. स्याम र रोमनमाः 'उभयो' ।

(बुद्ध भन्नुहुन्छ—)

१. "ये नं ददन्ति सद्धाय, विप्पसन्नेन चेतसा ।
तमेव अन्नं भजति, अस्मिं लोके परम्हि च ।।

२. "तस्मा विनेय्य मच्छेरं, दज्जा दानं मलाभिभू ।
पुञ्ञानि परलोकस्मिं, पतिट्ठा होन्ति पाणिनं'ति ।।"

अर्थ—

१–"जसले श्रद्धा तथा प्रसन्नचित्तले अन्न दानदिन्छ त्यसैलाई इहलोक र परलोक दुवैमा अन्न लाभ हुन्छ[१] ।

२–"त्यसैले मात्सर्य-मललाई जिती दानदिने गर । परलोकमा प्राणीहरूको निमित्त पुण्यको फल नै प्रतिष्ठा हुन्छ ।"

(सेरी देवपुत्र भन्दछन्—)

"आश्चर्यहो, भन्ते ! अद्‌भूतहो, भन्ते ! भन्ते ! भगवान्‌ले कति सुभाषित कुरा भन्नुभएको जो कि 'जसले श्रद्धा तथा प्रसन्नचित्तले अन्न दानदिन्छ[२]...' आदि तपाईं भन्नुहुन्छ ।

---

१. चित्त गृहपति र शीवली महास्थविरहरूलाई झन् झन् अन्नहरू लाभ भए झैं लाभ हुन्छ । सार. प. I. पृ. ६६: अन्नसुत्तवण्णना ।
२. माथिका गा. नं. १, २ का कुराहरू सबै दोहऱ्याई पढ्नू ।

"भन्ते ! पूर्वकालमा एक समय म सेरी[1] भन्ने दायक दानपति[2] तथा दानको वर्णवादी राजा भएको थिएँ । त्यसबखत मबाट श्रमण, ब्राह्मण, कृपण, बटुवा तथा दानको वर्णना गरी हिंड्ने याचक-हरूलाई (नगरको) चारद्वारहरूमा[3] (=चारदिशाहरूमा) दान दिइन्थ्यो ।

(१) "भन्ते ! एकदिन अन्तःपुरका स्त्रीहरू आई मलाई यस्तो भने—

---

१. बर्मीमा: 'सिरी' ।

२. यहाँ **'दानपति'** भन्नाले दानदिने वस्तुलाई आफूभन्दा श्रेष्ठ ठानी अथवा दान लिने व्यक्तिलाई आफूभन्दा श्रेष्ठ ठानी दानदिनेलाई 'दानपति' भनिन्छ ।

तीनप्रकारका दानदिनेहरू छन्— (१) दानपति भएर दानदिने, (२) दानसहाय भएर दानदिने तथा (३) दानदास भएर दानदिने ।

(१) यसमध्ये जसले आफूले खान-पान गर्ने वस्तुभन्दा उत्तमरूपले दानदिन्छ, जसले दानदिने वस्तुलाई मालिक झैं सम्झी दानदिन्छ अथवा दानपाउने पुरुषलाई आफूभन्दा उत्तम पुरुष सम्झी उत्तम वस्तुहरू दानदिन्छ उसलाई **'दानपति'** भन्दछन् ।

(२) जसले आफूले खान-पान गर्ने वस्तु सरहका वस्तुहरू दानदिन्छ, जसले दानदिने वस्तुलाई आफू समान गरी दानदिन्छ

अथवा दान पाउने पुरुषलाई आफू समान सम्झी दानदिन्छ उसलाई **'दानसहाय'** भन्दछन् ।

(३) जसले दान वस्तुलाई आफ़भन्दा हीन ठानी अथवा आफूले खान-पान गर्ने वस्तुभन्दा कम्सल खालका वस्तुहरू दानदिन्छ अथवा दान पाउनेलाई आफूभन्दा हीन ठानी दानदिन्छ उसलाई **'दानदास'** भन्दछन् ।

सो राजाले दान-पात्रलाई आफूभन्दा श्रेष्ठोत्तम सम्झी तथा आफूले खान-पान गर्ने वस्तुहरूभन्दा उत्तम वस्तुहरू दानदिने भएकोले 'दानपति' भनिएको हो । सार. प. I. पृ. ९०: सेरीसुत्त-वण्णना ।

३. सेरी राजाका सिन्धव भन्ने र सोधिक भन्ने दुइ राज्यहरू थिए । राजधानीको नाम रोरुव थियो । एक एक दिशा (=द्वार) बाट उनलाई दिनको एक एक लाख आम्दानी हुन्थ्यो । नगरभित्र विनिश्चय स्थानबाट (=न्यायालयबाट) दिनको एक एक लाख आम्दानी हुन्थ्यो । धेरै हिरण्यसुवर्णहरू रास भएको देखेर 'आफूले गरेको आफैले पाउँछ' भन्ने ज्ञानलिई उनले नगरको चारैदिशा-हरूमा दानशालाहरू बनाई त्यस त्यस दिशाबाट हुने आम्दानी जम्मै त्यस त्यस दिशाको दानशालामै खर्च गर्ने गरी दानशालाहरू राखेका थिए । त्यसैले सूत्रमा 'चारद्वारहरूमा...' भन्ने उल्लेख भएको हो । सार. प. I. पृ. ९०: सेरीसुत्तवण्णना ।

'देव ! तपाईंले भने दान दिनुहुन्छ फिन्तु हामीहरूले भने दान दिदैंनौं । यदि देवको कारणबाट हामीहरूले पनि दानदिन पाएमा पुण्य गर्न पाएमा कति असल हुने थियो ।'

"भन्ते ! अनि मलाई यस्तो लाग्यो—'म दायक हुं, दानपति तथा दानको वर्णवादी हुं । दानदिन चाहन्छौं भन्नेलाई के भनूं ।'

"भन्ते ! यति सोची मैले पहिलोद्वार अन्तःपुरका स्त्रीहरूको निमित्त छाडिदिएं । त्यो पहिलोद्वारमा अन्तःपुरका स्त्रीहरूका दानवस्तुहरू दिइन थालियो र मेरो दान (वस्तुहरू) थाति रह्यो[१] ।

(२) "भन्ते ! अनि मेरा अनुयायी क्षत्रीहरू आई मलाई यस्तो भने—

'देव ! तपाईंले दान दिनुहुन्छ, अन्तःपुरका स्त्रीहरूले पनि दान दिन्छन्, फिन्तु हामीहरू भने दान दिदैंनौं । यदि देवको कारणबाट हामीहरूले पनि दानदिन पाएमा, पुण्य गर्न पाएमा कति असल हुने थियो ।'

"भन्ते ! अनि मलाई यस्तो लाग्यो—'म दायक हुं, दानपति तथा दानको वर्णवादी हुं । दानदिन चाहन्छौं भन्नेलाई के भनूं ।'

---

१. त्यस दानशालामा खर्च हुने जम्मै रकमहरू स्त्रीहरूले नै ब्यहोरेको हुँदा राजाको दान-वस्तुहरू अथवा सम्पत्तिहरू थातिमा पर्न गएको हो । सार. प. I. पृ. ९०: सेरीसुत्तवण्णना ।

"भन्ते ! यति सोची मैले दोस्रोद्वार मेरा अनुयायी क्षत्रीहरूलाई छाडिदिएँ । त्यो दोस्रोद्वारमा मेरा अनुयायी क्षत्रीहरूका दानवस्तुहरू दिइन थालियो र मेरो दान थाति रह्यो ।

(३) "भन्ते ! अनि मेरा बलकाय (=जङ्गी भारदार) हरू आई मलाई यस्तो भने—

'देव ! तपाईंले भने दान दिनुहुन्छ, अन्तःपुरका स्त्रीहरूले पनि दान दिन्छन्, अनुयायी क्षत्रीहरू पनि दान दिन्छन्, किन्तु हामीहरू भने दान दिदैंनौं । यदि देवको कारणबाट हामीहरूले पनि दानदिन पाएमा, पुण्य गर्न पाएमा कति असल हुने थियो ।'

"भन्ते ! अनि मलाई यस्तो लाग्यो—'म दायक हुँ, दानपति तथा दानको वर्णवादी हुँ । दानदिन चाहन्छौं भन्नेलाई के भनूँ ।'

"भन्ते ! यति सोची मैले तेस्रो द्वार बलकायहरूलाई छाडिदिएँ । त्यो तेस्रो द्वारमा बलकायहरूको दान वस्तुहरू दिइन थालियो र मेरो दान थाति रह्यो ।

(४) "भन्ते ! अनि मेरा ब्राह्मण गृहपतिहरू आई मलाई यस्तो भने—

'देव ! तपाईंले भने दान दिनुहुन्छ, अन्तःपुरका स्त्रीहरू पनि दान दिन्छन्, अनुयायी क्षत्रीहरू पनि दान दिन्छन्, बलकायहरू पनि दान दिन्छन्, किन्तु हामीहरू भने दान दिदैंनौं । यदि देवको कारणबाट

हामीहरूले पनि दानदिन पाएमा, पुण्य गर्न पाएमा कति प्रसन्न हुने थियो ।'

"भन्ते ! अनि मलाई यस्तो लाग्यो—'म दायक हुँ, दानपति तथा दानको वर्णवादी हुँ । दानदिन चाहन्छौं भन्नेलाई के भनूँ ।'

"भन्ते ! यति सोची मैले चौथो द्वार पनि ब्राह्मण गृहपतिहरूलाई छाडिदिएँ । त्यो चौथो द्वारमा ब्राह्मण गृहपतिहरूका दान वस्तुहरू दिइन थालियो र मेरो दान थातिमा पऱ्यो ।

(५) "भन्ते ! अनि पुरुषहरू (=कर्मचारीहरू) आई मलाई यस्तो भने—'देव ! अब तपाईंको तरफबाट कुनै पनि दान दिइन्न ।"

"भन्ते ! यस्तोभन्दा मैले ती पुरुषहरूलाई यस्तो भने—'हे भणे ! त्यसोभए जनपद बाहिर जति आम्दानी हुन्छ त्यसमध्ये आधा भाग अन्तःपुरमा पठाई अरू बाँकी आधा भाग श्रमण, ब्राह्मण, कृपण, बटुवा, दानको वर्णन गरी हिड्ने याचकहरूलाई दानदिनको निमित्त त्यही नै राख ।'

"भन्ते ! सो मैले यसरी दीर्घकालसम्म[१] गरेका पुण्यहरूको, यसरी दीर्घकालसम्म गरेका कुशल धर्महरूको अन्तः देख्न सकिदन कि— यति पुण्य छ वा यति पुण्यविपाक छ वा यति स्वर्गमा बस्नुपर्छ ।

---

१. असीहजार वर्षसम्म सो राजाले दानदिएका थिए भनी सार. प. I. पृ. ९१: सेरीसुत्तवण्णनाले उल्लेख गरेको छ ।

आश्चर्यहो, भन्ते ! अद्भूतहो, भन्ते ! जो कि भगवान्ले 'जसले त्यो भन्नलाई श्रद्धापूर्वक तथा प्रसन्नचित्तले दानदिन्छ...'[१] परलोकमा प्राणीहरूको निमित्त पुण्यको फल नै प्रतिष्ठा हुन्छ' भनी भन्नुभयो त्यो कति सुभाषित कुरा भन्नुभएको हो !!"

---

१. माथि पृ. १८० को गा. नं. १, २ मा उल्लेख भएका कुराहरू दोहर्याई पढ्नू ।

५१।१०. हत्थक देवपुत्र

परिचय

यो हत्थक (=हस्तक) देवपुत्र अविहा ब्रह्मलोकवासी एक देवपुत्र हुन् ।

हाम्रं शाक्यमुनि भगवान् बुद्धको पालामा यिनी आळवी देशका आळवी भन्ने राजाका छोरा थिए[1] ।

वालकपनमा यिनलाई आलवक यक्षको हातले बुद्धलाई दिएको हुनाले यिनलाई 'हत्थक आळवक' भनिएको हो[2] ।

ठूलो भएपछि यिनी बुद्धका अनन्य भक्त भएका थिए । भगवान् बुद्धले पठमहत्थकसुत्तमा[3] यिनलाई (१) श्रद्धावान्, (२) शीलवान्, (३) लज्जावान्, (४) पापभिरु, (५) बहुश्रुत र (६) त्यागवान् भनी

---

१. हेर्नू लेखकको बु. गृ. भा–१, पृ. १९१ः हस्तक आळवक परिचय ।

२. हेर्नू लेखकको बु. गृ. भा–१, पृ. १९२ मा ।

३. अं. नि–८, पृ. ३२१ः गहपतिवग्गो । यसको अनुवाद लेखकको बु. गृ. भा–१, पृ. १९७ मा भएको छ ।

वर्णना गर्नुभएको छ। दुतिय हत्थकसुत्तमा[1] चाहिं अरू दुइ गुण थपी आठ गुणले युक्त भनी वर्णना गर्नुभएको छ। त्यस्तैगरी चार संग्रह वस्तुद्वारा संग्रह गर्ने पुरुष पनि भन्नुभएको छ।

यी हत्थालवक राजकुमारको बारेमा अझ अगाडि भन्नुहुन्छ—उनीमा बुद्ध प्रति अटल श्रद्धा, धर्म प्रति अटल श्रद्धा, सङ्घ प्रति अटल श्रद्धा, आर्यकान्त शील, आर्यज्ञान तथा आर्यविमुक्तिज्ञान पनि छ[2]।

यी हत्थक आलवक राजकुमारलाई भगवान्ले चतुसंग्रह वस्तुद्वारा परिषद्लाई संग्रह गर्ने मध्येमा श्रेष्ठस्थानमा राख्नुभएको छ[3]।

यति मात्र होइन यदि बुद्धशासनमा गृहीजीवनको लागि कुनै मापदण्ड छ भने त्यो यी नै हत्थक आलवक र चित्त गृहपति हुन् भन्ने कुरा पनि वहाँले एकपुत्तकसुत्तमा[4] उल्लेख गर्नुभएको छ।

---

१. अं. नि–८, पृ. ३२३: गहपतिवग्गो। यसको अनुवाद लेखकको बु. गृ. भा–१, पृ. २०० मा भएको छ।

२. अं. नि–६, पृ. १४६: भल्लुकादिसुत्तं, सामञ्ञवग्गो। यसको अनुवाद लेखकको बु. गृ. भा–१, पृ. २०३ मा भएको छ।

३. अं. नि–१, पृ. २६: एतदग्गवग्गो। यसको अनुवाद लेखकको बु. गृ. भा–१, पृ. २०३ मा भएको छ।

४. सं. नि. II. पृ. १९६: लाभसक्कारसंयुत्तं र अं. नि–२, पृ. ८१: आयाचनवग्गो। यसको अनुवाद लेखकको बु. गृ. भा–१, पृ. २०४ र १७८ मा भएको छ।

त्यस जीवनमा बुद्धको दर्शन, धर्मश्रवण तथा सङ्घको उपस्थान गर्नमा तृप्त हुनुभन्दा अगावै उनी त्यहाँबाट च्युतभई अविहा ब्रह्मलोकमा उत्पन्न भएका थिए । अविहा ब्रह्मलोकमा चाहिं अनागामीहरू उत्पन्न हुन्छन् ।

गोतमबुद्धवंसले[1] चित्त गृहपति र यी हत्थक आलवक दुइजना बुद्धका अग्र उपस्थाक हुन् भनी उल्लेख गरेको छ ।

जब यिनी मनुष्यलोकबाट च्युतभई अविहा ब्रह्मलोकमा उत्पन्न भए तब यिनले बुद्धको अपार गुण संस्मरण गरेका होलान् । त्यसंले यिनी बुद्धकहाँ आएका हुन् । बुद्धकहाँ आएर जुन कुरा यिनले बुद्धसँग गरे त्यो अगाडिको अनुदित मूल सूत्रमा उल्लेख भएको छ ।

× × ×

१. पृ. ३८१.

केही हत्थक नामहरू

(१) हत्थक आलवक—यो चाहिं अं. नि–१, पृ. २६: एतदग्गवग्ग-मा उल्लिखित नाम हो। यसमा हत्थक आलवकलाई अग्रस्थान दिएको कुरा उल्लेख भएको छ।

(२) हत्थक आलवक—यो चाहिं अं. नि–६, पृ. १४९: भल्लिकादि-सुत्तंमा उल्लेख भएको छ। यसमा हत्थक आलवकको छवटा गुणका कुरा प्रकाश पारिएका छन्।

(३) हत्थकसुत्तं—यो चाहिं अं. नि–३, पृ. २५९: कुसिनारावग्गोमा उल्लेख भएको छ। यसमा तीन कुरामा अतृप्त भइकनै हत्थक आलवक अविहा ब्रह्मलोकमा उत्पन्न भएको कुरा समुल्लेख भएको छ।

(४) हत्थकसुत्तं—यो सूत्र चाहिं अं. नि–३, पृ. १२६: देवदूतवग्गो-मा उल्लेख भएको छ। यसमा सिसपावन बनमा बसिरहनुभएका भगवान्सँग हत्थक आलवकले "तपाईं सुखपूर्वक सयन गर्नुहुन्छ के?" भनी सोधेका कुरा उल्लेख भएको छ। यसको अनुवाद लेखकको बु. गृ. भा–१, पृ. १९३ मा भएको छ।

(५) (पठम) हत्थकसुत्तं—यो सूत्र अं. नि–८, पृ. ३२१: गहपति-वग्गोमा उल्लेख भएको छ। यसमा हत्थक आलवकको अल्पेच्छता र सातवटा गुणका कुरा प्रकाश पारिएका छन्।

(६) (दुतिय) हत्थकसुत्तं—यो सूत्र चाँहि अं. नि–८, पृ. ३२३: गहपतिवग्गोमा उल्लेख भएको छ । यसमा हत्थक आलवकका चार संग्रहका कुरा उल्लेख भएका छन् ।

(७) हत्थ शाक्यपुत्र—यो एक भिक्षुको नाम हो । समन्तपासादिका, पाचित्तियकण्ड पृ. ७४९ को अनुसार बुद्धको पालामा शाक्यकुल-बाट ८० हजार प्रव्रजित भएका थिए । तिनीहरूमध्ये यिनी एक हुन् ।

यी भिक्षु तीर्थियहरूसँग वादविवादबाट जित्ने नियत राखी जानिजानी झूटो बोल्दथे । यिनको यस व्यवहारको कारणले गर्दा भगवान्ले "सम्पजानमुसावादे पाचित्तियं" अर्थात् जानिजानी झूटो बोल्नुमा पाचित्तिय दोष लाग्छ भन्ने नियम बनाउनु भएको थियो । पाचि. पा. पृ. ५: पाचित्तिय-कण्डं, पठमपाचित्तियं ।

यिनै भिक्षुको कारणबाट भगवान्ले धम्मपदमा "न मुण्डेन समणो..." भन्ने गाथा भन्नुभएको हो भनी धम्म. प. अ. क. पृ. ६६७: हत्थकस्सवत्थु, धम्मट्ठवग्गमा उल्लेख भएको छ ।

यी भिक्षुको नाम परि. बा. पा. पृ. २२ मा पनि उल्लेख भएको पाइन्छ ।

(८) (पठम) हत्थपादोपमसुत्तं—यो सूत्र सं. नि. III. पृ. १५५: सलायतनसंयुत्तमा उल्लेख भएको छ ।

यसमा जस्तै हात हुनाले लिनेदिने गरिन्छ त्यस्तैगरी चक्षु हुनाले चक्षु स्पर्शको कारणद्वारा भित्री सुख दुःख हुन्छ भन्ने कुरा उल्लेख भएको छ ।

× × ×

मूल सूत्र—

जति दर्शन गरे पनि तृप्त हुइन्न

(हत्थकसुत्तं[1])

एक समय, भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेत-वनाराममा बस्नुभएको थियो।

एकदिन हस्तक (हत्थक) देवपुत्र[2] रात बितिसकेपछि सुन्दर रूप धारण गरी सबै जेतवन आलोकित पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि 'भगवान्‌को अगाडि उभिएर बस्छु' भन्दा जस्तै बालुवामा घ्यू वा तेल राख्दा बालुवामै शोषिएर जाने हो त्यस्तैगरी

---

१. अं. नि–३, पृ. २५६: कुसिनारावग्गो; अ. क. I. पृ. ४५६.

२. यी हस्तक देवपुत्र बुद्धको समयमा मनुष्यलोकमा आलवी देशका आलवक राजाका पुत्र आलवक राजकुमार भई जन्मेका थिए। यस सम्बन्धका अरू कुराहरू सबै लेखकको बु. गु. भा–१, पृ. १६१: हस्तक आलवक शीर्षक अन्तर्गत उल्लेख गरिएको छ।

उनी उठ्न सक्तैनथे, उभिएर बस्न सक्तैनथे[1]। अनि भगवान्ले हस्तक-देवपुत्रलाई "स्थूल शरीर निर्माण गर" भनी भन्नुभयो।

"हवस्" भनी भगवान्लाई प्रत्युत्तर दिई हस्तक देवपुत्रले स्थूल शरीर अभिनिर्माण गरी भगवान्लाई अभिनन्दन गरी एक छेउमा खडा भए। एक छेउमा खडा भएका हस्तक देवपुत्रलाई भगवान्ले यस्तो भन्नुभयो—

"हस्तक! अघि तिमी मनुष्य छँदा जुन धर्महरू तिमीमा प्रवर्तित थिए ती धर्महरू अहिले पनि तिमीमा प्रवर्तित छन् के?"

"भन्ते! अघि म मनुष्य छँदा जुन धर्महरू ममा प्रवर्तित थिए ती धर्महरू अहिले पनि ममा प्रवर्तित नै छन् र अघि मनुष्य छँदा जुन धर्महरू ममा प्रवर्तित थिएनन् ती धर्महरू पनि अहिले ममा प्रवर्तित छन्। भन्ते! जस्तै—भगवान् आजकल यहाँ भिक्षुहरूद्वारा, भिक्षुणीहरूद्वारा, उपासकहरूद्वारा, उपासिकाहरूद्वारा, राजाहरूद्वारा, राजमहामात्यहरूद्वारा, तिर्थीयहरूद्वारा तथा तिर्थीयश्रावकहरूद्वारा आकीर्ण भई विहार गर्नु भएको छ त्यस्तै—म पनि आजकल देवपुत्रहरूद्वारा आकीर्ण भई बस्दछु। 'हस्तक देवपुत्रकहाँ गई धर्मश्रवण गरौं' भन्दै

१. ब्रह्माहरू पृथ्वीमा आउँदा मोटो रूप निर्माण नगरि उभिन सक्दैनन्। त्यसैले सूत्रमा 'उभिएर बस्न सक्तैनथे' भनी उल्लेख भएको हो। मनो. र. पू. I. पृ. ४६०: हत्थकसुत्तवण्णना, तिकनिपात।

टाढा टाढादेखि देवपुत्रहरू मकहाँ आउँछन् । भन्ते ! तीन कुरामा सन्तुष्ट तथा तृप्त हुन नपाउँदै म मृत्यु भएँ । कुन तीन भने ?—

(१) 'भगवान्को दर्शन गर्नमा सन्तुष्ट तथा तृप्त हुन नपाउँदै, (२) सद्धर्म श्रवण गर्नमा सन्तुष्ट तथा तृप्त हुन नपाउँदै तथा (३) सङ्घको उपस्थान गर्नमा सन्तुष्ट तथा तृप्त हुन नपाउँदै मेरो मृत्यु भयो ।'

"भन्ते ! यी नै तीन कुरामा सन्तुष्ट तथा तृप्त हुन नपाउँदै मेरो मृत्यु भयो ।"

(पुनः देवपुत्रले गाथा भने—)

१. "नाहं भगवतो दस्सनस्स, तित्तिमज्झगा[1] कुदाचनं ।
सङ्घस्स उपट्ठानस्स, सद्धम्म सवनस्स च ।।

२. "अधिसीलं[2] सिक्खमानो, सद्धम्म सवने रतो ।
तिण्णं धम्मानं अतित्तो, हत्थको अविहं गतो'ति ।।"

अर्थ—

१—"भगवान्को दर्शन गर्नमा म कहील्यै पनि तृप्त भइन, न म सङ्घोपस्थान तथा सद्धर्म श्रवण गर्नमा तृप्त भएँ ।

---

१. स्याममा: 'तित्तिअद्धा', रोमनमा: 'तित्तिमज्झ' ।
२. सिंहल र रोमनमा: 'अधिसीले' ।

२–"अधिशील[१] सिक्दै सद्धर्म श्रवणमा रत हुँदै –तीनै कुरामा अतृप्त भइकनै हस्तक (आलवक कुमार) अविहा ब्रह्मलोकमा उत्पन्न भए।"

---

१. साधारणतया अधिशील भन्नाले पञ्चशील, अष्टशील तथा दशशील-हरूलाई पनि भन्दछन्। विशेषरूपमा 'अधिशील' भन्नाले ती शीलहरूभन्दा पनि माथिल्लो शीललाई भनिएको हो। जस्तै— प्रातिमोक्ष शील अथवा संवर पारिशुद्धि शील आदि। यी विशेष अधिशीलहरूमा स्थिर भएको चित्त पुनः विक्षेप हुन सक्दैन।

यी शील सम्बन्धी बारेका सबैप्रकारका व्याख्यान पटि. म. पा. पृ. ४७–५३: सीलमयञाणनिद्देस्सोमा गरिएका छन्, अ. क. पृ. १४१.

५२।११. हेमवत यक्ष

परिचय

यो हेमवत यक्ष भनेका को हुन् भन्ने सम्बन्धमा सुत्तनिपातट्ठकथामा यस्तो उल्लेख भएको छ—

परापूर्वकालका मानिसहरूको आयु २० हजार वर्षको हुँदा काश्यप बुद्ध १६ हजार वर्ष बाँचेर पछि परिनिर्वाण हुनुभयो। वहाँको शरीरधातुलाई मानिसहरूले महान पूजा सत्कार गरे। वहाँको शरीरधातु चाहिं एकढिको भएको थियो। दीर्घायु बुद्धहरूको शरीरधातु एकँढिको हुनु स्वभाव नै हो। अल्पायुक बुद्धहरू चाहिं धेरै मानिसहरूले देख्न नपाउँदै परिनिर्वाण हुन्छन्। त्यसैले सबैले धातु पूजा गरी पुण्य पाउन सकुन् भन्ने हेतुले वहाँहरूको शरीरधातु चूर्ण चूर्ण हुन्छ। अतः अल्पायुक बुद्धहरूले आफ्नो शरीरधातु 'चूर्ण होस्' भनी अधिष्ठान गर्छन् जस्तै हाम्रा भगवान् बुद्ध।

अनि काश्यप बुद्धको शरीरधातु राखी मानिसहरूले एक योजन उँचाई भएको एउटा चैत्य बनाए। एक एक गाउत प्रमाणको दूरिमा

किकी राजाले एउटा, उनकै छोरा पठविन्धरले एउटा, सेनापतिले एउटा र जनपदका प्रमुख सेठले एउटा गरी जम्मा चारवटा द्वारहरू बनाए[१] ।

यसरी चैत्य तयार भएपछि दुइ सहायक कुलपुत्रहरू सन्मुख श्रावक स्थविरकहाँ प्रव्रजित भए ।

दीर्घायुक बुद्धको पालामा सन्मुख श्रावकहरूले प्रव्रजित गर्छन्, उपसम्पदा गर्छन् र निश्रय पनि दिन्छन् । अरूले प्रव्रजित आदि गर्न पाउन्नन् ।

अनि ती भिक्षुहरूले "भन्ते ! शासनमा कति धुरहरू अर्थात् मुख्य लाइनहरू छन् ?" भनी सोधे—

स्थविरहरूले ' वासधुर र परियत्तिधुर भन्ने दुइ धुरहरू छन्" भनी भने ।

प्रव्रजित भएका कुलपुत्रहरू आचार्य उपाध्यायहरूकहाँ पाँचवर्ष बसी वत्तपटिवत्त पूरा गरी प्रातिमोक्ष र दुइ तीन भाणवार सूत्रहरू अध्ययन गरी कर्मस्थान सिकी कुलगृहमा वा गणहरूमा आशा नराखी जंगलमा गई अरहत्व प्राप्तिका लागि कोशिस गर्छन् । यसलाई वासधुर भन्दछन् ।

आफ्नो शक्ति अनुसार एक वा दुइ निकाय अध्ययन गरी दुइ वा तीन निकायहरूको स्पष्टरूपले अर्थ बुझी बुद्धशासनमा लाग्छन् । यसलाई परियत्तिधुर भन्दछन् ।

---

१. सुत्त. नि. अ. क. I. पृ. २५५–५६: हेमवतसुत्तवण्णना, उरगवग्गो ।

अनि ती दुइ भिक्षुले "यो दुइवटा धुरहरूमध्ये वासधुर नै श्रेष्ठ छ" भनी भने। यति भनी अगाडि यस्तो भने—"तर हामीहरू चाहिं अहिले तरुणछौं। वंश पुगेपछि वासधुर पुरा गर्नेछौं। त्यसो हुनाले अहिले परियत्तिधुर पुरा गर्नेछौं" भनी उनीहरूले परियत्तिधुर प्रारम्भ गरे।

स्वभावतः उनीहरू बुद्धिमान थिए। अतः केही समयमै उनीहरूले परियत्तिधुरमा अधिकार प्राप्त गरी विनय सम्बन्धमा निर्णय पनि दिन सक्ने क्षमता प्राप्त गरे। परियत्ति अध्ययनद्वारा उनीहरूको ठूलो परिवार भयो। परिवारको कारणले लाभसत्कार धेरै भयो। एक एक भिक्षुको पांच पांच शय भिक्षु परिवारहरू भए। बुद्धशासन प्रदिप्त पारी उनीहरू बसे। फेरि बुद्धको पाला जस्तै भयो[१]।

त्यसबखत एक गाउँको आवासमा धर्मवादी र अधर्मवादी दुइ भिक्षुहरू थिए। अधर्मवादी चाहिं अति चण्ड मुखर तथा परुष थियो। उसले गरेको दोषका कुरा धर्मवादीलाई थाहा थियो। त्यसैले उसले अधर्मवादीलाई "आवुसो! यो तिम्रो काम शासनको प्रतिकूल छ" भनी भन्यो। उसले चाहिं "के तिमीले देखेकाछौ वा सुनेकाछौ र!" भनी उसको कुरालाई वास्ता राखेन। धर्मवादीले "त्यसोभए विनयधरहरूले जान्नेछन्" भनी भन्यो।

अनि पछि अधर्मवादीले "यदि यो कुरा विनयधरहरूले निर्णय गर्ने छन् भने अवश्य पनि यो शासनमा मेरो कुनै प्रतिष्ठा रहने छैन।"

१. सुत्त. नि. अ. क. I. पृ. २५६: हेमवतसुत्तवण्णना, उरगवग्गो।

यति सोची सो भिक्षु दुइ विनयधर स्थविरहरूकहाँ गई उनीहरूलाई आफ्नो पक्षमा लिने विचार गरी भिक्षु परिष्कारहरू हातमा लिई उनीहरूकहाँ गयो। त्यहाँ गई परिष्कारहरू चढाई उ उनीहरूको आश्रममा बस्न थाल्यो र उनीहरू प्रति गर्नुपर्ने जम्मै सेवाटहल गर्नथाल्यो।

अनि एकदिन उपस्थानमा जाँदा उनीहरूले जाने आज्ञा दिएता पनि उ बसिर्नरहेको देखेर स्थविरहरूले "शायद यिनको केही भन्ने फुरा छ होला" भन्ने ठानी उसँग सोधे। अनि उसले "भन्ते! हो मेरो एकजना भिक्षुसँग आपत्ति सम्बन्धी केही मतभेद भएको छ। यदि सो भिक्षु त्यस सम्बन्धमा यहाँ आई केही भन्न आएमा तपाईंहरूले यथार्थ निर्णय नदिनुहोला" भनी अनुरोध गऱ्यो।

स्थविरहरूले भने—"आवुसो! आरोप लगाएको बारेमा नियमानुसार निर्णय नदिई बस्न हुन्न।"

"भन्ते! यसो भयो भने मेरो लागि यस शासनमा फुनै प्रतिष्ठा रहने छैन। त्यसो हुनाले त्यो पाप मेरै निमित्त होस्। तपाईंहरूले निर्णय नदिनुहोला" भनी बिन्तिगऱ्यो।

उसले बार बार जिद्दी गरी अनुरोध गरेपछि स्थविरहरूले उसको कुरा स्वीकारे।

अनि स्थविरहरूको वचन पाई अधर्मवादी भिक्षु आफ्नो आवासमा गई "सबै कुरा विनयधरहरूकहाँ गई टुंग्याइसकेको छु" भन्दै

धर्मवादी भिक्षुको अवज्ञा गरी कुरा गऱ्यो । उसको कुरा सुनी धर्मवादी भिक्षु स्थविर भिक्षुहरूका परिवार भिक्षुहरूकहाँ तुरुन्त गई "आवुसो ! होइन त, भएको आपत्ति सम्बन्धी राम्ररी निर्णय दिनुपर्छ । धर्मानुकूल निर्णय गर्नुपर्छ । परस्पर आपत्ति देशना गराई मेलमिलाप गराउनुपर्छ । यी स्थविरहरूले चाहिं न दोषको निर्णय गरे न त परस्पर आपत्ति देशना नै गराउन लगाई मेलमिलाप गराए । के हो यस्तो काम ?" भन्दै करायो । यो कुरा सुनेर उनीहरू चूप लागेर बसे ।

उता अधर्मवादी भिक्षुले "अघि तिमीले विनयधरहरूले जान्नेछन् भनी भनेका होइनौ ? अब भन्न जाउ न त विनयधरहरूकहाँ !" भन्दै "अब उप्रान्त तिमी यो आवासमा नआऊ, तिमी पराजित भयौ" भनी सुनायो ।

त्यसपछि धर्मवादी भिक्षु स्थविर भिक्षुहरूकहाँ गई "तपाईंले शासनलाई नहेरी व्यक्तिलाई हेर्नुभयो । शासनलाईभन्दा पनि व्यक्तिलाई महत्व दिनुभयो । शासनको रक्षाभन्दा पनि व्यक्तिको रक्षा गर्नुभयो । अब उप्रान्त तपाईंहरूले कुनै निर्णय दिन पर्दैन । आजदेखि काश्यप भगवान् बुद्ध परिनिर्वाण हुनुभयो" भन्दै बेसरी कराई "शास्ताको शासन नाश भयो" भन्दै रुँदै फर्केर गयो[1] ।

अनि ती स्थविर भिक्षुहरूको मनमा "अहो हामीले व्यक्तिको रक्षा गरी शासनलाई चाहिं खाडलमा हालिदिएका रहेछौं" भन्ने चिन्ताले सतायो । उनीहरू सोही कुराद्वारा चिन्तित र पीडित भई,

---

१. सुत्त. नि. अ. क. I. पृ. २५७–५८: हेमवतसुत्तवण्णना, उरगवग्गो ।

पश्चात्ताप गरी मृत्युपछि स्वर्गलोकमा उत्पन्न हुन नसको तिनीहरूमध्ये एकजना आचार्य हिमाल पर्वततिर उत्पन्न भई हेमवत यक्ष भन्ने नामले चिनिए। दोश्रा आचार्य चाहिं मध्येदेशमा सातागिर भन्ने पर्वतमा उत्पन्न भई सातागिर यक्ष भन्ने नामले चिनिए। उनीहरूका परिवार भिक्षुहरू पनि स्वर्गमा उत्पन्न हुन नसकी उनीहरूकै अनुचर भई उहीं परिवार यक्ष भई उत्पन्न भए। उनीहरूका प्रत्ययदायक गृहस्थीहरू चाहिं देवलोकमा उत्पन्न भए। यी हेमवत र सातागिर यक्षहरू २८ जना यक्ष सेनापतिहरूमध्येमा निकै प्रभावशाली यक्षराजाहरू भए[१]।

धर्मविनिश्चय गर्नको निमित्त महीनाको आठ पटक हिमालको मनोशिळातळ नागवति मण्डपमा[२] हुने देवताहरूको समागममा यक्ष सेनापतिहरू पनि जानुपर्थ्यो। एकदिन त्यस समागममा परस्पर देखी उनीहरूको चिनाजानी भएको थियो। अनि उनीहरू "तिमी कहाँ उत्पन्न भयौ, तिमी कहाँ उत्पन्न भयौ" भन्दै आ-आफू उत्पन्न भएका कुरा सुनी उनीहरूले निकै विस्मित गरे र "बीस हजार वर्षसम्म श्रमण धर्म पालन गरेर पनि एकजना खराब सहायकको कारणले गर्दा यस्तो यक्ष योनीमा उत्पन्न हुनुपर्‍यो। हाम्रा प्रत्यय दायक गृहस्थीहरू चाहिं कामावचर देवलोकमा उत्पन्न भए" भनी भने।

अनि सातागिरले "मारिष! हिमालय भनेको आश्चर्य तथा अद्‌भूत सम्मत छ। यदि त्यहाँ कुनै आश्चर्य अद्‌भूत घटना घटेमा मलाई पनि भन्नू" भनी भने।

---

१. सुत्त. नि. अ. क. I. पृ. २५८: हेमवतसुत्तवण्णना, उरगवग्गो।

२. सिहलमा 'भगलवती पर्वतमा'।

हेमवतले पनि "मारिष ! मध्यदेश भनेको आश्चर्य तथा अद्‌भूत सम्मत छ। यदि त्यहाँ कुनै आश्चर्य अद्‌भूत घटना घटेमा मलाई पनि भन्नू" भनी भने।

यसरी ती दुइ यक्षहरूका बीच आपसमा यस्तो करार भएपछि उनीहरूले त्यसको प्रतीक्षा गर्दा गर्दै एक बुद्धन्तरको समय बिती महापृथ्वी एक योजन र तीन गाउत जति माथि उठ्यो।

अनि हाम्रा बोधिसत्व दीपङ्कर बुद्धको पालादेखि वेस्सन्तरको समयसम्म पारमीहरू पूरा गरी तुषित भुवनमा उत्पन्न भई त्यहाँ आयु छउञ्जेलसम्म बसी जातक निदानमा उल्लेख भए जस्तै देवताहरूद्वारा प्रार्थना गरेपछि पञ्चमहाविलोकनद्वारा हेरी देवताहरूलाई सूचित गरी बत्तीस पूर्वलक्षणहरू देखापरेपछि मनुष्यलोकमा प्रतिसन्धि लिनुभयो। त्यसबखत भूकम्प पनि भएको थियो। यसरी भूकम्प र यसरी बत्तीस लक्षणहरू देखापर्दा पनि क्रिडामा रत भएका ती यक्षहरूले "यस्तो कारणले यस्तो लक्षण देखापरेको हो" भन्ने कुरा जान्न सकेनन्। यस्तैगरी बोधिसत्व जन्मेको र अभिनिष्क्रमण गरेका कुरा पनि।

धर्मचक्र प्रवर्तन गर्दा चाहिं जब भगवान्‌ले पञ्चभद्रवर्गीयलाई आमन्त्रण गरी चतुरार्यसत्यलाई तेहेऱ्याई बाह्र प्रकारले उपदेश गर्न थाल्नुभयो तब त्यहाँ ठूलो भुइँचालो र अनेकप्रकारका प्रातिहार्यहरू देखापरेका थिए। यो चाहिं पहिले सातागिरले देखेका थिए। देख्ने-बित्तिकै आफ्नो परिषद्‌का साथ गई भगवान्‌को धर्मदेशना सुनेका थिए[1]।

---

१. सुत्त. नि. अ. क. I. पृ. २५९–६०: हेमवतसुत्तवण्णना, उरगवग्गो।

किन्तु उनले कुनै विशेषता पाउन सकेका थिएनन् । किनभने त्यसबखत उनको मन उनका साथी हेमवत पनि त्यहाँ आएका छन् कि छैनन् भन्नेतिर लागेको थियो । जब उनलाई त्यहाँ देखेनन् तब "अहो मेरा साथीले यस्तो उत्तम धर्मोपदेश सुन्न पाएनन्" भन्ने लाग्यो । यसै चित्त विक्षिप्तताको कारणले गर्दा उनले केही विशेषता प्राप्त गर्न नसकेको हो भनी सुत्त. नि. अ. क. I. पृ. २६०: हेमवतसुत्तवण्णनाले उल्लेख गरेको छ ।

सोणकुटिकण्ण, एककनिपातवण्णनाले भने उनले त्यहीं स्रोतापत्ति फल पाएका थिए भन्ने कुरा उल्लेख गरेको छ[१] ।

भगवान्ले चाहिं आफ्नो धर्मोपदेशको कार्यक्रम सूर्यास्त भइसकेपछि पनि जारी नै राख्नुभएको थियो[२] ।

जब उनले हेमवतलाई त्यहाँ देखेनन् तब "साथी हेमवतलाई लिएर सँगै धर्मोपदेश सुन्नेछु" भन्ने विचार गरी सातागिर पाँचशय यक्षहरूद्वारा परिवृत्त भई हिमालतिर गए ।

---

१. "सातागिरो नाम यक्खो दसबलस्स धम्मकथं सुत्वा सोतापत्तिफले पतिट्ठाय चिन्तेसि..." मनो. र. पू. I. पृ. १३४.

२. "भगवा च अट्ठङ्गते पि सुरिये देसनं न निट्ठापेसि ।।" सुत्त. नि. अ. क. I. पृ. २६०: हेमवतसुत्तवण्णना, उरगवग्गो ।

पपं. सू. II. पृ. १६०: पासरासिसुत्तवण्णनामा चाहिं "सुरिये धरमानेयेव देसना निट्ठासि" भनी उल्लेख भएको छ । अर्थात् सूर्य छँदा नै देशना सिद्धिएको थियो ।

उता हेमवतले पनि हिमालय पहाडतिर वडो आश्चर्यजनकरूपले फूलहरू फुलेको देखेर "म यहाँ उत्पन्न भएदेखि यस्तो प्रकारले फूलहरू फुली रमणीय भएको कुरा मैले कहिल्यै देखेको थिइन। अतः मेरा साथी सातागिरलाई पनि ल्याई उनीसँग यी फूलहरूसँग अभिरमण गर्नेछु" भनी उतनाघरिमै उनी मध्यदेशतिर लागे। राजगृहमाथि उनीहरू दुबै भेट भएपछि परस्पर आएका कारणहरू सम्बन्धी कुरा गर्दै हेमवतले यसो भन्छन्—

"म उत्पन्न भएदेखि म बस्ने हिमाल पर्वततिर यस्तो आश्चर्यजनक फूलहरू फुलेको मैले देखेको थिइन। त्यसैले तिमीलाई पनि साथमा लिई त्यहाँ अभिरमण गरौंला भनी म आएको हुँ।"

यो सुनेर सातागिर भन्दछन्—"हे मारिष ! के तिमीलाई थाहाछ के यस्ता फूलहरू किन फुले ?" "थाहाछैन।" "मारिष ! यो प्रातिहार्य न केवल हिमालय पर्वतमा मात्र देखिएको हो। यो त सारा दशसहस्र लोकधातुमा देखिएको छ। सम्यक्सम्बुद्ध लोकमा उत्पन्न हुनुभएको छ। आज वहाँले धर्मचक्र प्रवर्तन गर्नुभएको छ। यसै कारणले यस्तो भएको हो[1]।

यिनीहरूको यो भेटघाट र कुराकानी कुररघरकी काळी उपासिकाको राजगृहको माइतीघर माथि भएको थियो भन्ने कुरा मनो. र. पू. I. पृ. १३४: सोणकुटिकण्ण, एककनिपातवण्णनाबाट प्रष्ट-

१. सुत्त. नि. अ. क. I. पृ. २६०–६१: हेमवतसुत्तवण्णना, उरगवग्गो।

सँग बुझिन्छ[१] । यो दिन चाहिं आषाढ पूर्णिमाको दिन थियो । आषाढ पूर्णिमाको दिनमा राजगृहमा ठूलो उत्सव हुन्थ्यो[२] ।

त्यसैले अगाडि अनुदित सूत्रको पहिलो गाथामा "अज्ज पन्नरसो उपोसथो..." भनी उल्लेख भएको हो ।

जब सातागिरले हेमवतलाई भगवान्कहाँ लैजान उपरोक्त गाथा सुनाए तब हेमवतले "यो संसारमा सर्वज्ञ बुद्ध भनेको अति दुर्लभ छ । सर्वज्ञ बुद्ध भनाउँदा पूरण काश्यप आदिहरूले लोकमा उपद्रव मच्चाइरहेका छन्[३] । यदि वहाँ भगवान् बुद्ध हुनुहुन्छ भने वहाँमा अवश्य पनि अकम्प्य गुण हुनुपर्छ" भन्ने सोची सातागिरसँग सोध्दै अगाडि अनुदित सूत्रमा दोश्रो गाथा भनेका हुन् । आफ्नो मनको शंका निवारण गर्नको निमित्त जेजति प्रश्नहरू हेमवतले सोधे तिनका सबै उत्तर सातागिरले दिए । ती सबै अगाडि अनुदित मूल सूत्रमा उल्लेख भएका छन् ।

सातागिरको कुरा सुनेपछि हेमवतको चित्तबुझ्यो र बुद्धको प्रशंसा गर्दै बुद्धकहाँ जाने विचार प्रकट गरी "वहाँ मुनिलाई हेर्न जाऔं" भनी उनले अगाडि अनुदित मूल सूत्रमा पन्ध्रौं गाथा भनेका हुन् ।

---

१. यस सम्बन्धमा बढी कुरा बुझ्न लेखकको बु. म. भा–१, पृ. ३७२ मा कुररघरकी काली उपासिकाको परिचय हेर्नु बेश हुनेछ ।

२. हेर्नु लेखकको बु. म. भा–१, पृ. ३७५ मा ।

३. सुत्त. नि. अ. क. I. पृ. १९३ः हेमवतसुत्तवण्णना, उरगवग्गो ।

त्यसपछि उनीहरू दुबै सेनापतिहरू एकहजार यक्ष परिवारहरूका साथ अर्धरातको समयमा ऋषिपतनमा गई धर्मचक्र प्रवर्तन गर्दै बसिरहनु भएका भगवान्को आसननिर गई भगवान्लाई वन्दना गरी[१] वहांको स्तुती गरी प्रश्न सोध्नको निमित्त वहांको वचन मार्गे—

"अक्खातारं पवत्तारं, सब्बधम्मान पारगुं ।
बुद्धं वेरभयातीतं, मयं पुच्छाम गोतमं ॥"

भनी भनेका हुन् ।

भगवान्ले वचन दिनुभएपछि हेमवतले अनेक प्रश्नहरू सोधे । भगवान्ले पनि उत्तर दिनुभयो । भगवान्को उत्तर सुनेपछि उनीहरू दुबै सेनापतिहरू एकहजार यक्षहरूसँगै स्रोतापत्ति फलमा प्रतिष्ठित भए[२] ।

---

१. "......मज्झिमयाम समये इसिपतनं पत्वा, धम्मचक्कपवत्तित पल्लङ्केनेव निसिन्नं भगवन्तं उपसङ्कम्म वन्दित्वा, इमाय गाथाय भगवन्तं अभित्थवित्वा ओकासमकारयिसु..." सुत्त. नि. अ. क. I. पृ. २७२: हेमवतसुत्तवण्णना, उरगवग्गो ।

२. "देसना परियोसाने द्वेपि यक्ख सेनापतयो सोतापत्तिफले पतिट्ठहिसु सद्धि यक्खसहस्सेन" भनी सुत्त. नि. अ. क. I. पृ. २७७: हेमवत-सुत्तवण्णनाले उल्लेख गरेको छ ।

अं. नि. अ. क. I. पृ. १३५: सोणकुटिकण्ण, एकक-निपातवण्णनाले चाहि "...हेमवतो सहायकस्स धम्मदेसनानुसारेन

त्यसपछि सबै परिषद् सहित आपना साथीसँगै भगवान्लाई अभिवादन गरी सातागिर र हेमवत यक्षहरू आ-आपना बस्ने ठाउँमा गए भनी सुत्त. नि. अ. क. I. पृ. २७९ ले उल्लेख गरेको छ ।

यी दुइ यक्षहरूको बस्ने ठाउँ फरक फरक भएता पनि कुनै खास ठाउँमा जानपर्दा यिनीहरू एकैसाथ जाने गरेको कुरा हामी पाउँछौं ।

एक समय यिनीहरू दुबैजना देवसभामा गइरहेको कुरा उदा. पा. पृ. ६७ को अजकलाप सूत्रमा र अर्को समय यी दुबै यक्षहरू एकैसाथ देवसभामा गइरहेको कुरा सं. नि. I. पृ. २१५ र सुत्त. नि. पा. पृ. २९५: आलवक सूत्रमा पाउँछौं[१] ।

दी. नि. II. पृ. १९१: महासमय सूत्रमा चाहिं हेमवत छहजार यक्षहरूका साथ र सातागिर चाहिं तीनहजार यक्षहरूका साथ कपिलवस्तुमा भएको देवसमागममा उपस्थित भएको कुरा हामी

ञाणं पेसेत्वा सोतापत्तिफले पतिट्ठहि" भनी उल्लेख गरेको छ । अर्थात् काली उपासिकाको घरमाथि दुबै यक्षहरूका बीच कुरा भइरहेको बेलामा सातागिरले सुनाएको कुरा अनुसार मन पठाई हेमवत यक्ष स्रोतापन्न भएका थिए । यी दुइ यक्षहरूका बीच भइरहेको कुरा सुनी कुररघरकी काली उपासिकाले पनि स्रोतापत्ति-फल प्राप्त गरेकी थिइन् भनी उहीं उल्लेख भएको छ ।

१. यी अजकलाप र आलवक यक्षहरूको कुरा लेखकको बु. ब्र. भा–१, पृ. १ र १६ मा उल्लेख भएका छन् ।

पाउँछौं। दी. नि. III. पृ. १५७: आटानाटिय सूत्रमा चाहिं बाधा हटाउनको निमित्त यी यक्षहरूलाई पनि आह्वान गर्नुपर्छ भनी उल्लेख भएको छ। सुत्त. नि. अ. क. I. पृ. २७७ ले हेमवत यक्ष स्वभावतः धर्मगुरु हुन् भनी उल्लेख गरेको छ।

× × ×

मूल सूत्र—

बुद्ध सम्बन्धी प्रश्नोत्तर

(हेमवतसुत्त[१])

(सातागिर यक्ष हेमवत यक्षलाई भन्दछन्—)

"अज्ज पन्नरसो उपोसथो, दिब्बारत्ति उपट्ठिता ।
अनोमनामं सत्थारं, हन्द पस्साम गोतमं ।।"

१–"आज पञ्चदशी[२] उपोसथ दिन हो, दिव्यमय रात उपस्थित भएको छ, हन्द ! अनोम नाम भएका गौतम शास्तालाई (हामी) हेर्नंजाओं ।"

---

१. सुत्त. नि. पृ. २६२: उरगवग्गो, अ. क. I. पृ. २५५.

२. शुक्लपक्ष वा कृष्णपक्षको प्रतिपदादेखि दिनगन्ती गर्दा पन्ध्रौं दिनलाई 'पञ्चदशी' भनिएको हो । किन्तु यहाँ यस सूत्रमा चाहिं आषाढ पूर्णिमाको दिनलाई पञ्चदशी भनिएको हो । सुत्त. नि. अ. क. I. पृ. २६१: हेमवतसुत्तवण्णना ।

(हेमवत यक्ष भन्दछन्—)

२–"के वहाँको चित्त समाधिष्ठ छ ? के वहाँको चित्त सबै प्राणीहरूप्रति समान छ ? के इष्ठ-अनिष्ठ सबै ठाउँमा वहाँको संकल्प वशीभूत छ ?"

(सातागिर यक्ष भन्दछन्—)

३–"वहाँको चित्त समाधिष्ठ छ, सबै प्राणीहरू प्रति वहाँको चित्त समान (तटस्थ) छ, इष्ठानिष्ठ सबै ठाउँहरूमा वहाँको संकल्प (=इच्छा) पनि वशीभूत छ।"

(हेमवत यक्ष भन्दछन्—)

४–"के वहाँले अदिन्नादान (=नदिएको) ग्रहण गर्नुहुन्न ? के वहाँले प्राणीहरू प्रति दयाराख्नु हुन्छ ? के वहाँ प्रमादबाट दूर हुनुहुन्छ ? के वहाँले ध्यान छाड्नुहुन्न ?"

(सातागिर यक्ष भन्दछन्—)

५–"वहाँ बुद्धले अदिन्नादान ग्रहण गर्नुहुन्न, प्राणीहरू प्रति दया राख्नुहुन्छ, प्रमादबाट पनि दूर रहनुहुन्छ तथा वहाँले ध्यान पनि छाड्नुहुन्न।"

(हेमवत यक्ष भन्दछन्—)

६–"के वहाँले झूटो बोल्नु हुन्न ? के वहाँको हिंसाजनक वाचा (=परुषवाचा) क्षीण भइसकेको छ ? के वहाँले पैशून्यवाचा (=छुल्याहा) बोल्नु हुन्न ? के वहाँले प्रलाप (=निरर्थक कुरा) गर्नुहुन्न ?"

(सातागिर यक्ष भन्दछन्—)

७–"वहाँले झूटो बोल्नु हुन्न, हिंसाजनक वाचा पनि वहाँको क्षीण भइसकेको छ, वहाँले पैशून्यवाचा पनि बोल्नु हुन्न, वहाँले केवल ज्ञानयुक्त सार्थक कुरा मात्र गर्नुहुन्छ ।"

(हेमवत यक्ष भन्दछन्—)

८–"के वहाँ कामविषयबाट निर्लिप्त हुनुहुन्छ ? के वहाँ अक्रोधी हुनुहुन्छ ? के वहाँ मोहबाट उत्तीर्ण हुनुहुन्छ ? के वहाँ धर्मको विषयमा चक्षुमान् (=सबै विषयलाई देख्नसक्ने) हुनुहुन्छ ?"

(सातागिर यक्ष भन्दछन्—)

९–"वहाँ कामविषयबाट निर्लिप्त हुनुहुन्छ, वहाँको चित्तमा क्रोध पनि छैन, सबै प्रकारको मोहबाट वहाँ उत्तीर्ण हुनुहुन्छ तथा वहाँ बुद्ध भगवान् सबै धर्मविषयमा चक्षुमान् पनि हुनुहुन्छ ।"

(हेमवत यक्ष भन्दछन्—)

१०–"के वहाँ विद्याले सम्पन्न हुनुहुन्छ ? के वहाँको आचरण विशुद्ध छ ? के वहाँको आस्रवहरू[1] (=वासनाहरू) क्षीण छन् ? के वहाँको पुनर्भव पनि छैन ?"

(सातागिर यक्ष भन्दछन—)

११–"वहाँ विद्याले सम्पन्न हुनुहुन्छ, वहाँको आचरण पनि विशुद्ध छ, वहाँका सबै आस्रवहरू पनि क्षीण भइसकेका छन्, वहाँको पुनर्भव (=पुनर्जन्म) पनि छैन ।

१२–"मुनिको चित्त सुसम्पन्न छ अर्थात् वहाँको चित्त उत्तम-स्थानमा पुगिसकेको छ, वहाँका कर्म र वचन पनि सुसम्पन्न छन्, विद्याचरणले[2] सम्पन्न हुनुभएका वहाँलाई धर्मतापूर्वक (सबैले) प्रशंसा गर्छन् ।

---

१. आस्रवहरू चार छन्—(१) कामास्रव, (२) भवास्रव, (३) दृष्टिआस्रव तथा (४) अविद्यास्रव । विभं. पा. पृ. ४४८: चतुक्कमातिकनिद्देसे, खुद्दकविभङ्गो ।

२. रूपावचर चार ध्यान र अरूपावचर चार ध्यान गरी आठ ध्यान-हरूमा सुसम्पन्न हुनेलाई 'विद्याचरण सम्पन्न' भनिन्छन् । सुमं. वि. I. पृ. २६४–६५: अम्बट्ठसुत्तवण्णना ।

विशेष कुराको निमित्त लेखकको बु. आ. भा–१, पृ. ३०१ को

१३–"मुनिको चित्त सम्पन्न छ, वहाँका कर्म र वचन परिशुद्ध छन्, अतः विद्याचरणले सुसम्पन्न हुनुभएका वहाँलाई धर्मतापूर्वक अनुमोदन गर।

१४–"मुनिको चित्त सुसम्पन्न छ, वहाँका कर्म र वचन परिशुद्ध छन्, अतः विद्याचरणले सुसम्पन्न हुनुभएका वहाँ गौतमलाई हेर्नजाऔं।

(हेमवत यक्ष भन्दछन्—)

१५–"एणीमृगको जस्तै कम्मर हुनुभएका वीर, आहारमा लोलुपता नभएका अल्पाहारी तथा वनमा बसी ध्यान गर्ने मुनिलाई हेर्नजाऔं।

१६–"सिंह जस्तै एक्लै विचरण गर्ने, कामविषयमा अभिलाषा नगर्ने नागपुरुष (=उत्तमपुरुष) कहाँ गई मृत्युबाट मोचन हुने विषयका कुराहरू सोधौं।"

(दुवै यक्षहरू बुद्धकहाँ गई भन्दछन्—)

"अक्खातारं पवत्तारं, सब्बधम्मान पारगुं।
बुद्धं वेरभयातीतं, मयं पुच्छाम गोतमं॥"

'विद्या र आचरण' शीर्षक अन्तरगतका कुराहरू र पृ. २५६ को 'आर्यशीलस्कन्ध' अन्तरगतका कुराहरूदेखि लिएर पृ. २८० सम्म हेर्नु योग्य छ।

१७–"धर्म बताउने, धर्मको प्रवचन गर्ने, सबै धर्महरूमा पारंगत हुनुभएका तथा वैर र भयरहित हुनुभएका हे बुद्ध ! हामी तपाईं गौतमसँग सोध्दछौं ।"

(हेमवत यक्ष भन्दछन्—)

"किस्मिं लोको समुप्पन्नो, किस्मिं कुब्बति सन्थवं ।
किस्स लोको उपादाय, किस्मिं लोको विहञ्ञति ।।"

१८–"केबाट लोक उत्पन्न हुन्छ अर्थात् के उत्पन्न भएमा लोक उत्पन्न हुन्छ ? केमा संसर्ग हुन्छ ? कुन उपादान (=हेतु) द्वारा लोक हुन्छ ? केमा लोक पीडित हुन्छ ?"

(भगवान् बुद्ध भन्नुहुन्छ—)

"छसु लोको समुप्पन्नो, छसु कुब्बति सन्थवं ।
छन्नमेव उपादाय, छसु लोको विहञ्ञति ।।"

१९–"छ कारणद्वारा[1] लोक उत्पन्न हुन्छ, छ कारणद्वारा संसर्ग हुन्छ, छवै कारणको उपादानद्वारा लोक हुन्छ र छवै कारणहरूमा लोक पीडित हुन्छ ।"

---

१. भित्री-बाहिरी चक्षु; श्रोत, घ्राण, जिह्वा, काय तथा मनलाई छकारण भनिएको हो । सुत्त. नि. अ. क. पृ. १५७: हेमवतसुत्त-वण्णना ।

(हेमवत यक्ष भन्दछन्—)

"कतमं तं उपादानं, यत्थ लोको विहञ्ञति ।
निय्यानं पुच्छितो ब्रूहि, कथं दुक्खा पमुच्चति ।।"

२०—"त्यो कुन उपादान[1] हो जहाँ लोक पीडित हुन्छ ? त्यसको उपाय (=दुःखबाट मुक्त हुने मार्ग) बताउनुहोस्, कसरी दुःखबाट विमुक्त हुन सकिन्छ ?"

(भगवान् बुद्ध भन्नुहुन्छ—)

"पञ्च कामगुणा लोके, मनोछट्ठा पवेदिता ।
यत्थ छन्दं विराजेत्वा, एवं दुक्खा पमुच्चति ।।
एतं लोकस्स निय्यानं, अक्खातं वो यथातथं ।
एवं वो अहमक्खामि, एवं दुक्खा पमुच्चति ।।"

२१—"पञ्चकामविषय भएको लोकमा छैटौं मनायतन हुन्छ भनी प्रकाश गरिसकेको छ, यसबाट छन्द (=इच्छा) हटाएपछि दुःखबाट विमुक्त हुन सकिन्छ ।

---

१. यहाँ 'उपादान' शब्दले दुःख सत्यलाई र दुःख समुदय सत्यलाई लक्षित गरेको छ । सुत्त. नि. अ. क. I. पृ. २७५: हेमवतसुत्त-वण्णना ।

२२–"लोकबाट विमुक्ति हुने मार्ग यही नै हो, जो तिमीलाई जस्ताको तस्तै बताएको छु—यही कुरा म तिमीलाई बताउंछु। जसले दुःखबाट मुक्त पनि हुन्छ।"

(हेमवत यक्ष भन्दछन्—)

"को सूध तरति ओघं, कोध तरति अण्णवं।
अप्पतिट्ठे अनालम्बे, को गम्भीरे न सीदति॥"

२३–"संसाररूपी बाढी[1] (=ओघ) बाट को तर्न सक्छ? संसाररूपी गम्भीर सागरबाट को तर्न सक्छ? प्रतिष्ठा नभएको तथा आलम्बन नभएको यस संसाररूपी गम्भीरतामा को डुब्दैन?"

(भगवान् बुद्ध भन्नुहुन्छ—)

"सब्बदा सीलसम्पन्नो, पञ्ञवा सुसमाहितो।
अज्झत्तचिन्ती सतिमा, ओघं तरति दुत्तरं॥

"विरतो कामसञ्ञाय, सब्बसंयोजनातिगो।
नन्दीभवपरिक्खीणो, सो गम्भीरे न सीदति॥"

१. बाढी वा ओघ केलाई भनिएको हो भन्ने सम्बन्धमा लेखकको बु. प. भा–१, पृ. ३९१ मा हेर्नू।

२४–"सधैं शीलसम्पन्न हुने, प्रज्ञावान् तथा सुसमाहित हुने, अध्यात्मिकचिन्तन[1] गर्ने तथा स्मृतिमान् हुने (पुरुष) दुस्तर बाढीबाट पनि तर्न सक्छ ।

२५–"जो कामसंज्ञा (=कामसंकल्प=कामचेतना) बाट विरत छ, जो सबै संयोजनहरू[2]बाट दूर छ, जसको भवतृष्णा क्षीण भइसकेको छ—सो पुरुष संसाररूपी गम्भीर सागरमा डुब्दैन ।"

(सहायक यक्ष र अरू साथी यक्षहरूलाई हेमवत भन्दछन्—)

२६–"गम्भीर प्रज्ञा हुने[3], निपुण-अर्थदर्शी, अकिञ्चन तथा कामलोकमा आसक्त नहुने, सर्वप्रकारबाट मुक्त हुनुभएका, दिव्यपथमा जानुभएका—वहाँ महर्षीलाई हेर ।

२७–"अनोम नाम हुनुभएका, निपुण-अर्थदर्शी, प्रज्ञा प्रदान गर्ने, कामालयमा आसक्त नहुने, सर्वदर्शी, सुमेध तथा आर्यपथमा जानुभएका—वहाँ महर्षीलाई हेर ।

---

१. यहाँ 'आध्यात्मिक चिन्तन' भन्नाले विशेष प्रज्ञालाई भनिएको हो । सुत्त. नि. अ. क. I. पृ. २७८: हेमवतसुत्तवण्णना ।

२. संयोजन भनेका के के हुन् भन्ने विषयमा लेखकको बु. श्रा. च. भा–१, पृ. ३६४ को पादटिप्पणीमा हेर्नु ।

३. गम्भीर प्रज्ञा भन्नाले कुनचाहिं प्रज्ञालाई भनिएको हो भन्ने विषयमा लेखकको बु. श्रा. च. भा–१, पृ. १६९ को पादटिप्पणीमा हेर्नु ।

२८–"ग्राज हामीहरूले मङ्गलमय दृश्य देख्यौं, सुप्रभात रात्री उदय भयो जो कि हामीहरूले ग्रोघतीर्ण तथा ग्रनास्रवी हुनुभएका—वहाँ सम्बुद्धलाई देख्यौं[१]।

२९–"यी ऋद्धिवान् तथा एकहजार यशस्वी यक्षहरू सबै तपाईंको शरणमा पर्छन्; तपाईं नै हामीहरूको ग्रनुत्तर शास्ता हुनुहुन्छ[२]।

३०–"सम्बुद्ध र वहाँका सुदेशित धर्मलाई नमस्कार गर्दै सो हामीहरू (ग्राजदेखि) गाउँ गाउँमा र पर्वत पर्वतमा विचरण गर्नेछौं[३]।"

---

१. "सुदिट्ठं वत नो ग्रज्ज, सुप्पभातं सुहुट्ठितं।
यं ग्रद्दसाम सम्बुद्धं, ग्रोघतिण्णमनासवं॥"
सुत्त. नि. पा. पृ. २९४: हेमवतसुत्तं।

२. "इमे दससता यक्खा, इद्धिमन्तो यसस्सिनो।
सब्बे तं सरणं यन्ति, त्वं नो सत्था ग्रनुत्तरो॥"
सुत्त. नि. पा. पृ. २९५: हेमवतसुत्तं।

३. "ते मयं विचरिस्साम, गामा गामं नगा नगं।
नमस्समाना सम्बुद्धं, धम्मस्स च सुधम्मतं'ति॥"
सुत्त. नि. पा. पृ. २९५: हेमवतसुत्तं।

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित

"बुद्धकालीन ब्रह्मादिदेव"

भाग–३, संग्रह २८

समाप्त

नामावली

क, ख, ग, घ

च, ज

त, थ

सि, सी

सु, सू

से, सो, सौ, सं

शब्दावली

ए, ओ, औ

छ

ज, झ

ञ, ट, ठ, ड, ढ

य

शा

गाथा-सूची

२५. बुद्धकालीन परिव्राजकहरु भाग-१ ...रु. १६/-
२६. बुद्धकालीन श्रावक चरित भाग-१ (अप्राप्य)...रु. ९/-
२७. बुद्धकालीन श्रावक चरित भाग-२ ...रु. १७/-
२८. बुद्धकालीन श्रावक चरित भाग-३ .. रु. २०/-
२९. बुद्धकालीन श्रावक चरित भाग-४ ...रु. १४/-
३०. बुद्धकालीन श्रावक चरित भाग-५ ...रु. १४/-
३१. बुद्धकालीन श्राविका चरित भाग-१ ...रु. २२/-
३२. बुद्धकालीन ब्रह्मादिदेव भाग-१ ...रु. १८/-
३३. बुद्धकालीन ब्रह्मादिदेव भाग-२ ...रु. १८/-
३४. बुद्धकालीन ब्रह्मादिदेव भाग-३ .. रु. १४/-
३५. बुद्धकालीन प्रेतकथा (अप्राप्य) ...रु. १०/-
३६. बुद्धकालीन विमानकथा (अप्राप्य) ...रु. १२/-
३७. जापान भ्रमणको डायरी ...रु ४/-
३८. विषय सूची ...रु. ५/-
३९. नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास... (अप्राप्य)
४०. संक्षिप्त कथा सहित धम्मपद भाग-१ ...रु. ९/-
४१. A Short History of Theravada Buddhism in Nepal... (out of print)
४२. Buddhist Activities in Socialist Countries (out of print)
४३. Kings of Buddha's Time ...रु. १९/-
४४. बोधि राजकुमार ...रु. ४/-
४५. महासीहनादसुत्तं...
४६. त्रिरत्न वन्दना र पाठपसूत्र ...रु. ४/-

पुस्तक पाइने ठाउँ—

१. आनन्दकुटी विहार, स्वयम्भू, काठमाडौं, नेपाल ।

लेखकका पुस्तकहरू —

१.	संक्षिप्त बुद्धजीवनी (चतुर्थसंस्करण)		...रू. ७/-
२.	धम्मपद (तृतीयावृत्ति)		...रू. १/५०
३.	गृही-विनय (द्वितीयावृत्ति)		
४.	अग्रश्रावक (अप्राप्य)		
५.	कसको कुरा सत्य हो ?		
६.	बुद्धशासनको इतिहास भाग-१ (अप्राप्य)		...रू. ४/-
७.	पटाचारा स्थविरा		
८.	अम्बसक्कर प्रेतकथा		
९.	सुतनु जातक		
१०.	बुद्धकालीन ब्राह्मण	भाग-१ (अप्राप्य)	...रू. ७/-
११	बुद्धकालीन ब्राह्मण	भाग-२	...रू. १५/-
१२.	बुद्धकालीन ब्राह्मण	भाग-३	...रू १७/-
१३.	बुद्धकालीन गृहस्थीहरू	भाग-१ (अप्राप्य)	...रू. ८/-
१४.	बुद्धकालीन गृहस्थीहरू	भाग-२	...रू. १५/-
१५.	बुद्धकालीन गृहस्थीहरू	भाग-३	...रू. १५/-
१६.	बुद्धकालीन महिलाहरू	भाग-१ (अप्राप्य)	...रू. ८/-
१७.	बुद्धकालीन महिलाहरू	भाग-२	...रू. १४/-
१८.	जातक संग्रह	भाग-१	...रू. १०/-
१९.	जातक संग्रह	भाग-२	...रू ८/-
२०.	जातक संग्रह	भाग-३	...रू. १३/-
२१.	जातक संग्रह	भाग-४	...रू. १२/-
२२.	बुद्धकालीन राजपरिवार	भाग-१	...रू. १०/-
२३.	बुद्धकालीन राजपरिवार	भाग-२	...रू. १६/-
२४.	बुद्धकालीन राजपरिवार	भाग-३	...रू. १८/-

(बाँकी भित्र)